# अध्याय-एक

# परिचय

## १.१ पृष्ठभूमि

हाम्रो देश नेपाल विकासको गतिमा जति नै अघि बढे पनि नेपाल पितृसत्तात्मक समाजबाट ग्रसित पाइन्छ । विश्वको कुल जनसंख्याको आधा जनसंख्या महिलाको छ । कुनै पनि समाज वा राष्ट्रको विकासमा त्यस देशका जनताको भूमिका महत्वपूर्ण हुन्छ । कुशल र योग्य जनताको पूर्ण सहभागीता बिना देशको विकास असम्भव हुन्छ । कुनै पनि समाज राष्ट्रको विकासका क्रियाकलापमा महिला र पुरुषको समान सहभागी हुने कुराहरुमा जोड दिइएको छ । तर पनि महिलालाई विकासको क्रियाकलापमा सैद्धान्तिक रुपमा मात्रै सहभागी गराईए पनि व्यवहारीक रुपमा विकासका प्रक्रियामा उचित र शिघ्र रुपमा अगाडि बढन सकेको छैन । तसर्थ घर परिवार देखि लिएर सामाजि, आर्थिक, साँस्कृति, तथा राजनैतिक जस्ता हरेक क्षेत्रमा महिलाहरुको समान सहभागी गराई उचित मूल्यङ्कन गराएको खण्डमा नै सहि रुप मा समाज र देशको विकास हुने कुरालाई नर्कान सकिदैन ।

यहाँ महिलाको भन्दा पुरुषको हैसियत सामाजिक–सांस्कृतिक, आर्थिक, राजनैतिक, धार्मिक, वैचारिक क्षेत्रमा उच्च रहेको पाइन्छ । यहाँ महिलाहरुको स्थान दोस्रो दर्जाको रुपमा रहेको पाइन्छ । नेपालको आधा आकाश र आधा धर्ती ओगटेका महिलाहरु विरूद्ध विभिन्न किसिमका हिंसाहरू भएको पाइन्छ । यी हिंसाहरूले महिलाको अवस्था निकै जर्जर, दुःखप्रद एवम् पीडादायी अवस्थामा गुज्रिरहेको पाइन्छ ।

नेपालको जुनसुकै ठाउँलाई नियाल्दा पनि अधिकांश हिंसा पुरूषबाट महिलामाथि हुने गरेको पाइन्छ । महिला विरूद्ध हुने हिंसाहरूका विभिन्न स्वरूपहरू भएपनि महिलाहरू घरयासी एवम् बाह्य हिंसाबाट पीडित छन् । सामान्यतया कुट्नु, पिट्नु मात्रै महिला हिंसा होइनन्, अरूको इज्जतमाथि धक्का पुऱ्याउनु, अभद्र र निन्दनीय व्यवहार गर्नु पनि हिंसा हुन् । तथापि महिला विरूद्ध हुने हिंसा जुनसुकै प्रकारका भए पनि सामान्यतया पुरूषबाट महिलामाथि र

महिलाबाट महिलामाथि नै रहेको हुन्छन् । कतिपय ठाउँमा यस्ता हिंसाहरू निर्दयिताको रूपमा देखिन्छन् भने कतिपय ठाउँमा शोषण, दमन र नियन्त्रणका नयाँ र जटिल अभ्यासभित्र लुकेर अदृश्य रूपमा रहेको हुन्छन् र त्यस्ता हिंसाहरू अचानक कुनै समयमा देखा पर्न आउँछन् । विभिन्न पत्रपत्रिका, रेडियो, एफ.एम. टेलिभिजनबाट हामीले देख्ने गरेका छौं कि अधिकांश हिंसाको कारक तत्व भनेको पितृसत्तात्मक समाज नै हो ।

महिला विरूद्ध हुने हिंसाका बारेमा चर्चा गर्नु पर्दा यसको इतिहास लामो छ । मानव विकासको उत्पति देखि नै महिला विरूद्ध हिंसा भइरहेको पाइन्छ तर प्रारम्भिक युगमा भने हालै जस्तो अमानवीय, निन्दनीय, क्रूर र घटिया व्यवहारहरू पुरूषबाट भएको पाइँदैन । जब प्रारम्भिक युगबाट मानिसहरु दास युगमा प्रवेश गरे तब महिला विरूद्ध हिंसाको सुरूवात भएको हो । दास युगमा महिलाहरूलाई दासको रूपमा व्यवहार गर्न सुरूवात भयो र निजी सम्पत्तिको उदयसँगै महिलाहरूलाई पुरूषको खेलौना र भोग विलासको साधनको रूपमा पनि प्रयोग गरियो ।

महिला हिंसाको कुरा गर्दा संसारभर नै निरीह, सोझा, एक्ला र कमजोर महिलाहरू नै हिंसाको सिकार भएका पाइन्छन् । मानसिक तथा शारीरिक रुपले ठगिएका महिला तथा बालबालिका यसको पीडाबाट छटपटाइ रहेका छन् । विभिन्न अध्ययन एवम् अनुसन्धानहरुका आधारमा महिलाहरु सबैभन्दा बढी घर, परिवार, सहपाठी तथा आफ्ना नातागोता र इष्टमित्रबाटै ठगिएका छन्, बेचिएका छन् र कुनै न कुनै रुपमा हिंसा खेपिरहेका छन् । आज पनि महिलालाई एक्लै घरबाट निस्किन गाह्रो छ । किनकि आफ्ना नजिकका नातेदारहरु श्रीमान्, बाबु, दाजु, जेठाजु, देवर, ससुरा लगायतसँग विश्वास गरिहाल्ने अवस्था छैन किनकि सबैभन्दा बढी हिंसा उनीहरुबाटै भइरहेको पाइन्छ । चाहे बर्दियाकी शिवा हासमी हुन् वा बाराकी विन्दु ठाकुर हुन् वा आछामकी सुन्तली धामी नै किन नहुन् । यिनीहरु कोही जलाइएका छन् त कोही मारिएका छन् भने कोही सहकर्मी पुरुष साथीबाटै लुटिएका छन् । यिनीहरु किन स्वतन्त्र रुपले बाँच्न पाएनन् त भन्दा सजिलो उत्तर छ यिनीहरु महिला हुन् र यिनहरुले घरका पुरुषहरुले भनेको मानेनन् (महिला अधिकार : २०७३) ।

आज विज्ञान र प्रविधिको विकास सँगसँगै इमेल, इन्टरनेट र मोबाइल फोनबाट पनि महिला हिंसालाई प्रश्रय दिने काम नै भइ रहेको छ । पहिला पहिला सोरठी, रोधीघर नाच्थे,

दोहोरी खेल्थे र एकले अर्कालाई जिस्क्याउँथे भने हिजो आजका युवायुवतीहरु पार्क, क्लब, बार, रेस्टुरा, साइबर क्याफे र सिनेमा हल जाने गर्छन् र त्यहाँ एकअर्काप्रति छेडखान गर्दै जिस्किने गर्छन् । सुरुसुरुमा के के न होला भन्ने र पछि आफ्नो स्वार्थ पुरा भएपछि विश्वासघात गर्ने अनि विस्तारै त्यसलाई हिंसाको रुप दिने क्रम आजभोलि बढ्दै गएको पाइन्छ । महिला हिंसाका विभिन्न रुप भए तापनि महिला विरुद्ध हुने घरेलु हिंसा नेपाली समाजमा बढी रहेको छ । महिला विरुद्ध हुने घरेलु हिंसा मुख्य गरी तीन प्रकारका छन् । ती हुन् शारीरिक, मानसिक र यौनजन्य हिंसा । यिनै हिंसाबाट अरु हिंसा पनि जन्मेका छन् । जस्तैः गर्भवती अवस्थामा हुने हिंसा, दाम्पत्य हिंसा आदि (महिला अधिकार : २०७४) ।

घरेलु हिंसा भनेका घरपरिवारभित्र वा घरदेखि बाहिर पनि समाजभित्रकै आफूले चिनेजानेको व्यक्तिबाट वा अपरिचितबाट हुने शारीरिक, मानसिक, यौनजन्य दुर्व्यवहार, बलात्कार, वैवाहिक बलात्कार, सामूहिक बलात्कार, अनिच्छित गर्भ, अनिच्छित गर्भपतन, बहुविवाह, बालविवाह, चरित्र हत्या, कुटपिट, हत्या आदि हुन् । घरेलु हिंसा भनेको आफ्नै घरपरिवारभित्र एक पुरूषले महिलामाथि, महिलाले महिलामाथि गर्ने दुर्व्यवहार हो, जुन शारीरिक, मानसिक र यौनजन्य हुन सक्छन् वा सबै किसिमका पनि हुन सक्छन् । श्रीमान्ले श्रीमतीलाई पिट्नु, सासूले बुहारीलाई शोषण गरी दुर्व्यवहार गर्नु, बुहारीले सासूलाई शोषण गर्नु , दुर्व्यवहार गर्नु, खान लाउन नदिनु, घोचपेच गर्नु, धम्की वा डर देखाउनु, गाली गलौज गर्नु, छोराले आमालाई घरबाट निकाल्ने, आदर नगर्ने, सदभाव नराख्ने, सल्लाह नगर्ने, निर्णयमा सहभागी नगराउने भेदभाव गर्ने आदि कार्य घरेलु हिंसामा पर्दछन् (राष्ट्रिय महिला आयोग : २०७२) ।

यसरी वर्तमान समाज २१ औं शताब्दीतिर ढल्किँदा पनि महिला महिला भएकै कारणले हिंसा पीडित बनेर बस्नुपरेको अवस्था विद्यमान छ जुन कुनै एक सीमित क्षेत्र वा परिवेश मात्रको सवाल नभई पूरा विश्वको सवाल भएको छ । यसरी समाज यति परिवर्तनशील छ कि जुन कुरा हिजो थियो आज त्यो छैन र आज जुन कुरा छ त्यो भोलि हुने छैन । प्राविधिक विकासले मानव सभ्यतालाई जटिल बनाउँदै लगेको छ । तर विडम्बनाको कुरा यो छ कि हाम्रो राष्ट्र वा समाजले छोरीलाई वा महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन । हुन

त महिला विरूद्धको हिंसाका न्यायिक पक्षमा पहल भने नभएको होइन विश्वव्यापी रूपमा व्याप्त महिला उपरका हिंसा उन्मूलनका लागि संयुक्त राष्ट्रसंघले सन् १९९३ मा नै महिला विरूद्धका हिंसा उन्मूलन गर्ने घोषणा गरेको थियो । चिनको राजधानी बेइजिङको विश्व महिला सम्मेलन सन् १९९५ मा महिलासँग सरोकार राख्ने १२ बुँदे विषयहरूमध्ये 'महिला र हिंसा' तथा 'महिला र गरिबी' महत्त्वपूर्ण विषयका रूपमा रहेका थिए (आचार्य, २०७३) ।

नेपालको संविधान, २०७२ को भाग ३ मा रहेका मौलिक हक अन्तर्गत धारा ३८ को उपधारा १ देखि ६ सम्म महिला अधिकारका बारेमा ब्यख्या गरेको छ जसमा उपधारा ३ मा महिला बिरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै अपराधमा शारिरीक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भन्ने व्यवस्था रहेको छ भने यसै धाराको उपधारा ४ मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ भन्ने व्यवस्था रहेको छ । महिला सशक्तीकरणका बुलन्द आवाजहरू सदनदेखि सडकसम्म नघन्किएका भने होइनन् तर ती आवाजहरू आवाजमै मात्र र कुनै कार्यालयको दराजभित्र सीमित राखिएका छन् । यसैले यस्तो हिंसा विरूद्ध गहिरिएर सोच्नु पर्ने अवस्था आएको छ ।

संसारमा विद्यमान विभिन्न सामाजिक एवम् धार्मिक परम्पराअनुसार छोरालाई छोरीको भन्दा बढी महत्त्व दिने परिपाटी कायमै छ । हालैको २१ औँ शताव्दीमा पनि समाजमा लैङ्गिक असमानता व्याप्त छ । वंश परम्परा कायम राख्न एवम् धार्मिक मान्यताहरू संचालन गर्नका लागि समेत परिवारमा छोराको जन्म अनिवार्य मानिन्छ । नेपाली समाजमा व्याप्त अशिक्षा, रूढिवादी एवम् परम्परागत सामाजिक मूल्य मान्यताहरू जस्तैः विभिन्न प्रथाहरू, देउकी, झुमा, छाउपडी प्रथा विधवा तथा बाँझी महिलाप्रतिको दुर्व्यवहार, पैतृक सम्पत्ति माथिको असमान अधिकार, महिलालाई उपभोग्य वस्तुको श्रेणीमा राख्नु, महिलाले गर्ने घरायसी कामको सही गणना नहुनुजस्ता कुराहरू महिलाका विरूद्धमा हुँदै आएका छन् ।

समाजको पितृसत्तात्मक संरचना घरेलु हिंसाको एउटा प्रमुख कारणका रूपमा रहेको देखिन्छ । आर्थिक समस्याका साथै मादक पदार्थ सेवन घरबाहिर तथा भित्र दुवै स्थानमा हिंसा उत्पन्न गर्ने प्रमुख कारण बनेको छ । कानुनको पनि प्रभावकारी कार्यान्वयन हुन नसकेकोले

महिलाहरू विभिन्न किसिमका हिंसा सहेर बस्न बाध्य भएका छन् । महिला हिंसा ग्रामीण क्षेत्रमा भन्दा सहरी क्षेत्रमा बढी छ । मनोवैज्ञानिक हिंसा (मानसिक) काठमाडौँ उपत्यकाको सहरी क्षेत्रमा व्यापक रहेको, शारीरिक हिंसा पहाडी क्षेत्रहरूमा तथा सांस्कृतिक प्रकारका हिंसाहरू मध्य पश्चिमी तराई क्षेत्रमा व्याप्त रहेको तथ्य विभिन्न अध्ययनले देखाएका छन् । तराई र आसपासका केही जिल्लामा दाइजोसँग सम्बन्धित घटनाहरू नै महिला हिंसाका प्रमुख कारण बनेको छ । हालै ग्रामीण क्षेत्रमा बोक्सीको आरोपमा लागेका घटनाहरू चिन्ताजनक रूपले वृद्धि भएको देखिन्छ (महिला अधिकार : २०७१) । बोक्सीको आरोपमा महिलालाई मलमूत्र खुवाउने, दिसा खुवाउने र अन्य विभिन्न किसिमका चरम यातना दिएका उदाहरणहरू पटक पटक प्रकाशमा आएका छन् । यसरी हेर्दा महिला हिंसाको अवस्था नेपाली समाजमा झन् डरलाग्दो रुपमा फैलिइ गइरहेको देखिन्छ ।

## १.२ समस्याको कथन

विश्वभरिका महिलाहरूबिच हुने विभिन्न हिंसा तथा भेदभावहरू कसरी निर्मूल गर्न सकिन्छ भन्ने सम्बन्धमा विभिन्न समयमा विश्व महिला सम्मेलनहरू भइरहेका छन् । तर पनि यो समस्या कुनै एउटा देशमा र राष्ट्रमा मात्र सीमित नरही विश्वभरि नै मुख्य समस्याको रूपमा देखापरेको छ । महिला विरूद्धको हिंसा मानव विरूद्धको हिंसा हो । यस्तो हिंसाको विरोध गरौँ, दण्डहीनताको अन्त गरौँ भनेर आवाज उठाउन थालेको धेरै समय भइसकेको छ । नेपालमा विभिन्न धार्मिक संस्कार र परम्पराहरू नै महिला विरूद्धको हिंसाका प्रतिरूप हुन् । जस्तै : बोक्सीको आरोप लगाउने र बिरामी पर्दा डाक्टर नलगी धामी झाँक्रीमाथि बढी विश्वास राख्दा धामी झाँक्रीले महिलालाई शोषण गर्ने, महिलालाई नै दोष लगाउने र सबै त्यस महिलामाथि खनिएर पिट्ने कुट्ने गर्न थाल्दछन् । बोक्सीको आरोपमा विभिन्न स्थानमा महिलाहरूमाथि अमानविय कार्य हुने गरेका र हत्या समेत हुने गरेका प्रसस्त उदाहरणहरू हाम्रै समाजमा देख्न सकिन्छ ।

त्यस्तै देउकी प्रथा (मन्दिरमा आफ्ना इच्छापूर्तिका लागि कन्या चढाउने परम्परा) अनुसार देउकीले विवाह गर्न पाउँदिनन् र उनले मन्दिरमै जीवन बिताउनु पर्दछ । यस्तै छाउपडी प्रथा सुदूर पश्चिमका केही जिल्लामा पाइन्छ । महिलाहरू सुत्केरी र रजस्वला हुँदा

घरभित्र राखेमा कुलदेवता रिसाउँछन् भन्ने मान्यताका कारण हालसम्म सो प्रथाको अन्त्य हुन नसकेको हो । महिनावारी वा गर्भावस्थाको समयमा अँध्यारो कोठा वा गाई गोठमा राख्ने, अरूले नहेर्ने र नछुने चलन नेपाली समाजमा रहेको पाइन्छ । यहाँको परम्परागत मान्यता, अन्धविश्वास र रीतिरिवाजका कारण महिलाहरू सुत्केरी हुँदा ९–१० दिन र रजस्वला हुँदा पाँच दिनसम्म गोठमा बस्नुपर्ने प्रचलन विद्यमान छ । त्यस अवधिमा गोठमा बसेका महिलालाई छोएमा सुनपानीले शुद्ध गरेर नुहाएपछि मात्र घरभित्र पस्ने चलन छ । सुदूरपश्चिमका पहाडी जिल्ला दार्चुला, डडेलधुरा, डोटी, अछाम, बझाङ र बाजुराका अधिकांश ठाउँमा यो परम्परा व्यापक पाइन्छ । यस्ता संस्कारले गर्दा महिलाहरु हिंसा सहेर बस्न बाध्य भएका छन् (थापा २०७६)।

नेपाली समाजमा महिलाहरु माथि हुने गरेका हिंसाका स्वरूपहरू उमेर र अवस्था अनुसार फरक फरक पाइन्छन् । पुरूषले महिलाहरूलाई खेलौना, गरगहना, वस्तुभाउ वा सरसामानको रूपमा लिने, महिलाहरूलाई भोग विलास र उपभोग्य साधनको रुपमा प्रयोग गर्ने जस्ता विभिन्न हिंसा गरेको पाइन्छ । महिलामाथि हुने मुख्य हिंसा भनेको प्रथमतः भ्रुण हत्या हो । बालिका यस धर्तीमा जन्मनु भन्दा पहिले नै गर्भ पहिचान गरी हत्या गरिन्छ । किशोरावस्थामा महिलामाथि हुने गरेका हिंसाको रूपमा बलात्कार, बेचबिखन, महिलाको मन्जुरी विना विवाह गरिदिने, अनमेल विवाह गरिदिने तथा शिक्षा, स्वास्थ्य, खानपान लगायत घरायसी काममा समेत महिलाप्रति भेदभावपूर्ण व्यवहार गर्ने आदि मुख्य पर्दछन् । युवावस्थामा विवाह पश्चात गरिने हिंसा जस्तो वैवाहिक बलात्कार, दाइजोका कारण हुने हिंसा, घरेलु हिंसा आदि हुन् भने गर्भावस्थामा भ्रुण हत्या गरिने, गर्भवती महिलाले पाउनु पर्ने उचित स्याहार संहार नपाउने, पोषिलो खानाको कमी, बढी समय काममा खट्नुपर्ने आदि शारीरिक, मानसिक यातनामा पर्दछन् । प्रौढावस्थामा उचित स्याहार तथा औषधि उपचारको अभाव, बच्चाको पालन पोषण नपाउने आदि हिंसा हुने गर्दछन् । यस्ता विभिन्न खालका महिलामाथि हुने गरेका घरेलु हिंसा शिक्षित परिवारमा भन्दा ग्रामीण तथा अशिक्षित परिवारमा बढी मात्रामा भएको पाइन्छ । महिलामाथि हुने घरेलु हिंसाका कारक तत्वहरूमध्ये पितृसत्तात्मक सामाजिक शक्ति संरचना, शक्ति नियन्त्रण, आर्थिक नियन्त्रण, आर्थिक स्रोत र साधन परिचालनमा पहुँचको कमी, रोजगारी र सिपमूलक तालिमको अभाव, शिक्षामा कमी, निर्णायक पदमा पुग्न नसक्नु, राजनीतिक नीति

निर्माण तहमा पहुँच नहुनु, प्रजनन अधिकारमा नियन्त्रण नहुनु, पुरातनवादी सामाजिक मूल्य र मान्यता, महिलालाई वस्तुको रूपमा ठान्नु आदिलाई मुख्य रहेको छ ।

घरेलु हिंसालाई आजको समाजको एक जटिल प्रकृतिको प्रमुख सामाजिक समस्याको रुपमा लिइन्छ । घरेलु हिंसाका प्रभाव र असरहरु विभिन्न खालका हुन्छन् । घरपरिवार विशेषतः घरेलु सम्बन्ध भएका व्यक्तिबिच यो हिंसा विद्यमान रहन्छ । घरेलु हिंसाभित्र सक्नेले नसक्नेलाई, मुर्खले सज्जनलाई र बलियोले कमजोरलाई यातना र पीडा दिन्छन् । यस प्रकारको हिंसामा प्रमुख रुपमा महिला र बालबालिकाहरु निशाना बनेर हिंसा सहन बाध्य हुन्छन् । यस्तो हिंसाबाट पीडित व्यक्तिले शारीरिक, मानसिक, यौनजन्य, आर्थिक, सामाजिक, मनोवैज्ञानिक आदि यातना सहनु पर्ने देखिन्छ । घरेलु हिंसालाई नियन्त्रण नगरेमा यसको प्रकृति र परिणाम संख्यात्मक र गुणात्मक रुपले बढ्दै जाने र यसबाट गम्भिर परिणाम उत्पन्न हुने सम्भावना रहेको छ । यसले पीडित व्यक्तिको व्यक्तित्व विकास लगायत हरेक क्षेत्रमा गम्भिर नकारात्मक असर परिरहेको छ । घरेलु हिंसाले पारिवारिक सद्भाव र एकतामा असर पार्नुका साथै परिवारका अन्य सदस्यहरुलाई समेत असर पार्दछ । यसको प्रभाव समाज र राष्ट्रमा गम्भिर रुपमा परिरहेको हुन्छ । यसले पारिवारिक बिखण्डन ल्याउँदछ अन्ततः यसले सामाजिक द्वन्द् र राष्ट्रिय क्रान्ति उत्पन्न गराई अन्तर्राष्ट्रिय भाइचारा र सदभावमा खलल पुर्‍याउँछ । घरेलु हिंसा परिवार हुँदै सामाजिक रोगको रुपमा विस्तारित हुँदै जाने भएकाले यसलाई सामजिक कलंकको रुपमा लिइन्छ । यस प्रकारको हिंसाले मानव सभ्यता र विकासमा समेत ठुलो धक्का लाग्दछ । यसले अन्य आपराधिक प्रकृतिका सामाजिक र राष्ट्रिय स्वरुपमा गम्भिर नकारकात्मक असर पार्दछ (महिला अधिकार, २०७३) ।

पूर्वकाल देखि महिलामाथि हुँदै आएका हिंसाहरु आज २१ औँ शताब्दीमा आइसक्दा पनि विद्मान रहिरहेको सत्य एकातिर छ भने यो भन्दा अर्को चिन्ताको विषय हो महिलामाथि हुने हिंसाका स्वरूपहरू विकसित, सुनियोजित तथा वैज्ञानिक ढङ्गबाट वृद्धि भइरहेका छन् । बेलाबेलामा गरेको अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, विद्मान कानुनमा भएका संशोधन, केही नयाँ कानुनहरूको निर्माण वा सर्वोच्च अदालतबाट बेलाबेलामा हुने गरेको प्रगतिशील फैसलाहरूबाट पनि महिला वर्गका माग तथा समाजको आवश्यकतालाई समेट्ने प्रयास गरेको पाइन्छ । तर

एकजना व्यक्तिमात्र संवेदनशील वा प्रगतिशील भएर यो देशमा कुनै परिवर्तन हुन सक्दैन यसको लागि सम्पूर्ण व्यवस्थाको सोच, कार्यशैली, संरचना, योजना, नीति तथा कार्यान्वयनमा नै क्रान्तिकारी परिवर्तन आउनु जरूरी छ । त्यसका लागि सर्वप्रथम चाँडोभन्दा चाँडो महिला हिंसा विरूद्धमा विशेष कानुन बन्नुपर्दछ । कानुन बनेर मात्रै हुँदैन । त्यसको कार्यान्वयन गर्ने निकाय र पक्ष दुवै त्यत्तिकै सशक्त हुनुपर्दछ । त्यसका लागि घरपरिवार, सिङ्गो समाज र राज्यले महिलालाई समानताको व्यवहार गर्नु पर्दछ । जबसम्म यी कुराहरूमा समाज, व्यक्ति, नीति तथा कानुन परिवर्तन हुँदैनन् तबसम्म देशमा महिला उपर हुने हिंसाका कारक तत्त्वहरूमा आमूल परिवर्तन हुन सक्दैनन् जसले गर्दा हिंसामुक्त समाजको कल्पना गर्न सकिँदैन । वास्तवमा महिला हिंसा एक समस्याको रूपमा संसारभरि नै रहेको पाइएको छ । यसैले शारीरिक यातनालाई मात्र हिंसा नमानी मानसिक, धार्मिक तथा कानुनी रूपमा गएका यातनालाई पनि हिंसाकै रुपमा राखेर अध्ययन गरिनुपर्दछ । त्यसै कारणले प्रस्तुत अनुसन्धानमा छनोटमा परेका क्षेत्रका महिलाहरुमाथि हुने विभिन्न किसिमका हिंसाहरुको चर्चा गर्ने प्रयास गरिएको छ । प्रस्तुत शोधलाई मूलतः महिलाहरुको सामाजिक, आर्थिक स्थिति तथा हिंसाको सम्बन्ध कस्तो रहेको छ ? महिलाहरूमाथि कस्ता किसिमका घरेलु हिंसा हुने गर्दछन् ? तथा महिलाहरूले भोगिरहेका हिंसाका कारण र तिनका प्रभावहरू के के हुन् ? आदि प्रश्नहरुमा केन्द्रित गरी अघि बढाइएको छ ।

## १.३ अनुसन्धानको उद्देश्य

कुनै पनि कार्यको थालनी गर्नुपूर्व त्यस विषयसँग सम्बन्धित उद्देश्यहरू तोकिनु पर्दछ । कुनै पनि उद्देश्य विना व्यक्ति गन्तव्यमा पुग्न सक्दैन । उद्देश्य विनाको कार्य गर्नु भनेको एउटा गन्तव्य विहिन यात्रीको स्थिति जस्तै हो । यसकारण कुनै पनि कार्यलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि केही उद्देश्यहरू निर्धारण गर्नुपर्ने हुन्छ । यस अनुसन्धानको मूल उद्देश्य महिलाप्रति हुने गरेको घरेलु हिंसा र सो को कारणहरूको अध्ययन गर्नु रहेको छ । प्रस्तुत अनुसन्धानका उद्देश्यलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

१. महिलाहरुको सामाजिक, आर्थिक स्थिति र हिंसाको अवस्थाको बारेमा अध्ययन गर्नु,

२. महिलाहरूमाथि हुने घरेलु हिंसाका प्रकारको पहिचान गर्नु,

३. महिलाहरूमा हुने हिंसाका कारण र प्रभावहरु पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य

पितृसत्तात्मक मूल्य मान्यता एवम् सामाजिक संरचनाले गर्दा महिलाहरु अघि बढ्न सकेका छैनन् । वर्तमान समाज विगतको तुलनामा निकै पृथक एवम् परिष्कृत भइसकेको सन्दर्भमा पनि दुःखको कुरा यो छ कि महिलालाई हेरिने सामाजिक दृष्टिकोणमा भने परिवर्तन आउन सकेको छैन । त्यसपछि पनि धर्म र संस्कार उनीहरूको पक्षमा छैन । तर आधा भाग ओगटेका महिला वर्गको उत्थान विना विकास सम्भव छैन । त्यसैले पनि महिला वर्गलाई शिक्षित एवम् जागरूक बनाउनु अति आवश्यक भइसकेको अवस्थामा पनि उनीहरूप्रति गरिने हिंसात्मक व्यवहारका कारण उनीहरूको सामाजिक अवस्थामा परिवर्तन हुन नसकेको देखिन्छ । हाम्रो समाजले महिलाहरुलाई मानसिक एवम् शारीरिक रूपमा कमजोर मान्दछ । यिनै सन्दर्भमा यस अध्ययनबाट घरेलु हिंसाको बारेमा सैद्धान्तिक ज्ञान प्राप्त हुने छ साथै यसका कारण, असर, प्रभाव र निराकरणका उपायबारे जानकारी प्राप्त गर्न सकिने छ । अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक, सांस्कृतिक, आर्थिक र शैक्षिक पक्षको स्थिति थाहा पाउनुका साथै महिलाहरू कसरी घरेलु हिंसाबाट पीडित छन् भन्ने कुरा थाहा पाउन सकिन्छ । यो अध्ययनबाट महिलाहरू सम्बन्धी अध्ययन अनुसन्धानमा चासो राख्ने स्वदेशी, विदेशी अनुसन्धान कर्ताहरूलाई सहयोग पुग्ने छ भने यस अध्ययनबाट महिलाहरूलाई लक्षित गरेर बनाइने कार्यक्रमहरू सञ्चालनको योजना निर्माण कार्यमा सहयोग हुने छ । यस अध्ययनबाट घरेलु हिंसा, पीडित महिलाहरूको बारेमा बुझ्न चाहने व्यक्ति, संस्था, योजनाकर्ता आदिलाई सहयोग पुग्ने छ । यस अध्ययनबाट घरेलु हिंसा पीडित महिलाहरूको शारीरिक तथा मानसिक यातना के कस्तो छ भन्ने जानकारी प्राप्त हुने छ र घरेलु हिंसा कम गर्न प्रभावकारी कानुन निर्माण गर्न र त्यसको प्रयोग गर्न सहयोग पुग्ने छ ।

## १.५ अध्ययनको संगठन

प्रस्तुत अध्ययनलाई ५ अध्यायमा संगठन गरिएको छ । अध्याय १ मा परिचय खण्ड रहेको छ । यस अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्या कथन, अध्ययनका उद्देश्य, अनुसन्धान

प्रश्नहरु, अध्ययनको महत्त्व,  अध्ययनका सीमाहरु र अध्ययनको संगठन आदि विशय समेटिएको छ । अध्याय २ मा सन्दर्भ साहित्यको समीक्षा गरिएको छ । यस अध्यायमा सैद्धान्तिक समीक्षा, अनुभवजन्य समीक्षा, नीतिगत समीक्षा र अवधारणात्मक ढाँचाको चर्चा गरिएको छ । अध्याय ३ मा अध्ययन पद्धति राखिएको छ । यस अध्यायमा अनुसन्धान ढाँचा, अनुसन्धान क्षेत्रको छनोट र यसको औचित्य, तथ्यहरुको स्रोत तथा प्रकृति, समग्रता र नमुना, तथ्यांक संकलन विधि, तथ्यांकको व्याख्या र विश्लेषण प्रक्रिया, तथ्यांकको विश्वसनीयता र वैधता तथा नैतिक आचरण सम्बन्धी विषयहरुलाई प्रकाश पारिएको छ । अध्याय ४ मा अनुसन्धान क्षेत्रको परिचय प्रस्तुत गरिएको छ भने अध्याय ५ मा तथ्यांकको प्रस्तुति र विश्लेषण गरिएको छ । यस अध्यायमा तथ्यांकको प्रस्तुतिकरण गरी तिनलाई विभिन्न आधारमा व्याख्या र विश्लेषण गरी थप स्पष्ट पारिएको छ । अध्याय ६ मा सारांश र निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

अध्याय-दुई

# सन्दर्भ साहित्यको पुनरावलोकन

सन्दर्भ साहित्यको पुनरावलोकन अन्तर्गत घरेलु हिंसा सम्बन्धी सैद्धन्तिक समीक्षा, अनुभवजन्य अध्ययन प्रतिवेदनहरुको समीक्षा, नीतिगत समीक्षा तथा अवधारणात्मक ढाँचालाई प्रस्तुत गरिएको छ ।

## २.१ सैद्धान्तिक दृष्टिकोण

सन्दर्भ साहित्यको पुनरावलोकन अन्तर्गत पनि घरेलु हिंसा सम्बन्धी सैद्धान्तिक समीक्षा, अनुभवजन्य अध्ययन प्रतिवेदनहरुको समीक्षा र नीतिगत समीक्षालाई निम्नानुसार अलग अलग रुपमा चर्चा गरिएको छ ।

### २.१.१ सैद्धान्तिक समीक्षा

कुनै पनि व्यक्तिलाई दिइने यातना, पीडा, दुःख र अमानवीय व्यवहार, जुन शारीरिक वा मानसिक दुबै किसिमको हुन्छ त्यसलाई नै हिंसा भनिन्छ । मानिसमा रहेका अन्धविश्वास, सामाजिक लिङ्गभेद आदिका कारण हिंसाले प्रोत्साहन पाउँदछ । यस्ता प्रकारका हिंसा घरभित्र वा बाहिर दुबै ठाउँमा हुन्छ । परम्परागत दृष्टिकोणबाट हेर्दा केवल बलात्कार र यौन दुर्व्यवहारलाई महिला विरूद्ध हुने हिंसाको रूपमा लिइन्छ तर हिंसाभित्र धेरै कुराहरू पर्दछन् । जस्तैः बालविवाह, बहुविवाह, जवरजस्ती विवाह, जवरजस्ती करणी, चेलिवेटी बेचबिखन, गर्भपतन, अनमेल विवाह, दाइजो प्रथा, छाउपडी प्रथा आदि यी सबै महिला विरूद्ध हिंसाका कारक तत्वहरू हुन् ।

बेइजिङ सम्मेलनको घोषणा अनुसार सामाजिक लिङ्ग भेदको आधारमा गरिने सम्पूर्ण कार्यहरू जसबाट महिलालाई शारीरिक/यौनिक वा मानसिक रूपमा आघात पुग्छ वा डर, धाक, धन्की प्रयोग गरी महिलाको स्वतन्त्रता हनन गरिन्छ भने वा व्यक्तिगत वा सामाजिक जीवनमा त्यसो गरिन्छ भने त्यो महिला विरूद्धको हिंसा हो (अर्याल, २०७३) ।

विश्व स्वास्थ्य संगठनका अनुसार Domestic violence includes physical acts of violence within the family including sexual coercion by the husband, physical threats, psychological abuse and controlling actions such as enforcing physical isolation and/or controlling access to information and services (WHO, 1997). यस परिभाषा अनुसार घरेलु हिंसा भन्नाले परिवारभित्र श्रीमान्ले गर्ने दुर्व्यवहार, शारीरिक यातना, मानसिक दुर्व्यवहार, भौतिक दबाब, सूचनाको नियन्त्रण तथा सेवा सुविधाबाट वञ्चित गर्ने काम आदि बुझिन्छ ।

यु. एनले सन् १९९३ मा महिला विरुद्ध हुने हिंसाको अभिसन्धि पारित गरेको छ । यसले घरेलु हिंसालाई चिनाउँदै भनेको छ कि परिवारभित्र हुने हिंसालाई नै घरेलु हिंसा भनिन्छ । (Violence occurring within the family, which is referred as domestic violence). यसैको घोषणापत्रको धारा २ ले हिंसा हुने ठाउँका आधारमा हिंसालाई परिवारभित्रको हिंसा, समाजमा हुने हिंसा र राज्यद्वारा हुने हिंसा भनी वर्गीकरण गरेको छ ।

घरेलु हिंसाका बारमा कोफी अन्नाले भनेका छन् "Violence against women is perhaps the most shamefull human rights violation. It knows no boundaries of geography, culture or wealth. We can not claim making a real progress towards equality, development and peace" (कोफी अन्नान, संयुक्त राष्ट्रसंघको महिला वर्ष, सन् २०००) । अन्नानका अनुसार महिला विरुद्धको हिंसा मानव अधिकारको लाजमर्दो उलंघन हो । यस्तो हिंसाले भौगोलिक, सांस्कृतिक र सीमा पार गरेको हुन्छ । जसले समानता, विकास र शान्तिको आशा गर्न दिँदैन ।

मूलतः महिलामा पर्न जाने व्यक्तिगत असरका आधारमा घरेलु हिंसालाई विभिन्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ (महिला अधिकार, २०७३) । मानसिक रुपमा पुऱ्याउने असर जस्तै : डर, धाक देखाउनु, धम्की दिनु, त्राशपूर्ण व्यवहार गर्नु, गाली गलौज गर्नु, झुठा आरोप लगाउनु, बेइज्जत गर्नु, भेदभाव गर्नु आदि मनोवैज्ञानिक/मानसिक हिंसा हुन् । शारीरिक रुपमा पुऱ्याउने असर जस्तै : कुटपिट गर्नु, शारीरिक रुपमा चोट पुऱ्याउनु, थुन्नु, खानलाउन नदिनु, घरबाट निकाला गर्नु आदि शारीरिक हिंसा हुन् । महिलाको मञ्जुरी विना यौनजन्य हिसाबले

गरिने व्यवहार जस्तै : शारीरिक र मानसिक मौखिक दुर्व्यवहार गर्नु, यौन शोषण गर्नु आदि यौनजन्य हिंसा हुन् । त्यस्तैगरी आर्थिक साधन स्रोतको पहुँच र नियन्त्रणबाट वञ्चित गर्नु जस्तै : घरको साधन स्रोत उपयोग गर्न नदिनु, सम्पत्ति खोस्नु वा दुरुपयोग गर्नु, रोजगारी गर्न नदिनु, आय आर्जन गर्नबाट वञ्चित गर्नु आदि आर्थिक हिंसा हुन् । त्यसैगरी सामाजिक सांस्कृतिक कारणले हुने यातनाहरुमा देउकी प्रथा, छाउपडी प्रथा, कमलरी, बोक्सी आदि रहेका छन् ।

हिंसा गर्ने व्यक्ति वा संस्थाका आधारमा पनि हिंसालाई वर्गीकरण गर्न सकिन्छ । परिवारबाट महिलामाथि हुने हिंसामा हत्या, कुटपिट, झगडा, भ्रुणहत्या, खाना कम दिने, पौष्टिक आहारमा कमी, प्रजनन अधिकारमा नियन्त्रण, यौन दुर्व्यवहार, बलात्कार, जबरजस्ती विवाह, धम्की असमान व्यवहार, मानसिक अशान्ति, डरत्रास, इच्छा विपरित गर्नुपर्ने कार्य, इच्छा विपरित मान्नुपर्ने परम्परा आदि पर्दछन् । समाजबाट हुने हिंसामा सांस्कृतिक र परम्परागत रुपमा गरिने भेदभाव, धार्मिक असमानता, शारीरिक यातना, प्रजनन् नियन्त्रण, छोराको चाहना, सती प्रथा, दास प्रथा, बेचबिखन, ज्याला, मजदुरी, व्यापारीकरण, सञ्चारका साधनबाट हुने हिंसा आदि पर्दछन् भने राष्ट्रबाट हुने हिंसामा राजनैतिक कार्यक्रममा कम मात्र सहभागी हुन दिने, समुदायमा अगाडि बढ्न नदिने, कानुनमा भेदभाव गर्ने, अनैतिक गर्भधारणको दोष जस्तै : चिनमा एउटा मात्र बच्चाको नीति हुनु, नागरिकताबाट वञ्चित गरिनु, मतदानको अधिकार नदिनु आदि पर्दछन् ।

समाजशास्त्रको महिलावादी अध्ययनका लागि विभिन्न सिद्धान्तहरु प्रतिपादन भएका छन् । जसमध्ये समसामयिक महिलावादी सिद्धान्त अन्तर्गत जैविकीय व्याख्या, संस्थागत व्याख्या र सामाजिक मनोवैज्ञानिक व्याख्या रहेका छन् । लैङ्गिक असमानता अवधारणा अन्तर्गत उदार महिलावाद र मार्क्सवादी महिलावाद रहेका छन् । लैङ्गिक दमन उपागममा मनोविश्लेषक महिलावाद, आमूल महिलावाद र समाजवादी महिलावाद तथा महिलावादी तेस्रो धार अन्तर्गत काला महिलावाद, महिलावादी साम्राज्यवाद र तेस्रो विश्वकेन्द्रित महिलावाद रहेका छन् ( आचार्य, २०७५) । अर्कातिर घरेलु हिंसाको विश्लेषण गर्नका लागि व्यक्तिगत, अन्तर व्यक्तिगत र एकीकृत सिद्धान्तहरु पनि प्रतिपादन भएका छन् । जसमध्ये केहीलाई तल चर्चा गर्ने प्रयास गरिएको छ :

पुरुष र महिलाको भूमिकाका सम्बन्धमा व्याख्या गर्नका लागि संस्थागत सिद्धान्तको प्रतिपादन भएको छ । यस सिद्धान्तका अनुसार समाजमा रहेको श्रम विभाजन, सामाजिक सम्बन्ध र महिला तथा पुरुषमा रहेको शारीरिक भिन्नताका कारण हिंसा मौलाइरहेको छ । समाजमा महिलालाई भन्दा पुरुषलाई बढी महत्त्व दिने सामाजिक संरचनाका कारण नै हिंसा फैलिरहेको छ भन्ने धारणा यसको रहेको छ । यस सम्बन्धमा रिटजर (२०१२) भन्छन् – Institutionally marriage empowers the role of husband with authority and with freedom, indeed the obligation to move beyond the domestic setting it meshes the ideas of male authority with sexual power and it mandates that wives be compliant dependent self emptying and essentially centered on the activations and chores of the isolated domestic husband. उनका अनुसार संस्थागत रुपमा विवाहले पुरुषलाई असीमित अधिकार दिएको छ । जसमा पुरुष निरङ्कुशता, लैङ्गिक उच्चता, पुरुषत्व आदि पर्दछन् ।

संस्थागत सिद्धान्तका पक्षपोषकहरुमा बर्नाड, लियोनार्ड एलिन, जोन्सन, थम्सन र वाल्कर, स्मित, रिटजर आदि रहेका छन् । यसै सन्दर्भमा स्मिथ (२०१५) ले आदर्शहरु संस्थागत संरचना, कामको अवधारणा र हिंसाबिच सम्बन्ध रहेको देखाउँदै भनेका छन् संस्थागत प्रक्रियाको सम्बन्ध आदर्श रुपमा मात्र कायम छ । आदर्शको धारणा र वर्गीकरण सहभागीहरुको सम्बन्ध, अवस्था, तिनीहरुको काम आदिमा भर पर्दछ । The coordination of institutional processes is medeated ideologically. The categories and concepts of ideology express the relation of members' actual practices-their work- to the institutional function. Ethnomethodology has developed the notion of accountability to identify members' methods accomplishing the orderliness and sense of local processes. Members themselves and for themselves constitute the obervability and reportability of what has happened or is going on, in how they take it up as a matter for anyone to find and recognize.

सामाजिक मनोवैज्ञानिक व्याख्याले सामाजिक व्यवस्थाभित्र विकास भएको मनोवैज्ञानिक पक्ष र तिनको संस्थागत विकासक्रमका परिणाम स्वरुप विकास भएको लैङ्गिक विभेदका पक्षहरुमाथि प्रकाश पार्दै समाज नै मनोवैज्ञानिक तत्त्वको कारक तत्त्वका रुपमा रहेको र त्यसबाट लैङ्गिक विभेदको विकास भएको निष्कर्ष निकालेको छ । यसले सामाजिक व्यवहार र घटनाक्रमहरु मनोवैज्ञानिक रुपमा नै विभेदयुक्त भएको हुन भन्ने ठान्दछ । यही विभेदको पुरुषकेन्द्रित संस्कृतिका कारण समाजमा स्तरीकरणको सिर्जना भएको कुरा यस व्याख्याले स्पष्ट पारेको छ । समाजमा विकास भएका अनुभव, अवधारणा, मान्यता, भाषा र संस्कृतिहरु आदि सबै पूर्वाग्रही भएकै कारण महिलाहरु घरेलु हिंसाको सिकार भएका छन् भन्ने यस धारणाको मान्यता हो । यस सम्बन्धमा सेलिन सनी (2015) भन्छिन् – सामाजिक मनोवैज्ञानिक प्रक्रियाका आधारमा के तर्क गर्न सकिन्छ भने हिंसात्मक व्यवहारलाई सावधानीपूर्वक दिइएको परीक्षासँग तुलना गर्न सकिन्छ । जसमा वाह्य वातावरणीय तत्त्वहरुले वैयक्तिक व्यवहार वा तनावपूर्ण अवस्था वा परिवारको अन्तरवैयक्तिक ढाँचाको निर्माण गर्ने गर्दछन् (The socio-psychological model on the other hand argues that violent behaviour can be understood by careful examination of the external environental factors that have an impact on the behaviour of individual leading to stressful situation or family inter-actional patterns).

महिलामाथि हुने दमनको अध्ययन गर्नका लागि लैङ्गिक दमनको उपागम प्रतिपादन भएको छ । यसमा मनोविश्लेषण महिलावाद मुख्य पर्दछ । यसका प्रणेताहरुले आफ्नो विचारलाई पुष्टि गर्नका लागि सिग्मन्ड फ्रायडको मनोविश्लेषण सिद्धान्तलाई आधार बनाएको पाइन्छ । यसले पनि पुरुषको तुलनामा महिलाको अवस्था कमजोर देखाउँदै यसको मूल कारण पुरुषमा रहेको मनोभाव, सोच र कुण्ठालाई मुख्य मानेको छ । यसलाई थप प्रस्ट पार्दै सनी (२००५) भन्छिन् – यो सिद्धान्त मूलतः मष्तिष्कको संरचना, मानसिक असन्तुलन, बौद्धिक असक्षमता, हर्मोन तत्त्व लगायत वंशाणुगत गुणको अध्ययनमा केन्द्रित रहन्छ । साथै मानसिक विरामीपन र अन्य अन्तरवैयक्तिक विशेषताहरु जस्तै : मदिरा सेवन, औषधीको दुरुपयोग आदिबाट उत्पन्न हुने हिंसात्मक व्यवहारमा लक्षित रहन्छ । (These theories provide pathological explanation for violent behaviour focusing on brain structures chemical

imblances, dietary deficiencies, hormonal factors a well as evolutionary theories and genetic characteristics to explain violent behaviours. This model thus links mental illnesses and other intra individual phenomena such as alcoholism and drug use to violent behaviour...).

मार्क्सवादी महिलावादको उत्पत्ति र विकासमा कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सको महत्त्वपूर्ण योगदान रहेको छ । उनीहरुका अनुसार महिलामाथिको विभेदको मुख्य कारण आर्थिक पक्षको असमान वितरण नै हो । वर्गीय आधारमा समाजको व्याख्या र विश्लेषण गर्न सकिएमात्र महिलामाथिको दमन, विभेद र असमानतालाई हटाउन सकिन्छ भन्ने यस सिद्धान्तको मान्यता हो । प्रत्येक वर्गमा महिलाहरु शोषित र कम शक्तिशाली छन् । पूँजीवादी समाजमा छोराको महत्त्व तथा पितृसत्तात्मक परिवारमा पैतृक सम्पत्तिको हस्तान्तरणले लैङ्गिक विभेद सिर्जना गरेको छ । कम ज्याला, कम सामाजिक इज्जत, स्वतन्त्रताको अभाव तथा जीवनका अवसरहरुमा कम पहुँच रहनाले लैङ्गिक रुपमा महिलाहरु विभेदित बनेको निष्कर्ष यस सिद्धान्तको रहेको छ । (आचार्य : २०७४) ।

लैङ्गिक सम्बन्धको विश्लेषण गर्नका लागि पनि थुप्रै महिलावादी सिद्धान्तहरु प्रतिपादन भएका छन् । यस्ता सिद्धान्तहरुमा लिङ्गका आधारमा समाजमा कसरी विभेदको अवस्था सिर्जना भइरहेको छ भन्ने कुरा चर्चा गरिएको पाइन्छ । लैङ्गिक विभेदको मूल कारकका रुपमा यी सिद्धान्तहरुले पुरुष दमनलाई मानेका छन् । जसलाई समाजका विद्यमान कानुन, संस्कृति, आर्थिक व्यवस्था, सामाजिक संरचना आदिले बल पुऱ्याइरहेका हुन्छन् । यस सन्दर्भमा सेलिन सनी (२००५) भन्छिन् – Feminist analysis of violence has been based on power relations between men and women that deny women equal access to power and resources thus making them more vulnerable to violence from men. The cause of this violence can be traced to patriarchy - the ideology that bestows on men power and authority over all aspects of women's lives including her bodies...

महिलावादी अध्ययनका सन्दर्भमा काला महिलावादी व्याख्या पनि धेरै चर्चित रहेको छ । जसले रङ वा जातका आधारमा काला महिलाहरु मूलतः अफ्रिकन र अमेरिकन महिलाहरुमाथि के कस्ता विभेदहरु भइरहेका छन् भन्ने बारेमा चर्चा गरेको छ । यी देशका महिलाहरुले भोग्नु परेको हिंसा र यौन शोषणको अवस्थालाई प्रस्तुत गर्दै यस व्याख्याले ती महिलाहरुको पहिचान, अधिकार र विकासलाई जोड दिएको छ । The group or community level of the cultural context created by race, class and gender is vital to Collins's conceptualization of black feminist thought, which, like all specialized thought, reflect the interests and standpoint of its creators. Collins locates black feminist thought in the unique literary ttraditions forged by black women such as bell hooks. Audre Lorde. And Alice Walker, as well as in the everyday experience of ordinary black women. In addition, black feminist thought is rooted in black women's intellectual tradition nurtured by black women's community.

यस सन्दर्भमा कोलिन्स (2017) भन्छिन् — When white men control the knowledge validation process, both political criteria (contextual credibility and evaluation of knowledge claims) can work to suppress Black feminist thought. Therefore, Black women are more likely to choose an alternative epistemology for assessing knowledge claims, one using different standards that are constent with Black women's criteria for substatiated knowledge and with our criteria for methodology adequacy...

घरेलु हिंसा सम्बन्धी छुट्टै अध्ययनका सम्बन्धमा पनि विभिन्न सिद्धान्तहरु प्रतिपादन भएका छन् । जस अन्तर्गत मेरी बार्निस (२०१४) ले वैयक्तिक, अन्तरवैयक्तिक र एकीकृत सिद्धान्तहरुको चर्चा गरेका छन् ।

यसरी घरेलु हिंसा सम्बन्धी अध्ययनका लागि थुप्रै सिद्धान्तहरुको प्रतिपादन भएको पाइन्छ । जसमध्ये यस अध्ययनलाई सामाजिक मनोवैज्ञानिक व्याख्या र मार्क्सवादी

महिलावादका आधारमा हेर्ने प्रयास गरिएको छ । जस अनुसार सामाजिक मनोवैज्ञानिक व्याख्या अन्तर्गत समाजमा विकास भएका संस्कार, मूल्य मान्यता, पुरुष मनोवृत्ति तथा परम्परागत सोचका कारण महिलामाथि के कस्ता हिंसा भइरहेका छन् र ती हिंसासँग आर्थिक पक्ष ( धनसम्पत्ति माथिको स्वामित्व, आय आर्जन, पुर्ख्यौली पेसा) को सम्बन्ध कसरी गाँसिएको छ भनेर केलाउने प्रयास गरिएको छ ।

### २.१.२ **अनुभवजन्य समीक्षा**

अनुभवजन्य समीक्षा अन्तर्गत घरेलु हिंसा सम्बन्धी भएका विभिन्न खोज, अध्ययन अनुसन्धान तथा पत्रपत्रिकारहरुमा छापिएका तथ्यहरुको सार संक्षेप प्रस्तुत गरिएको छ ।

वरिष्ठ समाजशास्त्री लिन बेनेट (१९८३) ले काठमाडौँदेखि नजिकै रहेको नारीकोट गाउँका उच्च हिन्दू महिला र पुरूषको नियन्त्रणमा रहनुपर्ने, प्रत्येक सामाजिक संस्कारमा पुरूषको अनिवार्य र महत्त्वपूर्ण भूमिका रहने तथा महिलालाई विभिन्न तहमा अशुद्ध तथा जुठो देखाउने, हिन्दू प्रवृत्ति र मान्यताको प्रभाव रहिरहने जस्ता अवस्थाले महिलाको स्थिति माथि उठ्न नसकेको देखाएकी छिन् । उक्त अध्ययनमा पितृप्रधान समाज भएकोले सामुदायिक तथा उत्पादनशील कार्यमा महिलाको संलग्नता अत्यन्तै न्यून रहेको देखाइएको छ । खासगरी त्यो समाजमा विवाहित र अविवाहित महिलाबीच रहेको असमानता वा एउटा महिलाको विवाहअघि र विवाह पछिको दुई वटा भूमिका निर्धारण हुन्छ भन्ने कुरालाई लिन वेनेटले उल्लेख गरेकी छन् । विवाह अघि एउटा महिलालाई पवित्र वस्तुको रूपमा हेरिन्छ भने विवाहपछि महिला यौन क्रियामा संलग्न हुने र बच्चाहरू पैदा गर्ने भएका कारण दूषित (अपवित्र) हुने बताइएको छ । यस प्रकारको भूमिकाले महिलाको विकास उन्नति र समानतामा बाधा थोपरेको छ । नारीकोट मूल रूपमा बाहुन, क्षेत्रीहरू रहेको गाउँ हो जहाँ हिन्दुवादको प्रभाव छ ।

नारीकोट गाउँमा महिलालाई दोश्रो दर्जामा राखेको र छोरा नभए पुण्य नमिल्ने, वंश परम्पराको लागि छोरा अनिवार्य चाहिने, छोरालाई जीवन पुण्यको प्रतीकको रूपमा लिने र महिलालाई दोश्रो दर्जामा राखेको पाइएको छ । यसरी लिन बेनेटका अनुसार महिलाहरू रजस्वला भएको अवस्था, सुतक रहेको अवस्था, जातअनुसार विवाहवारी र खानपानको नियम र

अधीनमा नरहेको अवस्था, अविवाहित तथा जनैधारण नगरेको पुरूष व्यक्ति आदिलाई अशुद्धताको प्रतीकको रूपमा हेरिन्छ भने पुण्यकर्म, पूजा, जात र धर्म अनुसारका आचरणको प्रयोग, जप, ध्यान, गौवस्तु, वरपिपल, लिपपोत आदिलाई शुद्धताको प्रतीकको रूपमा हेरिएको पाइएको छ । यसरी लेखिकाले महिला र पुरूषबीच रहेको फरकपन र उच्च ब्राह्मण र क्षेत्री जातका महिलाको स्थिति दोस्रो दर्जामा रहनुका साथै विवाहित र अविवाहित महिलाको अवस्थालाई स्पष्ट उल्लेख गरेकी छन् (लिन बेनेट, १९८३) ।

विभिन्न मानवशास्त्रीय अध्ययनलाई हेर्ने हो भने पनि तिनले महिलाको अवस्था पुरुष सरह हुन नसकेको औंल्याएका छन् । On the Edge of Auspicious, Gender and Caste in Nepal नामको पुस्तकमा मेरी केमरुनले सुदूर पश्चिममा अवस्थित बझाङ जिल्लाको भलरा गाउँको अध्ययन गरेकी छिन् । जहाँ ४० प्रतिशत उपल्ला र ६० प्रतिशत तल्ला जातका मानिसहरु रहेको देखाइएको छ । यी सबै मानिसले बझाङी भाषा बोल्ने र हिन्दु धर्म मान्ने गरेको अध्ययनले देखाएको छ । जनजातीय अध्ययन विधिलाई अपनाइ गरिएको यस अध्ययनमा जातीय स्तरीकरण र लैङ्गिक सम्बन्धका विभिन्न पक्षहरुमा प्रकाश पारिएको छ । उनले आफ्नो अध्ययनमा तल्ला र माथिल्ला जातका महिलाको आर्थिक, घरायसी र सामाजिक शक्ति अभ्यासको परम्परालाई चर्चा गर्दै माथिल्ला जातका महिला पितृसत्तात्मक अभ्यासबाट बढी पीडित भएको निष्कर्ष निकालेकी छिन् (आचार्य : २०७२) ।

सुजना स्वान तथा साथीहरुद्वारा US Department of Justic मा २००५ मा बुझाइएको प्रतिवेदनमा १९९३ मा विश्वका २३ प्रतिशत महिलाहरु घरेलु हिंसा पीडित भएकोमा १९९९ मा यो संख्या बढेर ३५ प्रतिशत पुगेको देखाइएको छ ।

सेरी वि.अर्टनरले नेपालका हिमाली शेर्पाका बारेमा गरेको अध्ययनमा महिलाहरुमा हुने महिनावारीलाई अपवित्रताका रुपमा हेर्दै सामाजिक जीवन र त्यसमा संलग्न व्यवहार र प्रक्रियामा रहेको सांकेतिक अर्थका बारेमा प्रस्ट पारिएको छ । यसैगरी गोपालसिंह नेपालीले ‘नेवार’ भन्ने पुस्तकमा समग्र नेवारी सामाजिक सांस्कृतिक व्यवस्थाको चर्चा गर्दै गुठी, विवाह, नाता व्यवस्था आदिमा समाजमा पुरुषहरुको भूमिका बढी रहेको उल्लेख गरेका छन् (आचार्य : २०७४) ।

सेलिन सनी (२००५) द्वारा भारतको केरलामा १५४० जना महिलामाथि गरिएको अध्ययनमा ८१.६ प्रतिशत महिलाहरु शारीरिक हिंसा र १८.४ प्रतिशत महिलाहरु मानसिक हिंसाबाट पीडित भएको निष्कर्ष निकालिएको छ । अध्ययन अनुसार २०–४० उमेर समूहका ८० प्रतिशत महिलाहरु हिंसाको सिकार बनेको पाइएको छ । जसमा ४.९ प्रतिशत शिक्षित महिलाहरु हिंसा पीडित बनेको पाइएको छ । हिंसाका मूल कारणका रुपमा ८५ प्रतिशत महिलाले रक्सी सेवनलाई मानेका छन् । कुल हिंसामध्ये ४८.७ प्रतिशत हिंसा लोग्नेबाट, १२.१ प्रतिशत हिंसा दोस्रो विवाह वा गैर कानुनी सम्बन्धबाट, १०.२ प्रतिशत हिंसा दाइजोको कारणबाट र बाँकी हिंसाहरु श्रीमतीको जागिर, मानसिक असन्तुलन, बिरामी आदि कारणबाट भएको निष्कर्ष निकालिएको छ ।

युरोपेली कमिसन (२०१६) ले युरोपका १५ देशमा गरेको अर्को एक अध्ययन अनुसार ९८ प्रतिशत युरोपली महिलाहरु घरेलु हिंसाप्रति सचेत रहेको पाइएको छ । ५ प्रतिशत युरोपली महिला मात्र हिंसाको समस्यामा परेको अध्ययनको निष्कर्ष रहेको छ । हिंसाबाट सचेत बनाउने काममा ९२ प्रतिशत महिलाले टेलिभिजन र ५९ प्रतिशतले पत्रपत्रिकाले सहयोग गरेको निष्कर्ष अध्ययनमा निकालिएको छ । अध्ययनमा सामेल महिलाहरु मध्ये ७८ प्रतिशतले घरेलु हिंसालाई समस्याका रुपमा लिएका छन् ।

क्यानेडियन भाइलेन्स एगेनेस्ट वुमन सर्भे (VAWS) बाट Rodgers ले १९९४ मा गरेको अध्ययन अनुसार छनोटमा परेका १९९६ महिला मध्ये प्रत्येक ४ जना मध्ये ३ जना हिंसामा परेको तथ्य सार्वजनिक गरिएको छ । जसमध्ये २९ प्रतिशत महिलाहरु घर परिवार र लोग्नेबाट सताइएका पाइएको छ भने बाँकी महिलाहरु समाज र राष्ट्रबाट पीडित भएको पाइएको छ । त्यस्तै अध्ययनले १८ प्रतिशत महिला शारीरिक हिंसा र अरु बाँकीले मानसिक हिंसा भोगिरहेको पाइएको छ । अध्ययनले ६५ प्रतिशत महिलाले १ भन्दा बढी पटक हिंसा भोगेको र ३५ प्रतिशत महिलाले १० पटक भन्दा बढी पटक हिंसा भोगेको तथ्य प्रकाश पारेको छ ।

नेपाल डेमोग्राफिक सर्भे, २०११ को प्रतिवेदन अनुसार नेपालमा ३५ प्रतिशत महिलाहरुले कुनै न कुनै रुपमा हिंसा भोगिरहेका पाइन्छ । हिंसा पीडित महिलाहरु मध्ये ५१

प्रतिशत अशिक्षित तथा ग्रामीण समुदायका छन् । अपाङ्गता भएका महिलाहरु र बालिकाहरु हिंसाको बढी जोखिममा रहेको तथ्यांकले देखाएको छ ।

राष्ट्रिय महिला आयोगले २०७३ मा गरेको एक अध्ययन अनुसार ५७.३५ प्रतिशत महिलाहरुलाई नेपालमा लैङ्गिक हिंसा सम्बोधन गर्ने कानुन पनि छ भन्ने बारे थाह छैन । त्यसैले उनीहरु आफूले भोगेको पीडाबारे कसैसँग छलफल नै गर्दैनन् । महिलाहरु आर्थिक पीडालाई मात्र बाहिर ल्याउन चाहन्छन् भन्ने अध्ययनको निष्कर्ष रहेको छ । दलित तथा आदिवासी समुदायका महिलाहरुमा यो प्रतिशत अझ बढी रहेको अध्ययनको निष्कर्ष छ ।

प्रेस काउन्सिल नेपालले २०७५ मा प्रकाशित गरेको वार्षिक प्रतिवेदनमा आ.व. २०७४/७५ मा घरेलु हिंसाका ८६ वटा घटनाहरु सञ्चार माध्यममा प्रकाशित भएका जनाएको छ । यसबाट नेपालमा घरेलु हिंसाका घटनाहरु बढ्दै गएको देखिन्छ ।

नेपालको कूल जनसंख्यामा रहेका महिलाहरु मध्ये ४८ प्रतिशत महिलाहरु जीवनमा कुनै न कुनै प्रकारको हिंसा भोग्न बाध्य पारिएका छन् । यी मध्ये मानसिक हिंसामा परेका महिलाको अनुपात ४०.४ प्रतिशत छ भने शारीरिक हिंसाबाट पीडित २६.८ प्रतिशत, यौनिक हिंसाबाट पीडित महिलाको संख्या १५.३ प्रतिशत र आर्थिक हिंसाको सिकार भएका महिलाको संख्या ८ प्रतिशत रहेको छ (महिला अधिकार : २०६९) । दलित, धार्मिक रुपमा अल्पसंख्यक, एकल महिला र पहाडीया महिलाहरुले हिंसाको पीडा बढी भोगिरहेका छन् । यस प्रकारका हिंसाका पीडक उनीहरुकै नजिक नाता हुनेले गरेको पाइन्छ । अतः यो अवस्थालाई सुक्ष्म तरिकाले विश्लेषण गर्दा नेपालमा महिला हिंसाको अवस्था भयावह छ भन्ने सजिलै आकलन गर्न सकिन्छ । महिला हिंसा अन्तर्गत पर्ने घरेलु हिंसामा विभेदपूर्ण व्यवहार गर्नु, अधिकार र अवसरबाट वञ्चित गर्नु, मानसिक दवाब दिनु, गाली बेइज्जती गर्नु, यौन शोषण गर्नु, जबरजस्ती करणी गर्नु, अप्राकृतिक करणी गर्नु, देह व्यापारमा सहभागी गराउनु, श्रम शोषण गर्नु, प्रजनन् अधिकारबाट वञ्चित गर्नु, अन्धविश्वास, परम्परा र प्रचलनका नाममा आरोप, वहिष्कार र कुटपिट तथा परिवारबाट निकाला गर्नु, स्वास्थ्य, शिक्षा, मनोरञ्जन र अवसरबाट वञ्चित गर्नु, आवतजावतमा प्रतिबन्ध लगाउनु, अङ्गभङ्ग गर्नु आदि प्रकृतिका हिंसालाई समावेश गर्न सकिन्छ ।

केहि वर्ष यता बलात्कारको पेशाबाट अछुतो रहेको पेशा,क्षेत्र र वर्ग नै बाँकी छैन । जन्मदिने पिता देखी शिक्षा दिने शिक्षक,आश्रय दिने दाता अभियन्ता, रक्षक सबैबाट वालवालिका असुरक्षित हुने गरेका छन् । धार्मिक, शैक्षिक स्वास्थ्य समाजिक सबै क्षेत्रमा अपराध मौलाउदै गएका छन । पैसा खर्च गर्न नसक्ने र बोल्न नसक्ने पिडितले न्याय नै नपाउने अवस्था सिर्जना भैसकेको छ । जसलाई बलात्कार पछि हत्या गरिएकी निर्मला पन्तको परिवारले न्याय नपाउनुले पुष्टी गरेको छ भने प्रहरीले देखाएको फितलो कारवाहिले समाजमा विश्वासको संकट उत्पन्न गरेको छ । भदौ १ गते देखी लागु मुलुकी अपराध संहिताको दफा २१९ को बलात्कार सम्बन्धी व्यवस्थाले बालिका करणी सम्बन्धी कसुरमा जबरजस्ती करणी पश्चात हत्या गरे आजिवन कारावास अथार्त् २५ वर्ष जेल बस्नुपर्ने व्यवस्था छ भने १० वर्ष भन्दा कम उमेरकी भए १६ वर्ष जेल वस्नु पर्ने व्यवस्था गरिएको छ ( चितवन पोस्ट, सम्पादकीय, १५ माघ २०७५) ।

चेलिबेटी कति स्वतन्त्रपुर्वक हिडडुल गरेका छन , त्यसले उक्त मुलुकको समग्र मानव अधिकार लोकतन्त्र र विधिको शासनको मापन गर्छ, अर्थात् कुनै पनि मानवले खुला रुपमा हिडडुल गर्न पाउने ग्यारेन्टी संविधान, ऐन कानुन र अन्तर्राष्ट्रिय कानुनले सुनिश्चित गर्न सक्नुपर्छ । आधुनिक युगको सबैभन्दा सुन्दर पक्ष यहि स्वतन्त्रता, यसमा पनि लोकतान्त्रिक मुलुकको सुगन्ध नै नागरिक स्वतन्त्रता हो । त्यसैले बलात्कार रहित समाज स्थापना गर्नु हामी सबै मानव जातीको दायित्व हो, यसमा हामी सबैको आ-आफ्नो ठाँउबाट सहयोग हुन जरुरी छ ( देउवा २०७५) ।

महिला पुरुष असमानतालाई लिंगीय भनेर बुझे समाजका अन्य विभेद र शोसक शाषित पनि जन्मजातै हुन भन्ने निचोडमा पुगिन्छ ( तिम्सेना, २०७५) ।

दाइजोमा कार नपाएको भन्दै श्रीमती सहित छोरी घरबाट निकालिएकी छिन् । विराटनगर १५ का चन्दन कुमार दास र उनकी आमा सितादेवीले जिमी कुमारी लाई कुटपिट गरी घर निकाला गरेका हुन । दुधे छोरी सहित घर बाट निकालिएकी कुमारी अहिले भने माईतीको शरणमा बसेकी छिन् (अन्नपुर्ण पोष्ट, २२ बैशाख २०७६) ।

राज्य वा गैर राज्यबाट गरिने लैङ्गिक भेदभाव त छदैछ त्यसमा पनि परम्परागत मुल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरु बढि पिडित बन्ने गरेका छन् । त्यसै भएर आज भोली घरेलु हिंसाका कारण होस वा बोक्सी प्रथा अथवा दाइजोको कारण हुने घटनामा पिडीत हुने महिलाको संख्यामा उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनितीक, नागरिक तथा सांस्कृतिक लगाएतका मानव अधिकारका आधारभुत अधिकारहरुबाट महिलाहरु बञ्चित  छन । महिलाको मानव अधिकारको उल्लघंनको प्रमुख बिषय महिलामाथिको हिंसा पनि एक हो । त्यसमा पनि दाइजो प्रथाको कारण महिलामाथि अत्याधिक हिंसा हुने गर्दछ । तराइमा त परम्परा र लोकलाजका कारण धेरै जसो दाइजोका नाममा हुने हिंसाका घटना त सार्वजनिक नै हुदैनन् । घटना सार्वजनिक गर्दा महिलाहरु थप मानसिक तथा शारिरीक पिडा खेप्नु पर्ने अवस्था रहेको छ । घर निकाला गर्नु, जिउदै जलाउनु वा जलाउन खोज्नु जस्ता पिडित महिलाको नियती बन्ने गरेको छ । सन् २०१७ को सुरुको ३ महिनामा सप्तरी जिल्लामा ३ महिलाको हत्या भयो जसमा २ जना दाइजोको कारणले भएको थियो (पोखेल, २०७५)।

ओरेक नेपालले सन् २०१८ जनवरी देखि मार्चसम्म गरेको एक अध्ययनमा प्रदेश नं. २ मा ८० भन्दा बढि महिला हिंसाका घटना अभिलेख गरिएको थियो । महिला हिंसाका घटना हिमाल र पहाडको तुलनामा तराईमा बढि भएका छन् । उमेरगतका आधारमा हेर्दा ३ वर्ष देखि ६५ वर्ष सम्मका महिलाहरु माथि हिंसा भएको छ । पेशाका आधारमा हेर्दा घरभित्र काम गर्ने र मजदुर महिला माथि हुने हिंसा बढि छ । हिंसाको कारणमा सामाजिक परम्पराको कारण सबैभन्दा माथि रहेको छ । हिंसा बढि विवाहित महिलालाई हुने गरेको पाइयो भने त्यसमा पनि आफ्नै श्रीमानबाट बढि हुने गरेको पाइयो । हाल महिलाहरुले आफूमाथि हुने गरेको हिंसालाई बाहिर ल्याउल थालेको पाइन्छ तर कानुन कार्यान्वयन गर्ने निकाय र न्यायिक निकायमा हुने ढिलासुस्ती, संम्बेदनशीतलाको अभाव, प्रकृयागत जटिलता, आर्थिक भार पिडितले नै व्यहर्नुपर्ने आदि समस्याका कारण महिला माथि हुने हिंसामा न्याय नपाएको अवस्था छ (उपाध्यय, २०१८) ।

घरेलु हिंसा हुने विभिन्न कारण छन् जसमा महिलाकै कारणबाट हुने हिंसाको स्वरुप डरलाग्दो रहेको पाइन्छ । कान्तिपुर दैनिक (२०७०) मा प्रकाशित एउटा लेखेमा महिलालाई नै

हिंसाको मूल स्रोत मानिएको छ । जसमा रामेश्वरी पन्त लेख्छिन्-शिक्षित र आत्मनिर्भर बन्दैमा छोरीहरुले सुख पाउन नसक्ने रहेछन् एमएको पढाइ सकेर एउटा निजी बैंकमा जागिर खाएकी युवतीले बिहे गरेर जानासाथ सासूको व्यवहारबाट मानसिक र शारीरिक पीडा भोग्दै घर छाडेर हिँड्नु पर्ने अवस्था महिलाले महिलाहरुमाथि गर्ने हिंसाको चरम रुप हो । बुहारी भित्रिएको भोलिपल्टै घरको काम गर्ने नोकर हटाएकी सासूले जागिर छोड्न दबाब दिइरहने र बुहारीका हरेक काममा खोट देखाउँदै छोराको कान भर्न थालेपछि लोग्नेसमेत शारीरिक हिंसामा उत्रन थालेछ । खान्दानी रवाफ देखाउँदै छोरालाई पनि जागिर खान नदिने र बुहारीको पनि जागिर छुटाउन खोजेपछि बुहारीले जागिर छोड्न मानिनछिन् र अहिले उनी काठमाडौंमा एक्लै बस्न बाध्य भएकी छिन् ।

हिंसा पीडित महिला र बच्चामा विभिन्न गम्भिर समस्याहरु देखा पर्ने कुरा अध्ययनहरुले देखाएका छन् । घरेलु हिंसा पीडित महिला र उनीहरुका बच्चामा गम्भिर स्वास्थ्य समस्या हुने एक अध्ययनले देखाएको छ । स्वास्थ्य मन्त्रालयको जनसंख्या महाशाखाले गरेको अध्ययनमा यस्तो देखिएको हो । सन् २०११ को राष्ट्रिय स्वास्थ्य सर्वेक्षणमा भाग लिएका ३ हजार ८४ जना विवाहित महिलामा गरिएको अध्ययनमा घरेलु हिंसामा परेका महिला र उनीहरुले जन्माउने बच्चा रक्तअल्पताका सिकार हुने कुरा उल्लेख छ । अध्ययन प्रतिवेदन अनुसार हिंसामा परेका महिलाका बच्चाले पूर्ण रुपमा खोप समेत पाउन सकेका छैनन् । तर आर्थिक रुपले सबल महिला र उनका बच्चामा भने समस्या कम हुने अध्ययनमा उल्लेख छ । नेपालमा सयमा २८ महिला घरेलु हिंसाको सिकार हुन्छन् । तीमध्ये १४ जना शारीरिक हिंसा, ५ जना यौनिक हिंसा र बाँकी ९ जना दुबै प्रकारका हिंसाको सिकार हुने गरेका छन् (उज्यालो एफएमको अनलाइन खबर, २०७०) ।

गोरखा पत्र (२०७३) मा प्रकाशित समाचार अनुसार नेपालमा घरेलु हिंसाका कारण महिला तथा बालबालिकामा पछिल्लो दिनमा डिप्रेसनको समस्या डरलाग्दो रुपमा देखिएको छ । जसका कारण डिप्रेसनका समस्या भएका २५ जना महिला मध्ये एक जनाले आत्महत्या गर्ने गरेको विभिन्न अध्ययनबाट सार्वजनिक भएको पाइन्छ । सञ्चारिका समूह र कोसिसद्वारा

बिहीबार राजधानीमा आयोजित मानसिक रोग रोकाथाम, उपचार, संरक्षण तथा पुनः स्थापनामा आमसञ्चारको भूमिका विषयक अन्तरक्रियामा सहभागीहरुले सो कुरा जानकारी गराएका हुन् ।

घरेलु हिंसामा संलग्नलाई दण्डित गरिएका खबर पनि प्रकाशमा आउने गरेका छन् । गोरखा पत्र (२०७१) मा प्रकाशित समाचार अनुसार रामेछाप जिल्ला अदालतमा परेको अहिलेसम्मकै पहिलो घरेलु हिंसा विरुद्धको मुद्धामा जिल्ला न्यायाधीश लक्ष्मीकृष्ण श्रेष्ठको एकल इजलासले मसिनी सार्किनीमाथि निरन्तर घरेलु हिंसा गरेको कसुरमा पीडक भतिजा २५ वर्षीय कृष्ण बहादुर सार्कीलाई तिन हजार रुपैँया सहित घर निकाला (घरबाट अलग बस्ने) गर्ने फैसला सुनाएको छ ।

विवाहमा प्रशस्त दाइजो नल्याएको कारण महिलामाथि कुटपिट हुने, राम्रोसँग खान लाउने नदिने, घरबाट निकाल्ने, सौता हाल्ने र जीउँदै आगो लगाएर मार्ने समेत गरिएका प्रशस्त उदाहरणहरू पाइन्छन् । विरामी भएर सिकिस्त भएको बेला उपचार गराउनु पर्नेमा वा सुत्केरी अवस्थामा आराम दिनु पर्नेमा यौन सम्पर्क गर्न बाध्य तुल्याइएका घटना धेरै छन् । छोराको रहर गर्दागर्दै बग्रेल्ती (धेरै) सन्तान जन्माउनु पर्ने वा छोरी जन्माएकोमा श्रीमान् र परिवारका सदस्यबाट महिलाले अनेकौं चुनौतीको सामना गर्नुपरेको कटु यथार्थ हाम्रै अगाडि छ । अहिले पनि देशका विभिन्न भागमा बोक्सीको आरोपमा महिलामाथि हुने गरेका अनेक दुर्व्यवहारका घटना पटक पटक सार्वजनिक हुने गर्दछन् । विधवाहरूले घर र समाजबाट भोग्नु परेको दुर्व्यवहारहरू पनि घरेलु महिला हिंसाका ज्वलन्त उदाहरण हुन् ।

### २.१.३ नीतिगत समीक्षा

महिला विरूद्ध हुने हिंसालाई नियन्त्रण गर्नु र यसमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याई दण्ड सजाय गर्नु कुनै पनि राज्यको प्रमुख दायित्व हुन जान्छ । जसका लागि राज्यले अन्तर्राष्ट्रिय तहमा जनाएका प्रतिबद्धता तथा राज्य संयन्त्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न जरूरी छ । महिला विरूद्ध हिंसालाई सम्बोधन गर्ने कानुनको निर्माण तथा विद्यमान कानुनहरूको प्रभावकारी कार्यान्वयनतर्फ ध्यान दिनु जरूरी छ । समाजमा महिलालाई हेर्ने परम्परागत सोच, मूल्य मान्यता परिवर्तन ल्याउने खालका कार्यक्रम सञ्चालन गरिनु आवश्यक

देखिन्छ । साथै महिलालाई आर्थिक रूपमा सक्षम बनाई आफ्ना अधिकारप्रति सचेत बनाउन आवश्यक छ । महिलामाथि हुने अधिकांश हिंसाका घटना पुरूषबाट हुने गरेको हुँदा पुरूषलाई सचेत गराउने खालका कार्यक्रम पनि ल्याउनु जरूरी छ ।

घरेलु हिंसा भन्नाले परिवारका कुनै सदस्यबाट अन्य सदस्यमाथि गरिने शारीरिक, मानसिक, आर्थिक, यौनजन्य र भावनात्मक हिंसा भन्ने बुझिन्छ । यस्तो हिंसाले पीडितलाई शारीरिक, मानसिक, यौनजन्य क्षति वा पीडा पुऱ्याउने संभावना हुन्छ । त्यस्तो कार्य गर्नेबाट दिइने धम्की, दबाब र पीडितको स्वतन्त्रतामा बन्देज लगाउने कामबाट पनि क्षति पुग्ने गर्दछ । महिलामाथि गरिने विभिन्न प्रकारका हिंसाहरूमध्ये घरेलु हिंसा एक प्रमुख हिंसा हो । यस्तो हिंसाबाट पीडित व्यक्तिले शारीरिक, मानसिक, यौनजन्य, आर्थिक र भावनात्मक यातना सहनु पर्ने हुन्छ । घरेलु हिंसा नियन्त्रण गर्ने कानुन भए पनि यस्तो हिंसा पटक पटक दोहोरिरहने भएकोले व्यक्तिको मृत्युसमेत भइरहेको छ । घरेलु हिंसाले पारिवारिक सद्भाव र सम्बन्धमा मात्र असर पार्ने नभई व्यक्तिको व्यक्तित्व विकास लगायत हरेक क्षेत्रमा नकारात्मक असर पारिरहेको छ भने अर्कोतिर इज्जतपूर्वक बाँच्न पाउने संवैधानिक अधिकारको उल्लङ्घन भइरहेको छ । घरेलु हिंसा सम्बन्धी स्पष्ट र विशेष कानुनको अभावले यस्तो हिंसाबाट पीडित व्यक्तिहरूले यस्ता घटनाहरूलाई प्रकाशमा नल्याउने र साहस बटुलेर कसैले उजुर गने पनि पीडितहरूले न्याय पाउन नसकिरहेको अवस्था आजको यथार्थता हो ।

घरेलु हिंसा कसैको घरभित्रको व्यक्तिगत मामिला मात्र नभई हिंसाबाट पीडितको मानव अधिकार उल्लङ्घनको विषय पनि हो । घरभित्र हुने मानव अधिकारको उल्लघनबाट पीडितहरूको संरक्षण गर्नु राज्यको सरोकार र उत्तरदायित्वको विषय भएको कुरालाई महसुस गर्नुको साथै घरेलु हिंसालाई निर्मूलीकरण गर्ने छुट्टै विशेष कानुन निर्माण गर्नु अत्यावश्यक भएकोले संविधानसभाको व्यवस्थापिका संसदको दायित्व अन्तर्गत घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ पारित भएको छ । जसलाई महिला विरूद्ध हिंसा (नियन्त्रण) विधेयक पनि भन्ने गरिएको पाइन्छ ।

महिला हिंसाको रोकथामका सन्दर्भमा नेपालको संविधान, २०७२ को भाग ३ मौलिक हक अन्तर्गत धारा १६ देखि ४८ सम्म ३२ वटा आधारभूत मौलिक हक मध्ये धारा ३८ मा

महिलाको हकको व्यवस्था गरिएको छ । जसमा महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने, प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन् सम्बन्धी हक रहेको, कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने र पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुने व्यवस्था गरिएको छ (नेपालको संविधान, २०७२) ।


उक्त ऐनमा पीडित व्यक्तिले आफूलाई परेको पीडा लिखित वा मौखित रूपमा स्थानीय निकाय वा सोझै जिल्ला अदालतमा उजुरी दिन सक्ने र त्यस्तो उजुरीलाई प्राथमिकता दिई बन्दइजलासमा सुनुवाइ गरी तीन महिनाभित्र फैसला गरिसक्नुपर्ने व्यवस्था गरिएको छ । ऐनले कसुरको मात्रा हेरी घरेलु हिंसा गर्ने पीडित व्यक्ति वा मतियारलाई १० हजारदेखि ३० हजार रूपैँयासम्म जरिवाना र ६ महिनासम्म कैदको सजाय तोकेको र त्यस्तो पीडक व्यक्ति सार्वजनिक पद धारण गरेको भए सजायमा १० प्रतिशत थप सजाय गर्ने उल्लेख छ (घरेलु ऐन, २०७३) ।

तर पनि मौलिक हक तथा संवैधानिक हकको प्रचलनको निम्ति निर्माण हुनुपर्ने घरेलु हिंसा नियन्त्रण सम्बन्धी कानुन, दाइजो प्रचलनका विरूद्ध कानुन जस्ता महिला हिंसालाई प्रश्रय दिने खालको महत्त्वपूर्ण कानुनहरू हालसम्म निर्माण हुन सकेका छैनन् । पैतृक सम्पत्तिमा छोरीलाई छोरा सरह समान कानुनी अधिकार दिइएको भए तापनि उक्त कानुनको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन । तर पनि विगतको तुलनामा केही वर्ष यता महत्त्वपूर्ण परिवर्तन भएको पाउन सकिन्छ । जस्तो मानव बेचबिखन जस्तो सशक्त कानुन निर्माण भएको छ । तर पनि यस्ता कानुनको कार्यान्वयन पक्ष भने चुनानैतीपूर्ण रहेको छ । महिला अधिकारको संरक्षण तथा सम्वर्द्धन गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्य अनुरूप स्थापित राष्ट्रिय महिला आयोगलाई निदेर्शित गर्नका लागि राष्ट्रिय महिला आयोग ऐन २०७४ लागू भएको छ । यस ऐनले आयोगलाई हिंसाबाट पीडित महिलाको निवेदनमाथि छानविन गर्न सक्ने अर्धन्यायिक अधिकार दिएको छ । यसै गरी महिला विरूद्ध हुने हिंसाबाट पीडित महिलाको उजुरी सुन्नका लागि नेपाल प्रहरी अन्तर्गत विभिन्न जिल्लामा महिला तथा बालबालिका सेवा केन्द्रको स्थापना समेत गरिएको छ ।

मानव अधिकारको दृष्टिले महिला र पुरूष समान हुन् । आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, नागरिक र अन्य सम्पूर्ण प्रकारका मानव अधिकारको समान रूपले उपयोग गर्ने वातावरण पाउनु यी दुवैको मानव अधिकार हो । पितृसत्तात्मक सामन्ती संरचनाबाट हालसम्म जकडिएको हाम्रो देशको शासन व्यवस्था, सामाजिक मूल्य मान्यता र महिला र पुरूषलाई दिइने फरक मान्यता र व्यवहारका कारण महिलाहरू पुरूषभन्दा पछाडि परेका छन् ।

## २.२ अवधारणात्मक ढाँचा

प्रस्तुत अध्ययनलाई सान्दर्भिक र यथार्थपरक बनाउनका लागि निम्न लिखित अवधारणात्मक ढाँचाको उपयोग गरिएको छ :



घरेलु हिंसाका विभिन्न कारणहरु मध्ये सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक, कुप्रथाहरु, घरायसी, आदिलाई मुख्य कारणका रुपमा लिई यो अध्ययनलाई अघि बढाइएको छ । हिंसाका सामाजिक कारणहरुमा परिवारको पृष्ठभूमि, समाजको बनावट, पितृसत्तात्मक समाज र त्यसले निम्त्याएका समस्याहरुलाई प्रस्तुत गरिएको छ । आर्थिक पक्षले पनि घरेलु हिंसा बढाउनु मद्त गरेको हुन्छ । सांस्कृतिक कारणहरुमा धर्म, पारिवारिक मान्यताहरु तथा विवाह जस्ता प्रचलनहरुलाई आधार बनाइएको छ । उत्तरदाताको पेसा, व्यवसाय, घरको पेसा व्यवसाय, घरको आम्दानीको स्रोत, जग्गाजमिन र त्यसमाथिको स्वामित्व, वैदेशिक रोजगारी, घर व्यवहार संचालन आदिजस्ता पक्षले गर्दा समाजमा हिंसा मौलाएको पाइन्छ । तसर्थ यी कारणलाई पनि अध्ययनको आधार बनाएको छ । परिवारको अवस्थाले पनि हिंसाको अवस्था, मात्रा र स्वरुपमा असर पार्दछ । परिवारको संरचना, परिवारमा महिलाको स्थान तथा उनीहरुमाथिको कामको बोझ आदि कारणहरु यस अन्तर्गत राखिएका छन् । अर्कातिर शैक्षिक अवस्थाका कारण पनि हिंसाको दर र मात्रामा फैलावट आइरहेको छ । यस्ता कारणहरुमा शिक्षाको स्तर, राजनैतिक चेतना, कानुनी ज्ञानको अभाव आदि पर्दछन् । तसर्थ यी पक्षलाई पनि अध्ययनको विषय बनाइएको छ ।

सामाजिक कुप्रथाहरु पनि घरेलु हिंसा बढाउने मुख्य कारणमा पर्दछन् । परम्परागत मूल्य मान्यताहरु, कुप्रथाहरु, रीतिरिवाजहरु आदिका कारणले पनि महिलाहरु हिंसाको सिकार बनिरहेका छन् । धर्मका नाममा जाँड रक्सीको सेवन गर्ने, दाइजो माग्ने, बोक्सीको आरोप लगाउने तथा महिनावारी हुँदा दुर्व्यवहार गर्ने जस्ता कार्य समाजमा मौलाउँदै गएका छन् । तसर्थ यिनलाई पनि घरेलु हिंसाका कारण मानि यस अध्ययनलाई मार्गदर्शन प्रदान गरिएको छ ।

निष्कर्षः समाजमा महिलाको अवस्था, घरेलु हिंसाका कारण, प्रभाव तथा समाधानका उपायका बारेमा केन्द्रित भई गरिएको यस अनुसन्धानमा माथि उल्लेखित विभिन्न कारणलाई केन्द्रमा राखी अध्ययन गरिएको छ ।

# अध्याय-तीन

# अनुसन्धान पद्धति

## ३.१ अनुसन्धान ढाँचा

कुनै पनि अनुसन्धानमा अध्ययन गरिने विषयको प्रकृति तथा उद्वेश्य अनुसार शोध प्रस्तावना छनौट गरिनु पर्दछ । परिकल्पना विकसित गर्दै जानु पर्ने हुनाले प्राप्त तथ्याङ्कहरुलाई आवश्यकता अनुसार नाप जाच गर्न सकिने खालको हुनु पर्दछ । भूत र वर्तमानको अन्तर सम्बन्ध भावी सम्भावनाहरुको अन्तरनिहित एवं सान्र्दभिक तथा गुणात्मक तथ्यहरुको व्यापक खोजिबाट सुरु गरि विशिष्ट  तर्फ जाने र अधिकाशं स्रोतहरु द्धितिय समेत रहेकाले वर्णनात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

## ३.२ अनुसन्धान क्षेत्रको छनोट र यसको औचित्य

यस सोधपत्रको अध्ययन गर्ने क्रममा गण्डकी प्रदेशको नवलपुर जिल्लाको कावासोती नगरपालिका वडा नं. ६ मा रहेको चाँदनी टोल, नयाँ गाउँमा घरेलु हिंसा र नेपाली महिलाको अवस्था कस्तो छ भन्ने पक्षलाई मुल्यांकनको आधार बनाइएको छ । यस बाहेक यहि क्षेत्रलाई अध्ययन क्षेत्र छनौट गर्नको कारणहरु निम्नानुसार पुष्टी गर्न सकिन्छ :

क) यस अध्ययन क्षेत्रमा अहिलेसम्म कसैले पनि अध्ययन नगरेको हुनाले यो अध्ययन उक्त क्षेत्रमा घरेलु हिंसा र महिलाहरुको अवस्थाको लागि आधारस्तम्भ हुने भएकोले,

ख) अध्ययन कर्ताको स्थानिय क्षेत्र भएकोले तथ्यांक संकलन गर्न सजिलो हुने भएकोले

ग) यस क्षेत्रमा हुने घरेलु हिंसाको कारण पत्ता लगाई दिगो समाधानको लागि सम्भावनाहरु खोजी गरी प्रयोगमा ल्याउने कोशिस गनको लागि ।

## ३.३ समग्रता र नमुना छनोट

अनुसन्धानमा तथ्यांक संकलन गर्न आधार बनाईएको क्षेत्र तथा उक्त क्षेत्रमा बसोवास गर्ने जनसंख्यालाई समग्रता भनिन्छ । अनुसन्धानको लागि सबै क्षेत्र र समग्र जनसंख्याको अध्ययन गर्न अनुसन्धानको सन्दर्भमा उचित हुने भएपनि समय साधन स्रोत र जनशक्तिको जहिले पनि अभाव रहने हुनाले समग्रताको प्रतिनिधित्व हुने गरी नमुनाको छनौट गरिन्छ । यस अध्ययन कावासोती नगरपालिकाको वडा नं. ६ चाँदनी टोल, नयाँ गाउँमा केन्द्रित रहेको र यस गाउँमा ८० घर धुरीका ५२० (२८० महिला, र २४० पुरुष) जनसंख्या रहको छ । त्यसैले ८० घर धुरीका सबै महिलाहरुको अध्ययन गर्न सम्भव नभएकोले सुविधाजनक विधिका माध्ययमबाट ८० को ३० प्रतिशतले हुन आउने संख्या अर्थात् २४ घर धुरीलाई छनौट गरी प्रत्येक घर धुरीबाट १/१ जना महिला सदस्यलाई उत्तर दाताको रुपमा छनौट गरिएको छ ।

## ३.४ तथ्यहरूको स्रोत तथा प्रकृति

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्नका लागि त्यससँग सम्बन्धित सामाग्रीहरूको नितान्त आवश्यक पर्दछ । यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता, अवलोकन र प्रमुख जानकार व्यक्ति आदिबाट अध्ययनको लागि चाहिने आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत केन्द्रीय तत्याङ्क विभागबाट प्राप्त तथ्याङ्क, कावासोती न.पा. वडा नं. ६ बाट प्राप्त अभिलेखलाई लिइएको छ । साथै विभिन्न लेखकहरूले लेखेका पूर्वप्रकाशित लेख र पुस्तकको आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यस शोधकार्यमा अनुसन्धानकर्ता स्वयम् आफूले स्थलगत अध्ययन गरी निम्न विधिहरू प्रयोग गरी तथ्याङ्क सङ्कलन गरेको छ । जसमा प्राथमिक र द्वितीय स्रोत स्रोतको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत निम्न विधिहरू छन् :

### ३.५.१ प्राथमिक स्रोत

**(क) अन्तर्वाता**

अनुसन्धान एवम् शोधकार्यका लागि प्राथमिक तथ्याङ्क सङ्कलन विधि महत्त्वपूर्ण विधि मानिन्छ । अध्ययनका क्रममा आवश्यक सामग्री प्राप्त गर्नका लागि व्यक्तिगत रूपमा अन्तर्वार्ता लिइएको छ भने अन्तर्वार्तामा सोधिएका प्रश्न अर्धसंरचित खालका रहेका छन् । उत्तरदाताको अनुकूल समय मिलाई अन्तर्वार्ता लिइएको छ । उक्त अन्तवार्तामा उत्तरदाताहरूको सामाजिक, आर्थिक पक्ष र हिंसाको सम्बन्ध, घरेलु हिंसाको कारण, प्रभाव, असर तथा तिनका निराकरणका उपायबारे जानकारी लिइएको छ ।

**(ख) अवलोकन**

अवलोकन विधिबाट अनुसन्धानकर्ताले आफूले देखेको तथा अनुभव गरेको तथ्याङ्क सङ्कलन गरिने हुँदा सो तथ्याङ्कहरू गणात्मक र बढी औचित्यपूर्ण हुने विश्वास राखिएको छ । प्रत्यक्ष अवलोकनबाट सूचनादाताहरूले दिन नचाहेका तथ्याङ्कहरू सङ्कलन गर्न सकिन्छ । यस शोधपत्रमा अवलोकनद्वारा नमुना छनोटमा परेका पीडित पक्षको शारीरिक यातना, मानसिक यातना आदिको प्रत्यक्ष अवलोकन गरी आवश्यक तथ्याङ्क गरिएको छ ।

**(ग) प्रमुख जानकार व्यक्तिहरुसँगको अन्तर्वार्ता**

अध्ययनको क्रममा कावासोती न.पा. वडा नं. ६ साामजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक स्थिति, हिंसाको अवस्था, हिंसाका कारणहरू, यसका प्रभाव, असर तथा निराकरणका बारेमा न.पा. वडा नं. ६ का वर्तमान वडा अध्यक्ष, महिला वडा सदस्य, शिक्षक, स्थानीय समाजसेवी तथा जानकार व्यक्ति सहित जम्मा ४ जना व्यक्तित्वहरुलाई मुख्य उत्तरदाताको रुपमा लिएर तथ्याङ्क सङ्कलन गरिएको छ ।

**(घ) प्रश्नावली विधी**

यस विधी अर्न्तगत अध्ययनको क्रममा कावासोती न.पा. वडा नं. ६ मा सामाजिक, आर्थिक, शैक्षिक, हिंसाको स्थिती, हिंसाका कारणहरु, यसका प्रभाव, असर तथा अवस्थाका

बारेमा अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका उत्तरदाताहरु समक्ष केहि प्रश्नहरु राखी आएको उत्तरलाई समावेश गरिएको छ ।

### ३.५.२ द्वितीय स्रोत

यस शोधपत्रमा प्राथमिक स्रोतका साथै द्वितीय स्रोतबाट पनि तथ्याङ्क सङ्कलन गरिएको छ । द्वितीय स्रोतअन्तर्गत केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क, जिल्ला विकास समितिबाट प्राप्त तथ्याङ्क, विभिन्न प्रकाशित पत्रपत्रिकाहरू, विभिन्न महिला सम्बन्धी प्रकाशित पुस्तक, विभिन्न संघ संस्थाहरू र यसबारेमा प्रकाशित पत्रपत्रिका, राष्ट्रिय महिला आयोगबाट प्रकाशित पुस्तक आदिबाट सूचना लिइएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

अध्ययनका क्रममा लिइएका विभिन्न तथ्यांकहरुलाई संकलन गरी अध्ययन गरिएको छ । अध्ययनका क्रममा संख्यात्मक तथ्याङ्कलाई आवश्यकता अनुसार तालिकार चित्रमा प्रस्तुत गरिएको छ । उक्त संख्यात्मक तथ्यांकलाई प्रतिशतमा, वृत्त चित्रमा प्रस्तुत गरी वर्णन गर्ने कार्य गरिएको छ । गुणात्मक प्रकारका सूचनाहरूलाई आवश्यकता अनुसार व्याख्या र वर्णन गरिएको छ ।

## ३.७ अध्ययनको सिमितता

हरेक अध्यायको अध्ययन सिमाहरु हुने गर्छन । अध्ययन क्षेत्रको अवस्था, समय प्राप्त स्रोत र साधन, तथ्यहरुको प्रकृति, अनुसन्धानको सुचना र सुचनाद्वारा विचको सम्बन्ध अवस्था अहिले पार्ने गर्दछ । एकै स्थानमा संकलन गरिएका तथ्यांकहरु, रचनाहरु रहेका समान जाति, भाषा संस्कृतिहरुलाई सिमितता भन्न सकिदैंन । यस अध्ययन ले सम्पुर्ण देशमा हुने घरेलु हिंसा र नेपाली महिलाहरुको अवस्थालाई समेट्न सक्दैन । किनकी यसले सानो क्षेत्र लाई मात्र ओगटेको छ । यो अध्ययन एउटा विद्यार्थीले डिग्री प्राप्तिका लागि गरेको हुदाँ यसको आफ्नै सिमितता छ । यस अध्ययनको मुख्य उद्देश्य भनेको नेपाली समाजमा हुने घरेलु हिंसा र नेपाली महिलाहरुको अवस्थालाई पत्ता लगाउनु हो । यो अध्ययन नमुना सर्वेक्षणमा आधारित रहेको छ । यस

नमुनाको आकार कुल व्रहमाण्डको ३० प्रतिशतमा मात्र सिमित रहेको छ । सम्भाव्य नमुना छनोट विधिको प्रयोग गरेर घरहरुमा अन्तरवार्ता तथा प्रश्नहरु सोधिने छ । यस अध्ययनको अर्को सीमा भनेको वर्णनात्मक केहि अनुसन्धान ढाँचा रहेको छ । यस अध्ययनमा केहि सिमित तथ्यांकिय विधिहरुको प्रयोग भएका छन् । जस्तैः प्रतिशत, औसत, अनुपात, आदि अध्ययनका लागी तथ्यांकहरु केहि सिमित तकिनिकीहरु जस्तै : प्रश्नावली, अन्तरवार्ता आदी प्रयोग भएका छन् । समाज शास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्तिको लागि तयार गरिएको यस अध्ययन अनुसन्धान कार्यमा स्रोत साधन र समयको सिमितताको कारण चाहेजति सुचना तथा तथ्यांकहरु संकलन गर्न नसके विषयवस्तुलाई विस्तृत र गहन रुपमा प्रस्तुत गर्न नसकिएको हुन सक्छ ।तर पनि सके सम्म विषयवस्तुलाई पुर्ण रुपमा समेटेर अध्ययन अनसन्धान कार्यलाई सार्थक बनाउने प्रयास गरिने छ । साथै यसका सिमाहरुलाई निम्न बुँदाद्वारा स्पष्ट पार्न सकिन्छः

क) यस अध्ययन सिमित साधन र स्रोतमा सकिनेछ,

ख) यस अध्ययनले मुलत् कावासोती नगरपालिका वडा नं. ६ मा पर्ने चाँदनी टोल नयाँ गाउँमा रहेको घरेलु हिंसा र महिलाहरुको अवस्थालाई मात्र समेट्ने छ,

ग) यस अध्ययनले नेपाली समाजमा रहेका संस्कार, प्रथा, परम्परा तथा कुरिती र बेथितीले नेपाली समाजमा महिलाहरुले भोग्नुपरेका सम्पुर्ण घरेलु हिंसा तथा महिलाहरुको अवस्थालाई नसमेट्न सक्छ,

घ) सिमित क्षेत्र र उत्तरदाताहरुबाट लिईएको तथ्यांकबाट निकालिने निष्कर्षले समग्र नेपाली समाजको प्रतिनिधित्व नगर्न सक्छ,

# अध्याय - चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१ कावासोती नगरपालिकाको अवस्थिति

कावासोती नगरपालिका नेपालको गण्डक प्रदेश अन्तर्गत नवलपुर जिल्लामा अवस्थित एक नगरपालिका हो । नगरउन्मुख क्षेत्रहरुलाई नगरपालिका घोषणा गर्दै लैजाने नेपाल सरकारको नीति अनुरुप २०७१ बैशाख २५ गते नेपाल सरकारको निर्णयबाट साविकको शिबमन्दिर, कावासोती, पिठौली , अर्ग्यौली र कुमारवर्ती गा. वि. स. हरुलाई समेटेर कावासोती नगरपालिका घोषणा गरिएको हो । कावासोती नगरपालिका ऐतिहासिक महत्व बोकेको सांस्कृतिक सम्पदाले भरिपूर्ण धार्मिक तथा ऐतिहासिक पवित्र शक्तिपिठ, धार्मिक स्थलहरु लगायत विभिन्न जैविक विविधता तथा प्राकृतिक सम्पदाले भरिपूर्ण र बिभिन्न जातजाति, भाषाभाषी र धर्मालम्वीहरुको साझा बसोबास भएको यस नगरपालिकामा धार्मिक, पर्यटकीय तथा आर्थिक रुपले आफैमा आत्मनिर्भर रहने प्रचुर सम्भावना बोकेको नगरपालिका हो । यस नगरपालिकामा जम्मा घरधुरी १४,१०४ छ भने जम्मा जनसंख्या ६२,४२१ छ र यसमा पुरुषको संख्या २८,६१६ र महिलाको संख्या ३३,८०५ रहेको छ । कावासोती नगरपालिका १७ वटा वाडहरुमा विभाजित छ । नगरपालिका क्षेत्र साविकको शिबमन्दिर गा. वि.स.परिसरबाट नगरपालिकाको मुख्य कार्य सन्चालन हँदै आए पनि साविक कावासोती, पिठौली , अर्ग्यौली र कुमारवर्तीमा समेत संयुक्त वडा कार्यलयको रुपमा सेवा प्रवाह हुदै आएको छ । यस नगरपालिकाको क्षेत्रफल ११४ वर्ग कि. मि.रहेको छ ।

## ४.२ भौगोलिक अवस्था

देशको मध्यविन्दुमा रहेको कावासोती नगरपालिका नवलपुर जिल्लाको सदरमुकाम तथा यस जिल्लाको ठूलो व्यापारिक केन्द्र हो । कावासोती नगरपालिकाको पूर्वमा देवचुली न.पा., पश्चिममा मध्यबिन्दू न.पा र हुप्सेकोट गा.पा.,उत्तरमा हुप्सेकोट गा.पा. र दक्षिणमा नारायणी नदि र चितवन राष्ट्रिय निकुञ्ज पर्दछ भने धरातलीय हिसावमा उत्तरी अक्षांश २६°५१' देखि २७.२' उत्तरी अक्षांश सम्म र पूर्वी देशान्तर ८४°५१' देखि ८५°१६' पूर्वी देशान्तर सम्म फैलिएको छ । समुद्रदेखि १८० मिटर देखि २०१ मिटरसम्म उचाईमा अवस्थित छ यस

नगरपालिकाको कुल ११४ वर्ग कि.मि.मा फैलिएको छ । यो नगर हुँदै पूर्व(पश्चिम महेन्द्र राजमार्गमा गएको छ । पूर्व-पश्चिम महेन्द्र राजमार्गसँगको दूरीबाट हेर्दा भरतपुर ३१ कि.मि., देशको राजधानी काठमाडौं १८३.८ कि.मि., पोखरा १५९.६ कि.मि., बुटवल ८५ कि.मि., विरगंज १५९.५ कि.मि. र हेटौंडा १०५.५ कि.मि.दुरीमा अवस्थित छन् । जसले यस ठाउँको भौगोलिक अवस्थितिको महत्वलाई दर्शाउँछ । महत्वपूर्ण बजार : कावासोती बजार, डण्डा बजार रहेका छन् । यस नगरपालिकाको राजधानीसँग सुलभ सडक सम्बन्ध रहेको छ । कावासोती नगरपालिकाको भू-उपयोगको तथ्यांक विवरण यस प्रकार रहेको छ :

**तालिका १ : कावासोती नगरपालिकाको भू-उपयोगको तथ्याङ्क विवरण**

| क्र.सं. | पेशा | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | कृषि | ५७ | |
| २ | सेवा | १९.८३ | |
| ३ | उद्योग | ५.१७ | |
| ४ | आवास तथा व्यापारिक | ५.१७ | |
| ५ | श्रम | २.७८ | |
| ६ | अन्य | ०.२८ | |
| ७ | जम्मा | १०० | |

स्रोतः कावासोती नगरपालिका, २०७६

कावासोती नगरपालिकाको कुल क्षेत्रफलको ५७% कृषिमा, सेवामा १९.८३%, उद्योगमा ५.१७%, आवास तथा व्यापारिकमा १४.९४%, श्रममा २.७८% र अन्य ०.२८% जमिन रहेको छ । कावासोती नगरपालिकाको कुल जनसंख्या ६२,४२१ रहेको छ । जसमा पुरूष २८,६१६ र महिला ३३,८०५ संख्या रहेको पाइन्छ । यहाँको कुल घरधुरी संख्या १४,१०४ छ ।

### ४.३ सामाजिक साँस्कृतिक अवस्था

यस नगरपालिकामा बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक विशेषता पाइन्छ । यहाँ बसोबास गर्ने मुख्य जातजातिहरू ब्राह्मण, क्षेत्री, नेवार, गुरूङ, तमाङ, दराई कुमाल, थारू, दमाई, कामी, सार्की, बोटे आदि पर्दछन् भने हिन्दु, बौद्ध, क्रिश्चियन, मुस्लिम आदि प्रमुख धर्मालम्बीहरू यहाँ रहेको पाइन्छ । यस नगरपालिकामा सरकारी कार्यालय ११ , विद्यालय

संख्या ६३, संस्थागत विद्यालय २१, सामुदायिक विद्यालय ४२, सहकारी स्वास्थ्य ४, नगर क्षेत्रिय सहकारी संस्था २७, पूर्व (पश्चिम लोकमार्ग ११ कि.मि. रहेको छ । दक्षिणमा नारायणी नदि, केरुंगे खोला यस नगरपालिकामा अवस्थित छ । विश्वविद्यालय २ वटा संचालनमा रहेको अवस्था छ ।  यस क्षेत्रको साक्षरतादर ६३.२४ प्रतिशत छ भने विद्युत सेवा ९०.३ प्रतिशतलाई उपलब्ध छ । संचार सेवा अन्तर्गत मोबाइल तथा आइ.एस.टि.डी. फोन सुविधा लगायत नमस्ते एनसेल तथा स्पाइस नेपालका सेवाहरू उपलब्ध रहेका छन् । त्यस्तै आम सञ्चारमा ४ एफ.एम. रेडियोहरू मध्यबिन्दू एफ.एम, नवलपुर एफ.एम, सामर्थ्य एफ.एम, कावासोती एफ.एम रहेकाछन् भने टेलिभिजनमा देवचुली टेलिभिजन,बुद्ध दर्शन टेलिभिजन र स्टार टेलिभिजन आदि उपलब्ध रहेका छन् । नियमित प्रकाशन विभिन्न पत्रपत्रिकाहरू सामर्थ्य, नवलपुर यस नगरपालिकाबाट प्रकाशन हुन्छन् । यस नगरक्षेत्रमा सडक कालोपत्रे, अधिकांश ग्रावेल तथा कच्ची सडकहरू रहेका छन् । यस नगरपालिका परिसर भित्र गणपति चलचित्रहल, मनोरञ्जन स्थलको रुपमा रहनुका साथै पर्यटकीय क्षेत्रहरुमा नर्मदेश्वर शिवालय मन्दिर, महाराजा मन्दिर,  पिठौली राधाकृष्ण मन्दिर, गिद्ध संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, पोखरी ताल, टरुवा ताल, बाघखोर होमस्टे नवलपुर उद्योग वाणिज्य संघ, रेडक्रस सोसाइटी , जस्ता सम्मेलन भवनहरू उपलब्ध रहेका छन् ।  त्यस्तै गरी अर्ग्यौली सामूदायिक पुस्तकालय तथा क्याम्पसका पुस्तकालय तथा विद्यालयका पुस्तकालयहरू आदि संचालनमा रहेका छन् ।

### ४.४ कावासोती नगरपालिका वडा नं. ६ को संक्षिप्त चिनारी

कावासोती नगरपालिका नवलपुर जिल्लाको सदरमुकाम हो । यस नगरपालिका भित्र १७ वडाहरू समावेश छन् । जसमध्ये वडा नं.-६ एउटा महत्वपूर्ण वडा भित्र पर्दछ । यस वडाको पूर्वमा महाराजा सामूदायिक, पश्चिममा वडा नं. ५, उत्तरमा कोइलापानी तथा दक्षिणमा कावासोती-२ पर्दछ । यस वडामा जम्मा घरधुरी १४३२ छन् भने जम्मा जनसंख्या ११,२३२ छ र यसमा पुरुषको संख्या ५,३८३ (४७.९३%) र महिलाको संख्या ५,८४९ (५२.०७%)  रहेको छ कोइलापानि कावासोती नगरपालिकाको कार्यालय देखि २ कि. मी. उत्तर दिशामा अवस्थित छ । यस वाडको चौतारि टोलको जम्मा जनसंख्या ८७६ छ र यसमा पुरुषको संख्या ४२९ ( ४८.९७%) र महिलाको संख्या ४४७ (५१.०३%)  रहेको छ । यस वार्डमा महिला तथा पुरूषहरू

पछिल्लो समयमा शिक्षित हुन थालेका छन् । उच्च शिक्षा लिने र व्यवसाय वा नोकरीमा लाग्ने यहाँको आम वडा बासीहरूको उद्देश्य नै बनेको छ । धेरैजसो कुखुरापालन ,बंगुरपालन , गाईपालन, भैँसीपालन, अनि पसल गर्ने साथै शिक्षक पेशाका साथै अन्य तहमा जागिर गर्ने यस वडाका मानिसहरूको पेशा रहँदै आएको छ ।

## अध्यायः पाँच

# अनुसन्धान क्षेत्रका महिलाको समाजिक, आर्थिक अवस्था तथा हिंसाको स्थिति अध्ययन

## ५.१ विभिन्न अवस्थामा महिलाले भोगेका हिंसाहरु

कावासोती नगरपालिका वडा नं.६ नयाँ गाउँमा चादनी टोल अध्ययन क्षेत्रमा गरिएको अध्ययनलाई विभिन्न अवस्थामा गरिएको अध्ययनको विवरण निम्न प्रकार रहेको छ :-

### ५.१ .१ उमेर र हिंसाको स्थिति

यस अध्ययन को छनौटमा परेका उत्तरदाता विभिन्न उमेर समुहका रहेका छन् । यी समग्र उत्तरदाता महिलाहरुको विवरण र हिंसाको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका २**

**उमेर अनुसार उत्तरदाता र उनीहरु माथिका हिंसाको विवरण**

| क.स. | उमेर समुह | संख्या | प्रतिशत | पिडितको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २० भन्दा कम | ३ | १२.५ | १ | ११.११ |
| २ | २१-३० | ५ | २०.८ | २ | २२.२२ |
| ३ | ३१-४० | ५ | २०.८ | २ | २२.२२ |
| ४ | ४०-५० | ५ | २०.८ | २ | २२.२२ |
| ५ | ५१-६० | ३ | १२.५ | १ | ११.११ |
| ६ | ६० भन्दा माथि | ३ | १२.५ | १ | ११.११ |
| | जम्मा | २४ | १०० | ९ | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरु १०-२० वर्षका उमेरसमरहका ३ जना (१२.५ प्रतिशत), जसमा हिंसा पीडित १ जना (११.११ प्रतिशत) र २१-३० वर्ष उमेर समुहमा ५ जना(२०.८ प्रतिशत), जसमा २ जना हिंसा पीडित (२२.२२ प्रतिशत) रहेका छन् । यसै गरी ३१-४० वर्ष उमेर समुहमा ५ जना (२०.८ प्रतिशत), जसमा हिंसा पीडित २ जना (२२.२२ प्रतिशत) रहेका छन् भने ४१-५० वर्ष उमेर समुहमा ५ जना (२०.८ प्रतिशत) महिलाहरु, जसमा हिंसा पीडित २ जना (२२.२२ प्रतिशत) रहेका छन् । त्यस्तै ५१-६० वर्ष उमेर समुहमा ३ जना (१२.५ प्रतिशत), जसमा हिंसा पीडित १ जना (११.११ प्रतिशत) रहेका छन् भने ६१-७० वर्ष उमेर समुहमा ३ जना (१२.५प्रतिशत), जसमा हिंसा पीडित १ जना (११.११ प्रतिशत) महिला रहेका छन् ।

यसरी उमेरका आधारमा हेर्दा अध्ययनका छनौटमा परेका महिलाहरुमध्ये २०-३०, ३१-४०, ४१-५०, उमेर समुहका महिलाको संख्या समान अर्थात २ जना पाइयो, अर्थात यो उमेर समुहका महिला बढी घरेलु हिंसाको शिकार हुदाँ रहेछन् भन्न सकिन्छ ।

### ५.१ .२ परिवारको आकार र हिंसाको स्थिति

नेपाली समाजमा एकात्मक परिवार, संयुक्त परिवार र बृहत् परिवार गरी तीन किसिमका परिवार रहेको पाईन्छ । ती मध्ये मुख्य गरेर एकात्मक र संयुक्त परिवारको बाहुल्यता रहेको पाइन्छ ।

### एकल परिवार

आमा बाबु र उनका अविवाहित छोराछोरीहरु मिलेर बनेको परिवारलाई एकल परिवार भनिन्छ यस प्रकारको परिवार आधुनिक मान्यतातर्फ उन्मुख भएको पाईन्छ ।

### संयुक्त परिवार

यस प्रकारको परिवारमा साधारणतया परिवारका तीन पुस्तासम्म रहेका हुन्छन् । यस परिवारमा हजुरबा, आमा, काका काकीहरु, अविवाहित दिदी तथा फुपूहरु र नातानातिना रहेका हुन्छन् । यस परिवारमा जेठो नियन्त्रण र निर्देशन रहेको हुन्छ ।

प्रस्तुत अध्ययन प्राप्त उत्तरदाताको परिवारको अवस्था र हिंसाको अवस्थालाई तलको तालिकामा प्रतुत गरिएको छ :

**तालिका ३**

**परिवारको आकार अनुसार उत्तरदाता र उनीहरु माथिका हिंसाको विवरण**

| क्र.स. | परिवारको प्रकार | संख्या | प्रतिशत | पीडितको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | एकात्मक | १६ | ६६.६७ | ३ | ३३.३३ |
| २ | संयुक्त | ८ | ३३.३३ | ६ | ६६.६७ |
| | जम्मा | २४ | १०० | ९ | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरुको दुई प्रकारको परिवार पाइएको छ । ती हुन एकात्मक र संयुक्त । उत्तरदाता महिलामध्ये १६ जना (६६.६७ प्रतिशत ) महिला एकात्मक परिवारमा रहदैं आएका छन् भने ८ जना ( ३३.३३ प्रतिशत) महिला संयुक्त परिवारमा रहदैं आएका छन् । हिंसा पीडित १६ जना महिलामध्ये ३ जना (३३.३३ प्रतिशत) एकात्मक परिवार र ८ जना महिला मध्ये ६ जना (६६.६७ प्रतिशत) संयुक्त परिवारमा बस्दै आएको अध्ययनले देखाएको छ । नेपाली समाज क्रमशः एकात्मक ढाँचामा बदलिँदै गएको तथ्य पनि यस तालिकाबाट प्रस्ट भएको छ साथै संयुक्त परिवार ठुलो हुने र सासु, ससुरा, जेठाजु, देवर, नन्द लगाएत परिवारमा अन्य सदस्यहरु पनि हुने र त्यी सबैलाई मान राख्नु पर्ने, तिनीहरुको अन्डरमा रहनुपर्ने हुनाले यस्तो परिवारमा अलि बढी हिंसा भएको तथ्य पनि तालिकाले प्रस्ट पारेको छ ।

### ५.१.३ वैवाहिक स्थिति र हिंसा

प्रायः गरेर अविवाहितको तुलनामा विवाहित महिलाहरु बढी घरेलु हिंसाबाट पीडित भएको पाइन्छ । विवाहित महिलाहरु घरमा श्रीमान् , सासु तथा परिवारका अन्य सदस्यबाट

पनि पीडित हुने गरेका छन् । प्रस्तुत अध्ययनको क्रममा भेटिएका उत्तरदाता महिलाहरुको वैवाहिक स्थिति र हिंसालाई तालिका नं. ४ मा प्रस्तुत गरिएको छ :

**तालिका ३**

**महिलाको वैवाहिक स्थिति र हिंसाको अवस्था**

| क्र.स. | वैवाहिक स्थिति | संख्या | प्रतिशत | पीडितको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | विवाहित | १६ | ६६.६७ | ६ | ६६.६७ |
| २ | विधवा | ३ | १२.५ | २ | २२.२२ |
| ३ | अविवाहित | ५ | २०.८३ | १ | ११.११ |
| | जम्मा | २४ | १०० | ९ | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरुमध्ये विवाहित महिलाको संख्या १६ जना (६६.६७ प्रतिशत), जसमा घरेलु हिंसा पीडितको संख्या ६ जना (६६.६७ प्रतिशत) रहेको छ । विधवा महिलाको संख्या ३ जना (१२.५ प्रतिशत) जसमा पीडितको संख्या २ जना (२२.२२ प्रतिशत), रहेको छ भने अविवाहित महिलाहरुको संख्या ५ जना (२०.८३ प्रतिशत), जसमा पीडितको संख्या १ जना (११.११ प्रतिशत) रहेको देखिन्छ । यसरी हेर्दा अध्ययनको छनौटमा परेको महिलामध्ये विवाहित महिलाको संख्या सबैभन्दा बढी, त्यस्तैगरी दोस्रो स्थानमा अविवाहितको संख्या र तेस्रो स्थानमा मात्र विधवाको संख्या रहेको पाइन्छ । त्यस्तै तालिकाले विवाहित र विधवा महिलाहरु हिंसाको मारमा बढी परेको कुरालाई प्रष्ट पारेको छ । जसको मुल कारणका रुपमा विवाहित महिलाका आफन्त र नातेदारहरु धेरै हुनु, धेरै थरीका कुरा सुनेर घर परिवारले हिंसा गर्नु, मान सम्मान पुगेन भनी गाली बेइज्जती गर्ने तथा विधवा महिलाका हकमा समाजले असहाय ठानेर हेप्नु, नराम्रो आँखाले हेर्नु आदि रहेका छन् ।

### ५.१.४ जातिगत विवरण र हिंसा

नेपाल विभिन्न जातजाति, भाषा, धर्म र सांस्कृतिक विविधताले भरिएको देश हो । यही विविधता नै नेपाल राष्ट्रको विशिष्ट पहिचान हो । तसर्थ प्रस्तुत अध्ययनमा पनि उत्तरदाता महिलाको जातिगत रुपमा वर्गीकरण गरी हिंसाको अवस्था व्याख्या गर्ने प्रयास गरिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ५**

**उत्तरदाताहरुको जातिगत विवरण र हिंसाको अवस्था**

| क.स. | जातजाति | संख्या | प्रतिशत | पीडितको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ब्राह्मण | १० | ४१.६७ | ३ | ३३.३३ |
| २ | क्षेत्री | ४ | १६.६७ | २ | २२.२२ |
| ३ | दलित | ३ | १२.५ | १ | ११.११ |
| ४ | भुजेल | ३ | १२.५ | १ | ११.११ |
| ५ | नेवार | २ | ८.३३ | १ | ११.११ |
| ६ | तामाङ | २ | ८.३३ | १ | ११.११ |
| | जम्मा | २४ | १०० | ९ | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरुमा ब्राह्मण, क्षेत्री, दलित -विश्वकर्मा, परियार र नेपाली ), भुजेल, नेवार र तामाङ जनजाति अन्तर्गत महिला रहेको छन् । ब्राह्मण जाति अन्तर्गत महिलाहरुको संख्या १० जना (४१.६७ प्रतिशत), जसमा हिंसा पीडितको संख्या ३ जना (३३.३३ प्रतिशत) रहेको छ । क्षेत्री जाति अन्तर्गत महिलाहरुको संख्या ४ जना (१६.६७ प्रतिशत), जसमा हिंसा पीडितको संख्या २ जना (२२.२२ प्रतिशत) रहेको छ , दलित जाति अन्तर्गत महिलाहरुको संख्या ३ जना (१२.५ प्रतिशत), जसमा हिंसा पीडितको संख्या १ जना ( ११.११ प्रतिशत) रहेका छन् । भुजेल जाति अन्तर्गत महिलाहरुको संख्या ३ जना (१२.५

प्रतिशत), जसमा हिंसा पीडितको संख्या १ जना (११.११ प्रतिशत) रहेको छ । नेवार जाति अन्तर्गत महिलाहरुको संख्या २ जना (८.३३ प्रतिशत), जसमा हिंसा पीडितको संख्या १ जना ( ११.११ प्रतिशत ) रहेको छ । तामाङ जाति अन्तर्गत महिलाहरुको संख्या२ जना (८.३३ प्रतिशत), जसमा पीडितको संख्या १ जना (११.११ प्रतिशत) रहेको छ । यसरी माथिको तालिका हेर्दा अध्ययन क्षेत्रमा बसोवास गर्ने महिलाको संख्यामा जातिगत विविधता देखिन्छ । जसमा सबै भन्दा बढी ब्राह्मण महिला, त्यसपछी क्षेत्री महिलाको संख्या। त्यस पछीको दलितको संख्या र भुजेल तथा नेवार र तामाङको संख्या बराबर रहेको देखिन्छ ।

तालिका अनुसार जातिगत आधारमा सबैभन्दा बढी हिंसाको शिकार क्षेत्री र ब्राह्मण समुदायका महिलाहरु परेको देखिन्छन् भने हिंसाको पीडा कम भोग्नेहरुमा दलित, तामाङ र नेवार समुदायका महिलाहरु रहेको पाईन्छन् । ब्राह्मण र क्षेत्री महिलाहरुलाई पुरुषवादी संकीर्ण सोच तथा कुलत आदी कुराले प्रभाव पारेको देखिन्छ ।

### ५.१.५ शैक्षिक अवस्था र हिंसाको स्थिति

शिक्षा एक मार्गदर्शनको आधार हो र मानव मात्रको ज्ञान र चेतनाको मुहान हो । शिक्षाले मानिसको भविष्य उज्जवल पारी अप्ठ्यारा परिस्थितिसंग जुध्न सक्ने र विवेकी बनाउँछ । त्यसैले एउटा उन्नत र सभ्य समाज स्थापनाको लागि महिला र पुरुषको समान शिक्षाको आवश्यकता पर्दछ । तर पनि महिलाहरुको शैक्षिक अवस्था पुरुषको तुलनामा ज्यादै कम देखिन्छ । विगतको तुलनामा हाल आएर शिक्षाको महत्वप्रति नेपाली समाज सचेत हुन थालेको छ तर पनि अझै ग्रामीण क्षेत्रका महिलाहरु शिक्षाको अवसरबाट वन्चित हुनु परेको स्थिति देखिन्छ । प्रस्तुत अध्ययनमा उत्तरदाता महिला तथा विवाहित महिलाका श्रीमानहरुको शैक्षिक अवस्था र हिंसाको अवस्थालई प्रस्ट्याउने प्रयास गरिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ६ महिलाको श्रीमानको शैक्षिक विवरण र हिंसाको अवस्था**

| क्र.स. | शैक्षिक विवरण | संख्या | प्रतिशत | पीडक पुरुषको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अशिक्षित | ३ | १६.६७ | २ | २५ |
| २ | सामान्य शिक्षित विद्यालय | ४ | २२.२२ | २ | २५ |
| ३ | विद्यालय | ८ | ४४.४४ | ३ | ३६.५ |
| ४ | विश्वविद्यालय ( क्याम्पस) | २ | ११.११ | १ | १२.५ |
| | जम्मा | १८ | १०० | ८ | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार श्रीमानको संख्या १८ रहेको छ । त्यसमा अशिक्षत ३ जना (१६.६७ प्रतिशत), जसमा पीडक पुरुषको संख्या २ जना (२५ प्रतिशत), सामान्य शिक्षितको संख्या ४ जना (२२.२२ प्रतिशत), जसमा पीडक पुरुषको संख्या २ जना (२५ प्रतिशत), विद्यालय स्तरको पढाई गरेको पुरुषको संख्या ८ जना (४४.४४ प्रतिशत), जसमा पीडक पुरुषको संख्या ३ जना (३६.५ प्रतिशत), र विश्वविद्यालय (क्याम्पस) स्तरको पढाई गरेको पुरुषको संख्या २ जना (११.११ प्रतिशत ), जसमा पीडक पुरुषको संख्या १ जना (१२.५ प्रतिशत) रहेको छ । समग्रमा औपचारिक शिक्षा हासिल गरेका पुरुषको  संख्या बढी रहेको देखिन्छ । जसमा विद्यालय स्तरको पढाई पुरा गर्ने संख्या , पहिलो स्थानमा , सामान्य शिक्षितको संख्या दोस्रो स्थानमा, अशिक्षितको संख्या तेस्रो स्थानमा तथा विश्वविद्यालय स्तरको पढाई पुरा गर्नेको संख्या सबै भन्दा कम रहेको देखिन्छ । तर शिक्षित श्रीमान बाटै महिलाहरु घरेलु हिंसाको शिकार भएको कुरा प्रस्तुत तालिकाबाट प्रष्ट भएको छ । श्रीमान् शिक्षित भएको अवस्थामा पनि रक्सी सेवन, असमझदारी जस्ता कारण महिलाले श्रीमान्बाट हिंसा पीडित बन्नु परेको देखिन्छ भने अशिक्षित श्रीमान् भएमा अज्ञानता र अधिकारको चेतना भएको कारणले हिंसा गरेको

पाईन्छ । यसै गरी उत्तरदाता महिलाको शैक्षिक विवरण र पीडितको संख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ७ महिलाका शैक्षिक विवरण र हिंसा सहनेको संख्या**

| क.स. | शैक्षिक विवरण | संख्या | प्रतिशत | हिंसा सहनेको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अशिक्षित | ४ | १६.६७ | ४ | ४४.४५ |
| २ | सामान्य शिक्षित | ६ | २५ | ३ | ३३.३३ |
| ३ | विद्यालय | १० | ४१.६७ | १ | ११.११ |
| ४ | विश्वविद्यालय | ४ | १६.६७ | १ | ११.११ |
| | जम्मा | २४ | १०० | ९ | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार कुल छनौटमा परेका महिलाहरुमध्ये ४ जना (१६.६७ प्रतिशत), महिला अशिक्षित जसमा हिंसा पीडितको संख्या ४ जना (४४.४४ प्रतिशत), ६ जना (२५ प्रतिशत) महिला सामान्य शिक्षित, जसमा ३ जना (३३.३३ प्रतिशत) महिला हिंसा सहन बाध्य भएको पाइएको छ । १० जना (४१.६७ प्रतिशत) महिलाले विद्यालय स्तरको पढाइ गरेका, जसमा हिंसा सहन बाध्य हुने १ जना (११.११ प्रतिशत) र ४ जना (१६.६७ प्रतिशत) महिलाले क्याम्पस अध्ययन गरेका, जसमा हिंसामा पर्ने महिलाको संख्या १ जना (११.११ प्रतिशत) पाइएको छ । यसरी प्रस्तुत तालिका हेर्दा छनौटमा परेका बहुसंख्यक महिलाले विद्यालय स्तरको पढाई पुरा गरेको देखिन्छ । ६ जना महिलाले सामान्य शिक्षित रहेको ४ जना महिलाहरु विश्वविद्यालय स्तरको पढाई पुरा गर्न सक्षम रहेका तथा केवल ४ जना महिला मात्र निरक्षर रहेको कुरा पनि तालिकाबाट प्रष्ट भएको छ । तालिकाले अशिक्षित र सामान्य तथा विद्यालय तहको पढाइ पुरा गरेका महिलाहरु हिंसामा बढी परेको देखाएको छ । जसको कारणका रुपमा सुचना र ज्ञानको अपर्याप्तता रहेको पाइएको छ ।

### ५.१.६ आर्थिक अवस्था र हिंसाको स्थिति

नेपाल अर्थव्यवस्थाको साथै ७५ प्रतिशत नेपालीहरुको जिवनयापनको मेरुदण्ड नै कृषि हो । त्यसैले राष्ट्रिय अर्थतन्त्र देखी वैयक्तिक जीवनसम्म कृषिको अन्यन्तै ठुलो महत्व रहेको छ । एकातिर कृषिबाट मानव जीवनको निरन्तरताको लागि खाद्यवाली प्राप्त हुन्छ भने अर्को तिर उद्योगधन्दाको लागि आवश्यक पर्ने अधिकांश कच्चा पदार्थहरु पनि कृषिबाट नै प्राप्त हुन्छ । नेपालको अधिकांश भाग ग्रामीण पहाडी क्षेत्र छ । जहाँ जनसंख्याको ८० प्रतिशत बसोबास रहेको छ । त्यो जनसंख्याको जीवनको प्रमुख आधारनै कृषि रहेको छ । हाल आएर कृषिकार्यका अलावा व्यापार व्यवसाय, नोकरी, जागिर तर्फ मानिस लागेको पाइन्छ । प्रस्तुत अध्ययनमा उत्तरदाताहरुको आर्थिक अवस्था जान्नको लागि उत्तरदाताका श्रीमान्/परिवारले अपनाउँदै आएको पेशा उत्तरदाता महिला स्वयंको पेशा र सम्पति माथि महिलाको स्वामित्वलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ८ उत्तरदाताहरुका श्रीमान्/परिवारको पेशागत विवरण र हिंसाको अवस्था**


| क्र.स. | श्रीमान्/परिवारको पेशा | संख्या | प्रतिशत | पीडकको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | जागिर | ४ | १६.६७ | १ | ११.११ |
| २ | व्यापार | ३ | १२.५ | १ | ११.११ |
| ३ | वैदेशिक रोजगार | ३ | १२.५ | १ | ११.११ |
| ४ | कृषि | १० | ४१.६७ | ४ | ४४.४४ |
| ५ | पुर्ख्यौली पेशा | ४ | १६.६७ | २ | २२.२२ |
| | जम्मा | २४ | १०० | ९ | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार छनौटमा परेका महिलाका श्रीमान्/परिवार मध्ये ४ जना ( १६.६७ प्रतिशत) ले जागिर पेशा अपनाउँदै आएका, जसमध्ये १ जना (११.११ प्रतिशत) ले हिंसा गरेको देखिन्छ । ३ जना (१२.५ प्रतिशत) ले व्यापारलाई मुख्य पेशाका रुपमा लिएका, जसमा

हिंसा गर्नेको संख्या १ जना (११.११ प्रतिशत) रहेको छ । वैदेशिक रोजगारीमा भएकाको संख्या ३ जना (१२.५ प्रतिशत), जसमा हिंसा गर्ने १ जना (११.११ प्रतिशत) रहेका छन् । कृषि कार्यमा आधारित संख्या १० जना (४१.६७ प्रतिशत) जसमा हिंसा गर्नेको संख्या ४ जना (४४.४४ प्रतिशत) रहेको छ। त्यस्तै पुर्ख्यौली पेशा गर्नेहरु ४ जना (१६.६७ प्रतिशत) जसमा हिंसा गर्नेहरुको संख्या २ जना (२२.२२ प्रतिशत) रहेको कुरा तालिकामा प्रष्ट पारिएको छ । तालिका अनुसार अध्ययनका लागि छानिएका महिलाका श्रीमान/परिवार (घरमुली) हरु मध्ये सबैभन्दा बढी कृषि पेशामा संलग्न भएका देखिन्छन् । यस पछीका क्रममा क्रमशः जागिर, पुर्ख्यौली पेशा, व्यापार र वैदेशिक रोजगारीमा लाग्नेहरु रहेका छन् ।अर्कातिर जागिर र वैदेशिक रोजगारीमा जानेहरु तथा व्यापार गर्नेहरुबाट कम हिंसा हुने गरेको तथ्य पनि तालिकाले प्रष्ट पारेको छ, भने पुर्ख्यौली पेशा र कृषिमा अलि बढी हिंसा भएको पाइएको छ । जसको कारण अन्धविश्वास अशिक्षालाई मान्न सकिन्छ । उत्तरदाता स्वयंबाट अपनाउँदै आएको पेशा विवरणलाई तलको वृत्तद्वारा प्रस्तुत गर्न सकिन्छ :


**चित्र नं. १ उत्तरदाताहरुको पेशागत विवरण र हिंसाको अवस्था**




स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

माथिको वृत्त चित्र अनुसार उत्तरदाता महिलाहरुमध्ये कृषि पेशामा लाग्नेको संख्या नै अधिक रहेको पाइयो । सम्पुर्ण उत्तरदातामध्ये कृषिमा आधारित हिंसा पिडित मध्य ४ जना ( ४४.४४ प्रतिशत) व्यापार गरेर जीवन चलाउनेहरुमध्ये हिंसा पीडितको संख्या २ जना (२२.२२ प्रतिशत), जागिर खानेहरुमध्ये हिंसा पीडितको संख्या २ जना (२२.२२ प्रतिशत), र विद्यार्थी जीवन विताउनेहरुमध्ये पीडितको संख्या १ जना (११.११ प्रतिशत) रहेको पाइन्छ । जस अनुसार कृषि जीवन बिताउनेहरु हिंसाको मारमा बढी परेको देखिन्छ भने जागिर, व्यापार गर्नेहरु हिंसामा समान देखिन्छ । जसमा कृषि कार्य गर्नेहरुमा अशिक्षा, अन्धविश्वास तथा बेरोजगारी र विद्यार्थीहरुमा साथीभाईको जिस्क्याइ, महिनावारी तथा अभिभावकमा चेतनाको कमी जस्ता कारणहरु मुख्य जिम्मेवार देखिन्छ । सम्पति माथिको स्वामित्व र त्यसको आधारमा पनि हिंसाको अवस्था केलाइएको छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ सम्पति माथिको स्वामित्व र त्यसको आधारमा पनि हिंसाको अवस्था केलाइएको छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**चित्र नं. २ उत्तरदाताहरुको पेशामाथिको स्वामित्व र हिंसाको अवस्था**





स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

माथिको वृत्तचित्र अनुसार उत्तरदाता महिलामध्ये सम्पत्ति माथिको स्वामित्व भएकाको संख्या मध्येबाट हिंसा पीडितको संख्या ३ जना (३३.३३ प्रतिशत) र सम्पत्ति माथिको स्वामित्व नभएको संख्या मध्येबाट हिंसा पीडितको संख्या ६ जना (६६.६७ प्रतिशत) रहेको देखिन्छ । वृत्तचित्र अनुसार अध्ययनको छनौटमा परेका महिलाहरुमध्ये बहुसंख्यकसंग सम्पत्तिको स्वामित्व नरहेको र हिंसाको मारमा बढी परेको पाइन्छ। जसको कारणका रुपमा सम्पत्ति भए पनि शिक्षा नभएको कारण हिंसा भएको पाइन्छ।

### ५.१.७ धर्म र हिंसाको स्थिति

नेपाल बहुधर्म, बहुसंस्कृति र बहुजातजाति मिलेर बनेको एक समृद्ध मुलुक हो । यहाँ विभिन्न वर्ग र सम्प्रदायका मानिसहरुको बसोबास पाइन्छ । यसै क्रममा छनौटमा परेका महिलाहरुको धार्मिक विवरण र हिंसाको अवस्थालाई पनि केलाउने प्रयास गरिएको छ। जसलाई तलको वारग्राफमा प्रस्तुत गरिएको छ

**चित्र नं. ३, धर्म र हिंसाको अवस्था**




स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

प्रस्तुत बारग्राफ विश्लेषण गर्दा अध्ययन क्षेत्रमा बसोवास गर्दै महिलाहरु मध्ये ६६.६७ प्रतिशत हिंदु महिलाहरु हिंसामा परेको भेटियो भने ३३.३३ प्रतिशत बौद्ध धर्म मान्ने महिलाहरु हिंसामा परेको भेटियो । बारग्राफ अनुसार हिन्दु धर्म मान्नेहरु हिंसाको मारमा बढी परेको पाइन्छ । जसको कारणको रुपमा हिन्दु धर्ममा रहेका मुल्यमान्यता, कठोर नीति नियम र रुढीवादी परम्पराहरु प्रमुख रुपमा रहेका छन् ।

## ५.२ महिलाले भोगेका हिंसाका प्रकार

### ५.२.१ महिला माथिको हिंसा र हिंसाकर्ता

अध्ययन क्षेत्र कावासोती न.पा. चाँदनी टोल वडा नं.६ का अधिकांश उत्तरदाता महिलाहरु श्रीमान् र परिवारका अन्य सदस्यबाट पीडित भएको पाइएको छ । श्रीमान् शिक्षित भए पनि अत्याधिक रक्सी सेवनका कारण श्रीमतीलाई शारीरिक र मानसिक दुवै यातना दिएका छन् भने परिवारका अन्य सदस्य सासू, ससूरा, नन्द र देवारबाट महिलाहरुले मानसिक यातना भोग्दै आएका छन् । विधवा महिलाहरु परिवारका साथै समाजबाट अपहेलित भएको पाइएको छ । अध्ययन क्षेत्रका महिला माथि भएका हिंसालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९ महिला माथिका हिंसाकर्ता र हिंसाको प्रकार**

| क्र.स. | पीडक पक्ष | हिंसाका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | श्रीमान् | कुटपिट, गालीगलैज (शारीरिक, मानसिक यातना) | ३ | ३३.३३ |
| २ | परिवार (सासू, ससूरा र अन्य) | मानसिक यातना, धम्की, अभद्र व्यवहार, खान लाउन नदिने, अपशब्द | ४ | ४४.४४ |
| ३ | समाज | असुरक्षा, हेला, भेदभाव पुर्ण व्यवहार | २ | २२.२३ |
| | | जम्मा | ९ | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार उत्तरदातामाथि भएका हिंसाका पीडक पक्षका रुपमा श्रीमान्, घर परिवार र समाज आदि रहेका छन् । जस मध्ये श्रीमान् बाट कुटपिट गाली गलैज पाएका महिला ३ जना (३३.३३ प्रतिशत) रहेका छन् । कुल १८ जना श्रीमानहरुमध्ये १५ जनाले मादक पदार्थ सेवन गर्ने र १० जनाले महिलामाथि हिंसा गर्ने गरेको पाइएको छ । त्यसैगरी घर परिवार (सासुससुरा, नन्द आदि) बाट कुटपिट, मानसिक यातना, अपशब्द, अभद्र व्यवहार र गालीगलैज पाएका महिला ४ जना (४४.४४ प्रतिशत) र समाजबाट असुरक्षा, भेदभाव, दुःख तथा हेला पाएका २ जना (२२.२३ प्रतिशत ) रहेका छन् ।

समग्रमा हेर्दा अधिक महिला श्रीमान्बाट हिंसा पीडित बनेको पाइयो भने सासु ससुरा र नन्द लगायत परिवारका सदस्यबाट घरको कामको विषयलाई लिएर हिंसा गरेको धम्की दिने गरेको, समाजिक रुपमा हेला र घृणाको पात्र बनाउने गरेको पाइएको छ । यस्ता हिंसाहरु सकेसम्म सहेर बस्नुपर्ने र श्रीमान् तथा परिवारका सदस्यका विरुद्ध उजुरी गरेर फाइदा नभएको धारणा उत्तरदाता महिलाहरुबाट राख्ने गरेको पाइएको छ ।

### **५.२.२ हिंसाका प्रकार**

महिला माथिको हिंसा नेपाली समाजमा शताब्दीऔंदेखी रहि आएको यथार्थ सर्वविदीतै छ । यस्ता विकृति र विसंगतीहरुलाई हटाउन समाजमा रहेका हरेक तह र तप्काबाट उचित कदम चालिनुपर्ने अपरिहार्यता रहेको देखिन्छ । महिलाहरु प्रायः शारीरिक तथा मानसिक रुपले प्रताडीत हुने गरेको पाइएको छ । महिलामाथि हुने हिंसा अन्तर्गत विशेष गरी घरेलु हिंसा, चेलीबेटी बेचविखन, जबरजस्ती देहव्यापारमा लगाइनु, खान लाउन नदिइकन घरबाट निकाला गर्नु, जबरजस्ती करणी गर्नु, गर्भ पतन गराउनु आदि पर्दछन् । अध्ययनको क्रममा छनौटमा परेका २४ जना महिला मध्ये ९ जना महिलाहरुले कुनै न कुनै प्रकारको हिंसा भोगिरहेको पाइएको छ । अध्ययनका क्रममा देखिएका उत्तरदाता महिलाले भोगेका हिंसाका प्रकारहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

### तालिका १० महिला माथिको हिंसाको प्रकार

| क.स. | हिंसाका प्रकार | पीडितको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कुटपिट गर्ने | २ | २२.२२ |
| २ | गाली गलौज/झैझगडा गर्ने | २ | २२.२२ |
| ३ | बलात्कार गर्ने | ० | ० |
| ४ | गर्भपतन/गर्भ अस्विकार गर्ने | १ | ११.११ |
| ५ | महिनावारी हुँदा बेवास्ता गर्ने | ० | ० |
| ६ | अभद्र व्यवहार गर्ने | १ | ११.११ |
| ७ | दाइजो नल्याएका कारण हेला गर्ने | ० | ० |
| ८ | खान बस्न नदिने | ० | ० |
| ९ | बाहिर हिँडडुलमा प्रतिबन्ध | १ | ११.११ |
| १० | रुप र सौन्दर्यमा खोट लगाउने | ० | ० |
| ११ | छोराको चाहना गर्ने | २ | २२.२३ |
| | जम्मा | ९ | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार कुल उत्तरदाता २४ जना महिला मध्ये ९ जना उत्तरदाता महिलाहरु कुटपिट, गालीगलौज, गर्भपतन, महिनावारी हुँदा हेला गर्ने, अभद्र व्यवहार, दाइजोका कारण यातना सहनुपर्ने आदि जस्ता प्रकारका हिंसाबाट पीडित भएको पाइएको छ । जसमा कुटपिटका घटनाबाट पीडित उत्तरदाता महिलाको संख्या २ जना (२२.२२ प्रतिशत), गालीगलौज/झैझगडाबाट मानसिक रुपमा पीडित उत्तरदाता महिलाको संख्या २ जना (२२.२२ प्रतिशत), बलात्कारबाट पीडित महिलाको संख्या शुन्य, गर्भपतन/गर्भ अस्विकारबाट पीडित हुनेको संख्या १ जना (११.११ प्रतिशत), महिनावारी हुँदा बेवास्ता गर्ने महिलाको संख्या शुन्य, अभद्र व्यवहारबाट पीडितको संख्या १ जना (११.११ प्रतिशत), दाइजो नल्याएको कारण पीडित भएका महिलाको संख्या शुन्य, खान बस्न नदिने समस्याबाट पीडितको संख्या शुन्य, बाहिर हिँडडुलमा प्रतिबन्धको यातना पाउने १ जना (११.११ प्रतिशत), रुप र सौन्दर्यको खोट सहनेको

संख्या शुन्य र छोराको चाहना गरेर हिंसा सहन बाध्य हुनेको संख्या २ जना (२२.२३ प्रतिशत), रहेको छ । प्रस्तुत तालिका अनुसार विभिन्न ११ प्रकारका घरेलु हिंसा मध्ये गालीगलौज/झैझगडा, कुटपिट, र छोराको चाहना गर्ने पीडितको संख्या समान रहेको देखिन्छ । बलात्कारको हिंसा सहनेहरुको संख्या शुन्य रहेको छ भने गर्भपतन /गर्भ अस्विकारको हिंसा सहनेहरु १ प्रतिशत संख्यामा रहेको देखिन्छ ।

## ५.३ महिला माथिको हिंसाका कारणहरु

समाजमा तुलनात्मक रुपमा महिला वर्ग नै पुरुष भन्दा बढी हिंसाको सिकार बन्ने गरेको पाइन्छ । महिला माथि हुने हिंसामा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि कारणहरु जिम्मेवार रहेका छन् । हिंसाका सामाजिक कारणमा घरेलु हिंसालाई प्रमुख रुपमा लिन सकिन्छ । यस्ता हिंसामा महिलालाई आफ्नै नाता सम्बन्ध तथा घरपरिवारका सदस्यहरुबाट शारीरिक, मानसिक तथा यौन सम्बन्धी यातना दिने कार्य गरिन्छ । महिलालाई बोक्सीको आरोप लगाई कुटपिट तथा अमानवीय कार्य गर्ने, छाउपडी, देउकी, दाइजोको नाममा यातना, बालविवाह, बहुविवाह, खान लगाउनमा विभेद आदि सांस्कृतिक कारणका स्वरुपहरु हुन् ।

उल्लेखित हिंसाका कारणहरुलाई प्रश्रय दिने कार्य पितृसत्तात्मक समाजले गर्दै आएको छ । यसै क्रममा सर्वेक्षण स्थलमा हिंसाका कारण हरु अध्ययन गरिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ११ महिला माथिको हिंसाका कारणहरु**

| क.स. | हिंसाका कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जाँड रक्सी सेवन गर्ने | ५ | ५५.५६ |
| २ | दाईजो | ० | ० |
| ३ | गरिबी | १ | ११.११ |
| ४ | अशिक्षा | १ | ११.११ |
| ५ | समाज, संस्कृति र परम्परा | १ | ११.११ |
| ६ | ठुलो परिवार | ० | ० |
| ७ | देखासिकी | ० | ० |
| ८ | पुरुष प्रधान सोच | १ | ११.११ |
| | जम्मा | ९ | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरु विभिन्न कारणबाट हिंसाको शिकार भएका छन् । जसमध्ये जाँड रक्सीको सेवनका कारण ५ जना महिला (५५.५६ प्रतिशत) र दाइजो नल्याएका कारण पीडित भएका महिलाको संख्या भने शुन्य रहेको छ । त्यसैगरी गरिबका कारण झगडाको स्थिति उत्पन्न भई हिंसा भोगेका महिला १ जना (११.११ प्रतिशत) रहेका, सामुहिक भेला, तालिम, घरपरिवारको काम आदिमा मन नपराउने जस्ता महिला प्रतिको रुढिवादी धारणा र महिनावारी जस्ता सामाजिक/सांस्कृतिक अन्धविश्वासका कारण हुने हिंसामा १ जना (११.११ प्रतिशत), अशिक्षाका कारण हुने हिंसामा १ जना (११.११ प्रतिशत), पुरुष प्रधान सोचका कारण भएका हिंसामा १ जना (११.११ प्रतिशत) महिलाहरु हिंसा पीडित बनेका छन् भने ठुलो परिवार र देखासिकीमा महिला हिंसा शुन्य रहेको छ ।

## ५.४ हिंसा सहनुका कारण

महिलाले हिंसा सहनुमा विविध कारणहरु जिम्मेवार रहेका छन् । एकातिर महिलाका आफ्नै श्रीमान् तथा परिवारकै सदस्यबाट भएका हिंसा कानुन वा संस्थामा जानकारी दिँदा भोली

सोहि परिवारमै जीवन गुजार्नु पर्छ भन्ने डरले उनीहरुले भन्न चाहँदैनन् अर्थात् हिंसाको रिपोर्ट गर्दा कानुनले केहि सहयोग त गर्छ फेरी त्यहि परिवारमा जीवन गुजार्नु वा विताउनु पर्छ, जसले गर्दा पनि महिला आफुमाथि भएको हिंसा प्रस्फुटन गरी बाहिर उजागर गर्न सक्दैनन् । यसैले अध्ययन क्षेत्र अन्तर्गतका अधिकांश महिला श्रीमान्तथा परिवारका अन्य सदस्यबाट भएका कुटपिट तथा गाली गलौजका घटनामा उजुरीका लागि जानुपर्ने आवश्यकता ठान्दैनन् ।

हिंसा सहनुका अन्य कारणहरुमा अशिक्षा, चेतनाको अभाव, आफ्नो आय आर्जनको बाटो नभएको बच्चाहरुको भविष्यका लागि बाध्यतावश पनि भन्न नचाहेको पाइन्छ । यसका लागि उचित कानुन बन्न नसक्नु र भएका कानुन प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नुले पनि हिंसा सहेर बस्ने परिपाटी कायम छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १२ महिलाले हिंसा सहनुका कारण**

| क्र.स. | हिंसा सहनुका कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफ्नो आय आर्जनको बाटो नभएको | ४ | ४४.४५ |
| २ | अशिक्षा | १ | ११.११ |
| ३ | घरबाट निकालिने डर | १ | ११.११ |
| ४ | बच्चाको भविष्यको लागि | १ | ११.११ |
| ५ | उजुरी गर्ने ठाँउ थाहा नपाउनु | १ | ११.११ |
| ६ | परिवारको इज्जत | १ | ११.११ |
| | **जम्मा** | ९ | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार उत्तरदातामध्ये ४ जना (४४.४५ प्रतिशत) महिलाले आफ्नो आय आर्जनको बाटो नभएका कारण लोग्ने तथा परिवारका सदस्यबाट भएको हिंसा सहेको बताएका छन् । भने अन्य हिंसाका कारणहरु भने समान रहेको पाईयो ।

यसरी व्यवहारिक रुपमा महिलाहरु जुन किसिमले पीडित बनेका छन्  सोही अनुरुप जानकारी नदिएको पाईएको छ । मुख्य सुचनादाताहरुका अनुसार यसो हुनुमा कानुनी चेतनाको

अभाव, शिक्षाको अभाव, प्रभावकारी रुपमा उपचार पाइन्छ भन्ने विश्वासको अभाव, अन्याय सहेर बस्ने सामाजिक मान्यता, पितृसत्तात्मक परिपाटी, आफ्नो आधिकारप्रति उदाशिनता र सरल र शुलभ रुपमा उपचार प्राप्त नहुने अवस्था आदि कारणहरु छन् ।

## ५.५ हिंसाबाट पर्न गएको असर/प्रभाव

महिलामाथि हुने हिंसाले पत्यक्ष रुपमा महिला तथा उनीहरुको परिवारका सदस्यको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, शारीरिक, मानसिक अवस्थामा असर पर्नुका साथै देशको समग्र आर्थिक, सामाजिक, राजनैतिक विकास प्रक्रियामा समेत अवरोध पुऱ्याउँछ । विशेष गरी यस्ता हिंसाले महिलाको स्वतन्त्र तथा प्रतिष्ठानपुर्ण जीवनयापन गर्न पाउने अधिकार, समाजमा समान रुपमा जिउन पाउने अधिकार, शैक्षिक अधिकार, सम्पत्ति सम्बन्धी अधिकार, प्रजनन् स्वास्थ्यको अधिकार, रोजगारीको अधिकार, राजनीतिमा सहभागी हुन पाउने अधिकार जस्ता आधारभुत मानव अधिकारको उपभोगमा असर पार्दछन् । यस बारेमा गहन अध्ययन गर्ने हो भने व्यापक रुपमा महिलाहरु शारीरिक तथा मानसिक स्वास्थ्यको असन्तुलनबाट गुज्रिरहेका छन् । हिंसा सहने परिपाटिले गर्दा महिलाहरुले मानसिक कष्ट एवम् नैराश्यताका कारण  आफ्नो गतिशीलता समेत गुमाउनु परेको स्थिति देखिएको पाइन्छ । अध्ययनका क्रममा उत्तरदाता महिलाहरुले दिएको प्रतिक्रियाका आधारमा घरेलु हिंसाका असर वा प्रभावलाई निम्नानुसार तालिकाबद्ध गर्न सकिन्छ :

### तालिका १३ हिंसाबाट पर्न गएका असर/प्रभावहरु

| क्र.स. | हिंसाबाट पर्न गएका असर/प्रभावहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मनमा पिर पर्ने | ७ | २९.१७ |
| २ | घर समाजमा अशान्ति फैलिने | ३ | १२.५ |
| ३ | समाजको विकासमा बाधा पुग्ने | ४ | १६.६७ |
| ४ | घरझगडा हुने | ५ | २०.८३ |
| ५ | सन्तानहरु बिग्रने | २ | ८.३३ |
| ६ | मर्न मन लागेको | १ | ४.१७ |
| ७ | छोराछोरी स्कुल जान नपाएको | २ | ८.३३ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

माथिको तालिकालाई विश्लेषण गर्दा घरेलु हिंसाले गर्दा मनमा पिर पर्छ भन्नेको संख्या ७ जना अर्थात् २९.१७ प्रतिशत रहेको छ । घर समाजमा अशान्ति फैलिन्छ भन्नेको संख्या ३ जना अर्थात् १२.५ प्रतिशत, समाजको विकासमा बाधा पुऱ्याउँछ  भन्नेहरु ४ जना अर्थात् १६.६७ प्रतिशत, घरझगडा हुन्छ भन्नेहरु ५ जना अर्थात २०.८३ प्रतिशत, सन्तानहरु विग्रिन्छन् भन्नेको संख्या २ जना अर्थात ८.३३ प्रतिशत, मर्न मन लागेको छ भन्नेहरु १ जना अर्थात ४.१७ प्रतिशत, छोराछोरी स्कुल जान पाउँदैनन् भन्ने संख्या २ जना अर्थात ८.३३ प्रतिशत रहेको पाइएको छ । तालिकालाई अध्ययन गर्दा घरेलु हिंसाबाट परेको असरहरु मध्ये सन्तान बिग्रिने, शारीरिक र मानसिक रुपमा आघात पुग्ने र घर समाजको वातावरण विग्रने आदि असरहरु देखिएका छन् , मर्न मन लाग्ने जस्ता असरहरु कम मात्रामा देखिएका छन् ।

यसरी अध्ययनका क्रममा उत्तरदाता महिलाहरुमाथि हिंसाबाट विभिन्न असर पर्न गएको देखिएको छ । उत्तरदाता महिलाहरु माथि श्रीमान्बाट भएको कुटपिटका कारण अनुहारमा निलडाम भएको तथा शरिरमा मुक्का हानिएको, गर्भ अस्विकार गर्ने र रुप सौन्दर्यको दोष लागाउनाका कारण शारीरिक मानसिक दुबै असर पुगेको पाइएको छ । केहि महिला परिवारले घर छोड्ने धम्की दिएको कारण मानसिक यातना भोगिरहेका र अधिक महिलाले गालीगलौज

तथा अपमानजनक व्यवहारका कारण मानसिक यातना समस्या भोगिरहेको कुरा अध्ययनमा देखिएको छ । त्यसैगरी  घरेलु हिंसाका कारण मनमा पिर पर्ने, घर समाजमा अशान्ति फैलिने, समाजको विकासमा बाधा पुग्ने, घर झगडा हुने, सन्तानहरु विग्रिने, सम्पत्ति सकिने, श्रीमती पोइल जाने, श्रीमान्ले अर्को श्रीमती भित्र्याउने, मानसिक रुपमा आघात पुग्ने जस्ता समस्याहरु परिरहेको कुरा अध्ययनबाट प्रष्ट भएको छ ।

## ५.६ हिंसा रोकथामका उपायहरु/सुधारका पक्षहरु

घरेलु हिंसाको अवस्था अध्ययनका क्रममा उत्तरदाता महिलाहरुले हिंसा रोकथामका उपायहरुपनि बताएका छन् । उनीहरुले प्रहरी प्रशासनले कडाई गर्नु पर्ने, घर परिवारले माया गर्नुपर्ने, कडा कानुन बनाई लागु गर्नुपर्ने, घर परिवारको वातावरण सुधार गर्नुपर्ने, आम्दानीको स्रोत बढाउनुपर्ने, हिंसाका घटनाका बारेमा प्रहरीलाई खबर गर्नुपर्ने, महिला आफै सचेत हुनुपर्ने, सरकारले हिंसा पीडितलाई सहयोग गर्नुपर्ने, स्थानीय संघसंस्थाले सक्रिय भुमिका निर्वाह गर्नुपर्ने, विभिन्न सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने आदि कार्य गरेमा हिंसाको अवस्थामा सुधार ल्याउन सकिने बताएका छन् । त्यस्तै गरी शिक्षाको स्तर बढाउनुपर्ने, छोराछोरी एकै हुन भन्ने भावना विकास गराउनुपर्ने। महिलालाई बढी अधिकार र माया दिनुपर्ने आदि जस्ता उपायहरु अपनाएको खण्डमा महिला हिंसाको अवस्थामा सुधार ल्याउन सकिने धारणा उत्तरदाता महिलाहरुको रहेको छ । उत्तरदाता महिलाहरुले बताएका हिंसा हटाउन सुधार गर्नुपर्ने पक्षहरुलाई निम्नलिखित प्रकारमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ :

### तालिका १४ हिंसा हटाउन सुधार गर्नुपर्ने पक्षहरु

| क्र.स. | हिंसा हटाउन सुधार गर्नुपर्ने पक्षहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षाको पर्याप्तता | ९ | ३७.५ |
| २ | रोजगारीको व्यवस्था | ४ | १६.६७ |
| ३ | परम्परागत मुल्यमान्यताको सुधार | ३ | १२.५ |
| ४ | ऐनकानुनको प्रभावकारी कार्यान्वयन | ३ | १२.५ |
| ५ | चेतनाको  स्तरमा वृद्धि | २ | ८.३३ |
| ६ | महिला सहभागितामा वृद्धि | ३ | १२.५ |
| | जम्मा | २४ | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७६

प्रस्तुत तालिका अनुसार उत्तरदाता महिलाहरुले हिंसा हटाउन सुधार गर्नुपर्ने विभिन्न पक्षहरु उल्लेख गरेको पाईन्छ । जस अनुसार शिक्षाको पर्याप्तता हुनुपर्छ भन्नेहरु ९ जना अर्थात् ३७.५ प्रतिशत, रोजगारीको व्यवस्था गरिनुपर्छ भन्नेहरुमा ४ जना अर्थात् १६.६७ प्रतिशत, परम्परागत मुल्य मान्यतामा सुधार गर्नुपर्छ भन्नेहरुमा ३ जना अर्थात् १२.५ प्रतिशत, ऐन कानुनको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्ने सुझाव दिनेहरुमा ३ जना अर्थात्व १२.५ प्रतिशत, चेतनाको स्तरमा वृद्धि गरे हिंसा घट्न सक्छ भन्नेहरुमा २ जना अर्थात् ८.३३ प्रतिशत रहेका छन् । त्यस्तैगरी महिला सहभागितामा वृद्धि गर्नुपर्ने विचार राख्नेहरुमा ३ जना अर्थात् १२.५ प्रतिशत रहेका छन् ।

यसरी माथिको तालिकालाई हेर्दा बहुसंख्यक उत्तरदाताले शिक्षाको पर्याप्तता तथा रोजगारीको व्यवस्था गरेको खण्डमा हिंसा कम गर्न सकिन्छ भन्ने धारणा राखेको पाईन्छ । महिला सहभागितामा वृद्धि गर्नुपर्छ भन्नेहरुको संख्या कम मात्र रहेको पाइन्छ ।

## ५.७ महिला हिंसासम्बन्धी उत्तरदाता तथा मुख्य सुचनादाताको धारणा

महिला माथिको हिंसालाई कम गर्न वा रोक्नका लागि प्रथमतः महिला शिक्षामा जोड दिनुपर्ने हिंसाबाट पीडित महिलालाई आवश्यक उद्धार तथा सेवा प्रदान गर्ने, महिलालाई आर्थिक

रुपमा सबल र सक्षम बनाई आफ्नो अधिकारप्रति सचेत बनाउने धारणा उत्तरदाता महिला तथा मुख्य सुचनादाताहरुको रहेको पाइन्छ । समाजमा महिलालाई हेर्ने परम्परागत सोच र मुल्यमान्यतामा परिवर्तन ल्याउने खालको कार्यक्रम सञ्चालन गर्नुपर्ने, महिला हिंसा अन्त्यका लागि महिला पुरुष एक्यवद्ध भइ अघि बढ्नु पर्ने तथा महिलालाई शिपमुलक तालिमहरु प्रदान गरेर आत्मनिर्भर बनाउनुपर्ने सुझाव अध्ययनका क्रममा पाइएको छ । जसले गर्दा पुरुष माथिको महिला आत्मनिर्भरतामा कमी आउँछ । सीपमुलक तालिमले आयआर्जनको बाटो खोलिदिने हुँदा महिलाले आफुमा आत्मविश्वास जगाउन सक्ने हुन्छन् सोहि कारणले हिंसा सहेर बस्ने बाध्यता नरहने धारणा उत्तरदाता महिलाको रहेको  छ ।

महिला माथि हुने हिंसाले महिलालाई मात्रै असर गर्दैन यसले त सिंगो समाजलाई नै असर गर्दछ भन्ने कुराको चेतना सम्पुर्ण जनमानसमा पुऱ्याउँन जरुरी छ । घरेलु हिंसाका दोषिलाई कानुनी दायरा भित्र ल्याउनकालागि घरेलु हिंसा नियन्त्रण सम्बन्धी कानुनलाई पालना गर्न आवश्यकता छ । महिलालाई हेर्ने रुढीवादी परम्परा र मुल्यमान्यतामा परिवर्तन गर्दै महिलालाई आर्थिक रुपमा सुदृढ, शिक्षित तथा आत्मनिर्भर गराउने तर्फ सबैको ध्यान केन्द्रित हुन आवश्यक छ । विद्यमान लैंगिक धारणाहरु हटाउने र लैंगिक समानता सम्बन्धी जनचेतना जगाउने खालका कार्यक्रम ल्याउन जरुरी छ, तब मात्र हिंसा कम गर्न सकिन्छ भन्ने धारणा मुख्य सुचनादाताहरुको रहेको छ ।

महिला दिवस मनाइरहेको आज सयौं वर्ष वितिसक्दा पनि हिंसाका नयाँ नयाँ रुपहरुको आगमनले गर्दा महिलाहरुको अवस्था झन्झन् बिग्रदै गइरहेको छ । उत्तरदाता महिलाहरु भन्छन्: हिंसाको रिर्पोट गर्दा अर्थात् हिंसाको जानकारी कुनै संघसंस्थामा दिँदा कानुनले केहि सहयोग त गर्छ तर फेरी त्यहि परिवारमा जीवन गुजार्नुपर्छ जसले गर्दा पनि महिला माथि भएको हिंसा प्रस्फुटन भई बाहिर उजागर हुन सकेका छैन । यसले महिलामाथि भएको हिंसा खुलेआम भन्न सक्ने वातावरण मिलाउन अर्थात् सोहि परिवारमा बसे पनि त्यस्तो हिंसा नदोहोरिओस् भन्नको लागि यस्तो हिंसा गर्नेलाई  कडा भन्दा कडा कारबाही गर्नुपर्ने धारणा विभिन्न व्यक्तिहरुको रहेको पाइन्छ ।

## ५.८ उत्तरदाता महिलाहरुको वैयक्तिक अध्ययन

### वैयक्तिक अध्ययन : १

उत्तरदाता महिलामध्ये सन्ध्या (नाम परिवर्तन) विद्यार्थी हुन् । हाल उनी २३ वर्षकी भएकी छिन् । हिन्दु धर्म मान्ने उनको विवाह भएको ६ महिना मात्र भएको छ । उनको माइतीमा बाबु, आमा, दुइटी दिदीबहिनी र पाँच दाजुभाइ रहेका छन् भने घरमा सासु, ससुरा र तीन वटी नन्दहरु रहेका छन् । वि.एड तेस्रो बर्षमा अध्ययनरत उनी विवाह पश्चात श्रीमानको घर पतवारी बस्दै आएकी छिन् । तर विवाह पश्चात उनको पढाई छुटेको छ । श्रीमानले उनलाई पढ्नु पर्दैन भनेर घरायसी काम गरेर बस्ने दबाब दिने गरेका छन् ।

पहाडमा जन्मे हुर्केर ठुली भएकी उनी पढेर केहि गर्ने सपना देख्थिन् । त्यसैले गर्दा उनलाई पढाई छोड्नु परेकोमा पीर लागेको छ । तर पनि उनी आफ्नो अधुरो सपना सन्तानलाई धेरै पढाएर पुरा गर्न चाहन्छिन् । विवाह अगाडी ज्याला मजदुरी गरेर जीवन निर्वाह गर्ने उनी हाल सम्पुर्ण रुपमा घरधन्दामा संलग्न  भएकी छिन् । उनका श्रीमाने पढे लेखेका छन् । वि.ए. पास गरेका उनका श्रीमान् विद्यालयमा अध्यापन गर्छन् ।

विवाह गरेर भर्खर आएकी हुनाले उनलाई घरायसी वातावरणबारे त्यति ज्ञान छैन । एकाघरको सम्पत्ति कति छ र त्यो कसको नाममा छ भन्नेबारे पनि उनी अनविज्ञ छिन् । घर खर्च सासुआमाले गर्छिन् । त्यसैले घरको आम्दानी के कति हुन्छ, त्यसबारे पनि उनलाई केहि थाहा छैन । विवाह भएको केहि समयसम्म त नयाँ नौलो नै वित्यो, घरबाहिर जाने फुर्सदै भएन । तर अब उनलाई घरमा मात्र सिमित भएर बस्न मन लागेको छैन । बाहिरबाट हेर्दा उनलाई सबै कुराको सुख छ तर उनी घरको चार पर्खाल भित्र बन्द भएको अनुभव गर्दैछिन् ।

विहको बेला तराईमा घर भएको केटा, त्यो पनि पढेलेखेको भनेर आमाबाबुले आँखा चिम्लेर उनको विवाह गरिदिए । तर घर परिवारको वातावरणले उनलाई आजित बनाएको छ । धेरैवटी नन्द छन्, सासुससुरा र श्रीमानको स्याहारसुसारमानै उनको दिन बित्छ अचेल ।

उनलाई समस्यामा पार्नेकुरा अर्को पनि छ । उनी विवाहको केहि समय पछि नै उनको मासिक धर्म रोकियो । डाक्टरी परिक्षण गर्दा उनी गर्भवती भएको पाइयो । यो कुरा सुनेर

उनका श्रीमान सशंकित भए । विवाहको यति छोटो समयमै कसरी यस्तो भयो भनेर उनी नराम्ररी झस्किए । उनको श्रीमानलाई त्यो गर्भ आफ्नो हो जस्तो नि लाग्दैन । यही कारण आजभोली उनको घरायसी वातावरण विग्रदै गएको छ । घरको सबै सदस्यहरु एकै मुख लागेर उनको विरोधमा उत्रन्छन् । यस्तो बेलामा घरपरिवारको साथ पाउनुपर्ने झन् उल्टै गाली , बेइज्जती र कुटपिटको सिकार बन्नु परेको छ ।

उनीमाथि शंका गर्ने कारण उनकै कारण सिर्जना भएको रहेछ । उनका गाउँका एक जना दाई त्यहि जागिर खाएर बस्दा रहेछन् । एकपटक ती दाइसंग भेटेर चियाखाजा खाइरहेको बेलामा उनको श्रीमान्ले देखेका रहेछन् । पछी पनि ती दाई बारम्बार उनको घरमा आइरहने गर्थे रे । त्यहि कुरालाई ठुलो बनाएर उनका घरमा झगडाको सुरुवात भएको रहेछ । ती दाइले पनि त्यो कुरा सुनेपछि घरमा आउन छाडेछन् । यता घरमा भने बुहारीको त्यस मान्छे संग अनैतिक सम्बन्ध रहेको आरोप लगाइएछ । नभन्दै उनी गर्भवती भएको केहि समयमै ती दाईको पर्ना सरुवा भएछ । स्याल कराउनु र बाख्रा हराउनु एउटै बेलामा भयो यहि कुरा ठुलो भएर उनको घरायसी माहोल विग्रदै गएको रहेछ ।

आजभोली उनको घरको वातावरण एकदम बिग्रेको छ । घरका कोही पनि सदस्य उनीसंग बोल्न तयार हुदैंनन् । सासुले उनलाई गाली बेइज्जती गर्छिन् । ससुरा पनि मनपरी बेलेर सताउँछन् । श्रीमानलाई पनि घरको मान

आजभोली उनको घरको वातावरण एकदम बिग्रेको छ । घरका कोही पनि सदस्य उनीसंग बोल्न तयार हुदैंनन् । सासुले उनलाई गाली बेइज्जती गर्छिन् । ससुरा पनि मनपरी बेलेर सताउँछन् । श्रीमानलाई पनि घरको मान्छेले कान फुकेर नबोल्न उक्साएका छन् । उनका श्रीमान जाँडरक्सीको सेवन गर्ने गर्छन् । जाँड खाएपछि उनका श्रीमान् गाली बेइज्जतीमा उत्रन्छन् । त्यस्तो बेलामा उनलाई भरथेग गर्ने र सहारा दिने मान्छे कोहि हुदैंनन् । नन्दहरु चुप लागेर रमिता हेर्छन । यहि कारणले उनलाई मानसिक र शारीरिक तनाव बढेको छ । यस्तो बेलामा काम गर्नुहुदैन , मानसिक तनाव लिनुहुदैन भन्ने उनले सुनेकी छिन् । तर पनि दिनहुँको कचकच सुन्न र सहन बाध्य भैरहेकी छिन् ।

यस्तो हिंसाका कारण उनलाई मानसिक समस्या परेको छ ॥ एकछिन पनि चुप लागेर बस्न नसक्ने उनी विवाहपछि परिवर्तन भएकी छिन् । उनलाई कसैसंग बोल्न मन लाग्दैन । परिवारको यस्तो तनाव सहनु भन्दा त बरु मर्न पाएनि हुन्थ्यो भन्ने सोचपनि आउँछ उनलाई । तर आफ्नो पेटको बच्चाको भविष्य सम्झेर त्यसो गरी हाल्न पनि सक्दिनन् उनी । माइत जानको लागि धेरै पटक घरमा अनुरोध गरिन् । तर त्यो कुरा सुनुवाइ पनि भएन र उनलाई गर्ने व्यवहार परिवर्तन पनि भएको छैन ।

घरमा हुने यस्तो हिंसाका बारेमा उनले धेरै सुनेकी थिइन् । तर आज आफैंले भोगिरहेकी छिन् । सहन सकुन्जेल त उनले कसैलाई भनिनन् तर गाह्रो भए पछि एकदिन उनले माइतमा फोन गरेर बाबुलाई लिनव आउनु भनेर बोलाइन् । नभन्दै बाबु आए र उनलाई घरमा लिएर आए । आजभोली उनी माइतमै बस्छिन् । उनको पेटमा उनकै श्रीमान्को नासो हुर्किदैं गइरहेको छ । तर थाहा छैन उनले यो बच्चालाई स्वीकार गर्ने हुन वा होइनन् । यहि कुराको पर्खाइमा उनी रोइ रोइ दि विताउन बाध्य भैरहेकी छिन् ।

**वैयक्तिक अध्ययन : २**

उत्तरदाता महिला मध्येकी कल्पना (नाम परिवर्तन) विधवा महिला हुन् । उनका श्रीमान् वितेको चार वर्ष भयो । हाल उनी पचास वर्ष भइन् । पढाइको नाममा उनले पाँच कक्षा पास गरेकी छिन् । हिन्दु धर्म मान्ने उनको मुख्य पेशा कृषि र चिया व्यापार नै हो । उनको परिवारमा २ छोरा, एक छोरी, एक बुहारी र एक सासु छन् । तर जेठो छोरा र बुहारी छुट्टै बजारतिर बस्छन् । अहिलेभने परिवारमा सासु, एउटि छोरी र एउटा छोरा मात्र छन् ।

उनको १४ वर्षको उमेरमा विवाह भएको थियो । विवाह के हो भन्ने थाहा नै नपाई उनी कसैको घर दैलो पोत्न आइपुगेकी थिइन् । विवाह हुँदा घरमा ससुरा पनि थिए । ठुलो घर परिवार अनि खर्चबर्चको अभाव भएकाले विवाहको एक वर्षपछी नै उनका श्रीमान् भारत तिर लागेका थिए । उनका श्रीमान उतै हराए । आज आउलान्, भोली आउलान्, भन्दाभन्दै उनले दश वर्षसम्म बाटो हेरिन् । तर उनका श्रीमान् फर्केर आएनन् । कसैले हल्ला ल्याँउथ्यो, फलानोको लोग्नेले त उतै घरजम गरेर बसेको छ रे । अनि कोहि त उसको श्रीमान् भारतमै वितेको पनि भन्थे ।

उनी आँशुका घुट्का पिउँदै श्रीमान्को बाटो हेरिरहन्थिन् । चोखो मनले श्रीमान्को प्रार्थना गरिरहन्थिन् । यता घरको वातावरण बस्ने खालको थिएन । ससुरा ज्यादै कचकचे स्वभावका थिए, सास् अलि माया गर्थिन् । तर पनि विवाह भएको केहि समयमा नै श्रीमानले छोडेर परदेश लागेकाले घर र समाजले उनलाई नराम्रो दृष्टिले हेर्न थाल्यो । घरमा ससुराले पोइ नहुँदा बाहिर भाले खोज्न थाली भन्न थाले । यता समाजका केहि पुरुषले उनको अस्तित्व लुट्ने प्रयास गर्न थाले । उनको पेशा चिया व्यापार थियो । घरपरिवार र समाजसँग लडाइँ गरेर नै उनी आफु श्रीमानको प्रतिक्षामा बस्न थालिन् ।

नभन्दै विवाहको एघार वर्ष पछि उनका श्रीमान् घर फर्के । अलि अलि कमाएर ल्याएका रहेछन् । त्यहि पैसाले उनीहरुले एउटा खेत जोडे । अलि अलि भात पनि खान पुग्ने भयो । उनी गर्भवती भइन् । फेरी घरमा खर्चबर्च सकियो, कमाएर ल्याएको सकिएपछि श्रीमान फेरी कोइलाखान गए । यता उनको छोरो जन्मियो । छोरो जन्मे पछि उनको घरमा बस्ने बाटो बन्यो । घरमा माया गर्न थाले, समाजले हेर्ने दृष्टिमा परिवर्तन आयो । सबै रामै चल्न थाल्यो ।

यसै विच ससुराको निधन भयो । सुसुराको कचकच त अलि कम भयो तर घरमा एउटा पनि पुरुष नहुँदा समाजले फेरी नराम्रो आँखाले हेर्न थाल्यो । सासुले पनि अरुका कुरा सुनेर बुहारीलाई अनेकथरी आरोप लगाउन थालिन् । ससुरालाई मारेको, लोग्नेलाई घरबाट खेदेको तथा चिया खान आउने परपुरुष संग सल्केको जस्ता आरोपले उनको मुटु छियाछिया हुन्थ्यो । तैपनि श्रीमान् फर्केर आउलान्, आफ्नो छोरो ठुलो भएर पाल्छ कि भन्ने झिनो आशले उनी संघर्ष गर्दै गइन् ।

लोग्ने बेला बेलामा घरमा आउन थाले । उनले फेरी एक छोरा र एक छोरीको जन्म दिइन् । छोरा छोरी पाउन त के थियो र आफैँलाइ दुःख थप्नु थियो । तर उनको श्रीमान्को व्यवहार पहिलेझै थिएन । उनी कमाएर ल्याउने भन्दा पनि घरबाट लगेको खर्च मात्र सकेर घर आउन थाले अब । रक्सीको नशामा डुबेर श्रीमतीलाई पिटेर पुरुषार्थ देखाउन थाले । हुँदा हुदाँ उनी थला परे । सासु, लोग्ने र छोराछोरीलाई पनि पाल्ने जिम्मा उनकै काँधमा आईपऱ्यो अब ।

तीन महिना सम्म टि.बी. ले थलिएर श्रीमान् बिते । घरको खर्च त्यहि व्यापारले नै चलाउन थालिन उनी भएको घरबारी र खेत सासुले आफ्नै नाममा नामसारी गरिन् । तीन वटा

छोराछोरी पाइसकेपछि पनि सासुले उनलाई विश्वास गरिनन् । झन् बातै पिच्छे उनलाई लोग्ने टोकुवी भनेर सताउन थालिन् ।कुन दिन कुन नाठो टिपेर भाग्छे भनेर उनलाई बात लगाउन थालिन् । यता छोरो बढे के के न गर्ला भनेको त पन्ध्र सोह्र नपुग्दै केटी भगाएर ल्याएछ । घरका मान्छे खोज्दै आएपछि त्यो पनि भागेर काठमाडौँतिर गयो रे भन्ने सुनिने उनले । तर कहाँ गयो भनेर पत्तो पाउन सकेकी छैनन् उनले ।

यसरी उनी आजसम्म सासु र समाजको हेला सहेर बस्न बाध्य भैरहेकी छिन् । दुइ वटा छोराछोरीलाई पालनपोषण गर्दै हालसम्म पनि उनी संघर्ष गरिरहेकी छिन् । दैव दाहिने भए पछि आफ्ना पनि दिन फर्किने विश्वस्त हुदैँ उनी आजसम्मम पनि दुखकादिन काटि रहेकी छिन् ।

# अध्याय : छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

नेपाल शदियौं देखी पितृ सत्तात्मकमा हुर्किदैँ आएको हुनाले सम्पुर्ण महिलाले शोषण, दमन, यातना र हिंसाजन्य पिडाहरुलाई भोग्दै र सहदैं आइरहेका छन् । महिलाहरुको बाध्यता र विवशताले गर्दा पनि महिला हिंसाको अन्त्य हुन सकेको छैन । यसैले महिला हक हित र अधिकारको सुनिश्चितता कानुनमा उल्लेख मात्र नगरी व्यवहारमा लागु गर्नै पर्छ । अनि मात्र सभ्य र सुसुचित समाजको निर्माण हुन सक्छ । कानुन बन्नुपर्छ तर कानुन बन्नु मात्र पर्याप्त हुदैंन जबसम्म त्यो कानुनको कार्यान्वयन हुदैंन । आज महिला र पुरुष विच भइरहेको दुरीको खाडल मेट्दै महिला भएको कारणले भोग्नुपरेको हिंसाको उन्मुलन गर्दै विकासको मुल प्रवाहमा महिलाको सहभागिता गराउनै पर्छ । अनि मात्र एउटा सभ्य समाजको कल्पना गर्न सकिन्छ ।

यसैले महिला माथि भएको हिंसा शारीरिक यातना मात्र होइन, मानसिक, धार्मिक, कानुनी रुपमा भएको यातनालाई पनि महिला माथिको हिंसा मान्नुपर्ने हुन्छ । खास गरी महिलाहरु कस्तो हिंसाबाट पीडित हुने गरेका छन् । उनीहरुको सामाजिक, आर्थिक पृष्ठभुमि कस्तो रहेको छ , उनीहरुले भोगेको हिंसाको प्रकार कारण र हिंस सहनुको कारण आदिलाई यस अध्ययनलाई उल्लेख गरिएको छ । अध्ययनसंग सम्बन्धित विभिन्न पत्रपत्रिका पुस्तक, प्रकाशित लेख, रचना विद्वानहरुको भनाई कानुनी प्रावधान आदिबारे अध्ययनका क्रममा प्रस्तुत गरिएको छ ।

अध्ययनको लागि नवलपुर जिल्ला कावासोती नगरपालिका वडा नं. १ चाँदनी टोल नयाँ गाउँलाई मात्र लिएको छ । यस अध्ययनका क्रममा आवश्यक तथ्य संकलनका लागि प्राथमिक तथा द्वितीय तथ्यांकको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा समय, अर्थको सिमा जस्ता कारणले गर्दा सीमित क्षेत्र भित्र पनि सबै महिलालाई समेट्न सकिएको छैन । कुल ८० घरधुरी मध्ये २४ परिवारका १/१ जना महिलालाई गोला प्रथाद्वारा उत्तरदाताको रुपमा छनौट गरिएको छ । यस अध्ययनमा उत्तरदाता महिलाहरुको पारिवारिक जनसंख्या सामाजिक आर्थिक

पृष्ठभुमि। हिंसाको कारण, हिंसा सहनुको कारण र हिंसाले के कस्तो असर पारिरहेको छ आदिबारे जानकारी लिइएको छ । जसमा अधिकांश उत्तरदाता महिलाहरु २० देखी ४० वर्ष उमेर समुहका रहेका छन् भने कोहि २० वर्ष मुनिका र कोहि ६० वर्ष उमेर समुहका पनि छन् ।

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरु एकात्मक र संयुक्त परिवारमा रहदैं आएका छन् । अधिकांश उत्तरदाता महिलाहरु विवाहित, केहि विद्यार्थी र केहि विधवा महिला रहेका छन् । जातिगत रुपमा हेर्दा अधिक महिलाहरु ब्राह्मण र अनय क्षेत्री, नेवार, भुजेल, तामाङ र दलित रहेका छन् । समग्र उत्तरदाता महिलाहरुमध्ये धेरैजसोले विद्यालय स्तरका पढाई पुरा गरेका छन् भने यस पछिको क्रममा निरक्षर महिलाको संख्या रहेको छ । यसपछि क्याम्पस पढ्ने महिलाको संख्या रहेका छन् । यस पछि भने सामान्य शिक्षित महिलाहरु रहेका छन् ।

अधिक प्रतिशत उत्तरदाताका परिवारमा जागिर र कृषि पेशा अवलम्बन गरेका छन् भने केहि व्यापार, वैदेशिक रोजगार र पुर्ख्यौली पेशामा संलग्न रहेका छन् । अधिकांश उत्तरदाता महिलाहरु घरमै बस्ने, चुलोचौका, घाँसदाउरा, पानी पँधेरा गरी गृहिणीको रुपमा रहेका छन् भने कम प्रतिशत महिला व्यापार, शिपमुलक पेशा, जागिर र पढाइलेखाइ जस्ता कार्यमा संलग्न रहेका छन् । महिलाप्रतिको रुढिवादी धारणा र महिनावारी जस्ता सामाजिक/सांस्कृतिक अन्धविश्वासका कारण हुने हिंसामा कुल ९ जना हिंसा पीडित मध्ये शतप्रतिशत नै पीडित बनेका छन् । तसर्थ सामाजिक मनोवैज्ञानिक व्याख्याका आधारमा हेर्दा बहुसंख्यक महिलाहरु पुरुषको मनोविज्ञान तथा विद्यमान सामाजिक मनोवैज्ञानिक व्याख्याको सिद्धान्त यस अध्ययनमा पुष्टि भएको छ ।

प्रस्तुत अध्ययनमा अधिकांश महिलामाथि हुने हिंसाका घटना लोग्नेबाट हुने गरेको र परिवारका अन्य सदस्य सासु, ससुरा, नन्द र देवर आदिबाट हुने गरेको पाइएको छ भने विधवा महिला परिवार साथै समाजबाट हिंसा पीडित (अपहेलित) बनेको पाइन्छ । उत्तरदाता महिलाहरु माथि शारीरिक र मानसिक दुवै प्रकारका घटना भएको, गालीगलौज, अपमानजनक व्यवहार, गर्भपतन/गर्भ अस्वीकार, हिँडडुलमा प्रतिबन्ध लगाउने, रुप र सौन्दर्यको खोट लगाउने जस्ता हिंसा भएको पाइएको छ ।

समग्र उत्तरदाता माथि जाँडरक्सी सेवनका कारण हिंसा हुने गरेको, त्यस्तै बहुविवाह गरिबी तथा आर्थिक कारण, अशिक्षा, गर्भपतनका कारण हिंसा पीडित बनेका थिए । अधिक महिलाले श्रीमान्को दबाबले गर्दा हिंसा सहेको, त्यसैगरी केहि आफ्नो आयआर्जनको बाटो नभएकोले, घरबाट निकालिने डरले र केहि महिलाहरु बच्चाको भविष्यका लागि पनि हिंसा सहनु बाहेकको विकल्प नभएको पाइएको छ ।

त्यसै गरी यस अध्ययनबाट सम्पत्तिमाथिको स्वामित्व हुने महिलाहरु हिंसाबाट कम पीडित भएको प्रकाशमा आएको छ । जसबाट आर्थिक असमानताका कारण पनि महिलाहरु हिंसा सहन बाध्य भैरहेको निष्कर्ष निकाल्न सकिन्छ । यस आधारबाट हेर्दा मार्क्सवादी महिलावादी सिद्धान्तका आधारमा पनि यो अध्ययनलाई प्रमाणित गर्न सकिन्छ । यसरी महिलामाथि भएको हिंसाका कारण शारीरिक र मानसिक दुवै किसिमको असर पर्न गएको पाइएको छ । अधिक महिलाहरुमाथि कुटपिटका कारण अनुहारमा निलडाम, शरीरमा मुक्का हानिएको जस्ता असर पर्न गएको पाइएको छ । केहि महिलाहरुले समाज र संस्कृतिअनुसार चल्नुपर्ने बाध्यताले पनि हिंसा सहेको पाइएको छ ।

कानुनी चेतनाको अभाव, प्रभावकारी रुपमा उपचार पाइन्छ भन्ने विश्वासको अभाव, अन्याय सहेर बस्नुपर्ने सामाजिक मान्यता, पितृसत्तात्मक सामाजिक संरचना, सरल र सुलभ रुपमा उपचार प्राप्त नहुने अवस्था आदि जस्ता कारणहरुले गर्दा महिलाबाट आफुमाथि भएका हिंसालाई सहेर बस्ने गरेको धारणा हिंसा पीडित महिलालाई सहयोग गर्ने संस्थाका सम्बन्धीत व्यक्तिहरुको रहेको पाईयो ।

उत्तरदाताहरुमध्ये सबैभन्दा बढी  सबैभन्दा धेरै २१-५० वर्ष उमेर समुहका महिलाहरु बढि घरेलुहिंसामा परेको देखियो । यसो हुनुको कारण विशेष गरी यो उमेर समुहका महिलाहरु विवाह भएर श्रीमानको घरमा जानुपर्ने, घरपरिवारमा सासु, ससुरा, श्रीमान् जस्ता व्यक्तिको निगरानीमा रहनुपर्ने आदि देखियो । त्यसैगरी परिवारको तुलनामा एकल परिवारमा भन्दा संयुक्त परिवारमा बढी हिंसा हुने गरेको तथ्य भेटियो । जसको कारणले संयुक्त परिवारमा सासु, ससुरा, देवर, जेठाजु, र तिनीहरुको परिवार पनि बस्ने गरेकाले आफुले सोचेजस्तो नहुने, सबैको निगरानीमा रहनुपर्ने आदि भेटियो ।

त्यसै गरी बैवाहिक स्थितीबाट महिला हिंसाको विश्लेषण गर्दा सबैभन्दा बढी विवाहित महिला ६ जना (६६.६७ प्रतिशत) भेटियो भने त्यसपछि क्रमशः विधुवा र अविवाहित महिला भेटियो । त्यसो हुनुमा विवाहित महिलाहरु घरपरिवारको निगरानीमा रहनुपर्ने, श्रीमान्‌ले रक्सी सेवन गरी कुटपिट गर्ने आदि कारण रहेको भेटियो । जातिगत रुपमा हेर्दा ब्राह्मण र क्षेत्री जाति विशेषमा बढी महिला हिंसा हुने गरेको भेटियो । यसो हुनुको मुख्यकारण त्यस्ता समाजमा परम्परागत सोच बढी रहेको पाईयो ।

श्रीमान्‌हरुको शैक्षिक स्थितिलाई विश्लेषण गर्ने हो भने शिक्षित श्रीमान्‌हरुबाट नै बढी महिला हिंसा हुने गरेको भेटियो । किनभने उनीहरु रोजगारीका लागि अन्यन्त्र जानुपर्ने जहाँ जादाँ उनीहरुले अर्कैतिर लाग्ने अथवा घरमा श्रीमतीलाई अर्कैसंग लागेको जस्तो आरोप लगाउने गरेको भटियो भने महिलाको शैक्षिक स्थितिको कुरा गर्दा शिक्षित महिला भन्दा अशिक्षित महिला घरेलुहिंसामा परेको भेटियो । यसो हुनुको कारण उनीहरुमा चेतनाको कमी, उजुरी गर्ने ठाँउको बारेमा थाहा नहुनु, घरको सानो सानो आर्थिक कारोबार पनि श्रीमान्‌कै मुख ताक्नुपर्ने आदि कारणले गर्दा बढी भएको पाइन्छ । भने अझै पनि सम्पत्तिको स्वामित्व महिला भन्दा पुरुषमा नै बढि रहेको भेटियो । यसो हुनुले समाज अझै पनि पुरुषप्रधान सोचमा नै छ भन्न सकिन्छ । अर्को तर्फ हिंसाको प्रकृति हेर्नेहो भने कुटपिट गर्ने, गाली गलौज गर्ने, अभद्र व्यवहार गर्ने, यौन हिंसा गर्न खोज्ने, घर बाहिर हिडँडुल गर्न रोक लगाउने आदि भेटियो जुन श्रीमानले भन्दा पनि बढि सासुससुराले बढी प्रतिबन्ध गरेको भेटियो । त्यसैगरी यसरी हिंसाहुनेको कारणहरुमा जाँडरक्सीको सेवन जुन सबै भन्दा बढी ५५.५६ प्रतिशत रहेको छ भने अन्य कारणहरुमा गरीबी, दाइजो, अशिक्षा, समाज, संस्कृति, परम्परा आदि रहेको भेटियो ।

यसरी समाजमा महिला हिंसा बढेपनि महिला स्वयंम आफैले सहेर बस्नुपर्ने बाध्यता रहेको बताउँछन् । जसका कारणहरुमा अन्य आयआर्जनको बाटो नहुनु मुख्य रह्यो । जुन ४४.४४ प्रतिशत रहेको छ भने अन्य कारणहरु घरपरिवार तथा माइती पक्षको इज्जत, अशिक्षा, घरबाट निकालिने डर, उजुरी गर्ने ठाँउको बारेमा थाहा नहुनु, बच्चाहरुको भविष्यको डर रहनु आदि भेटियो । भने यसरी हिंसा हुदाँ उनीहरुमा विभिन्न किसिमको असरहरु परेको पनि भेटियो । जसमा सबैभन्दा बढी मनमा पीर पर्ने २९.१७ प्रतिशत रहेको छ भने त्यस पछि

समाजमा अशान्ति फैलने, समाजको विकासमा बाधा पर्ने, घरझगडा हुने, छोराछोरी विद्यालय जान नपाएको आदि रहेको छ ।

यसरी हिंसामा परेको महिलाहरु स्वयंम सचेत नै छन् । जसका अनुसार समाजमा रहेका यस्ता हिंसाहरुलाई व्यवस्थापन गर्न सकिन्छ भन्ने विश्वास रहेको पाइयो । जसमा शिक्षामा पर्याप्तता दिएर भन्नेमा सबैभन्दा बढी अर्थात् ३७.५ प्रतिशत, रोजगारीको अवसर प्रदान गरेर भन्नेमा १६.६७ प्रतिशत, परम्परा मुल्यमान्यतामा सुधार ऐन कानुनमा प्रभावकारी कार्यान्वयन र महिलाको सहभागितामा वृद्धि गरेर भन्नेमा १२.५ प्रतिशत र चेतनाको वृद्धि गरेर भन्नेमा ८.३३ प्रतिशत रहेको पाइयो ।

महिला विरुद्धको हिंसा मानव विरुद्धको हिंसा हो । यस्तो हिंसाको विरोध गरौं, दण्डहिनताको अन्त्य गरौं भनेर आवाज उठाउन थालेको धेरै समय भइसकेको छ । विश्वभरिका महिलाहरुविच हुने विभिन्न हिंसा तथा भेदभावहरु कसरी निर्मुल गर्न सकिन्छ भन्ने सम्बन्धमा विभिन्न समयमा विश्व महिला सम्मेलनहरु भइ सकेका छन् । तर पनि यो समस्या कुनै एउटा देशमा र राष्ट्रमा मात्र सिमित नरहि विश्वभरि नै मुख्य समस्याको रुपमा देखापरेको छ ।

## ६.२ निष्कर्ष

घरेलु हिंसा र नेपाली महिलाको अवस्थाको बारेमा भन्नु पर्दा पहिलेको तुलनामा केहि कमि आएको छ तर पनि कतिपय समाजमा यसको प्रभाव अझै पनि रहेको छ । कानुनी आधारको बारेमा महिलालाई खासै जानकारी नहुनु, परम्परागत सोचविचारको शिकार हुनु, मुल्यमान्यताको समाजमा गहिरो प्रभाव रहनु, समाज अझै पनि पुरुषवादि सोचमा अगाडि बढ्नु आदि जस्ता कारणले समाजबाट महिला हिंसालाई सोचेअनुसार निर्मुल पार्न सकिएको छैन । समाज विकासको बाधकको रुपमा रहेको महिला हिंसा सैद्धान्तिक भन्दा व्यवहारिक शिक्षामा जोड दिने, महिलालाई व्यवसाहिक मुखि तालिमको व्यवस्था गर्ने, कडा कानुनको व्यवस्था गर्ने, भएका कानुनहरुलाई व्यवहारमा ल्याउने जस्ता कार्यहरुबाट यसलाई समाजबाट बिस्तारै निर्मुल पार्न सकिन्छ । भने अर्को तर्फ महिलाहरु पनि स्वयम् सचेत रहि अगाडी बढ्नु पर्ने हुन्छ ।

## सन्दर्भ साममग्री


अधिकारी, कृष्ण (२००७) *असी प्रतिशत महिला दैनिक कुटिन्छन्, गोरखापत्र दैनिक, गोरदापत्र पब्लिकेसन ।*

अधिकारी, वसन्तराज (२०६९) *महिला अधिकार, घरेलु हिंसाको परिचय, यसको प्रभाव र असरः एक चर्चा, राष्ट्रिय महिला आयोग, काठमाडौँ ।*

अन्नपूर्ण दैनिक (२०६३) *पत्नी र छोरीको हत्या,* अन्नपूर्ण पोस्ट, १ माघ, काठमाडौँ ।

अन्नपूर्ण पोष्ट, (२०७६) सम्पादकिय, २२ बैशाख ।

अन्सारी, मोहना (२०६९) *महिला अधिकार, लैङ्गिक हिंसा संबोधन गर्न वर्तमान कानुनी व्यवस्था तथा महिला हिंसाको चुनौती र निदान,* राष्ट्रिय महिला आयोग, काठमाडौँ ।

अर्याल भोजेन्द्र (२०६३) *बेइजिङ्ग सम्मेलनको घाषणा,* लैङ्गिक अध्ययन, काटमाडौँ ।

अर्याल यमुना (२०६४) *महिला हिंसाको कारक पितृसत्ता,* नेपाल समाचार पत्र दैनिक, ११ पुष, काठमाडौँ ।

आचार्य, बलराम (२०६७) *लैङ्गिक र महिलावादी अध्ययन,* नेसनल बुक सेन्टर, काठमाडौँ ।

आरजु राणा देउवा (२०७५) कान्तिपुर दैनिक, १९ भदौ।

उषा किरण तिम्सेना, कान्तिपुर दैनिक १५ मंसिर २०७५ ।

कानुन किताब व्यवस्था समिति (२०६३) *नेपालको संविधान,* काठमाडौँ ।

कानुन किताब व्यवस्था समिति (२०६७) *घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ र नियमावली, २०६७,* काठमाडौँ ।

कान्तिपुर दैनिक (२०७५) सम्भव छ बलात्कारको अन्त्य, कान्तिपुर पब्लिकेसन, १९ भदौ, काठमाडौँ ।

कान्तिपुर दैनिक (२०७५) *को हुन् महिला ?,* कान्तिपुर पब्लिकेसन, १२ मङ्सिर, काठमाडौँ ।

चितवन पोष्ट (२०७५) *: बलात्कारीलाई कडा कानुन,* १५ माघ, चितवन ।

घिमिरे, दिनेश (२०६०) *छोरी बढे बिग्रिन्छ भन्ने कसाइ गाउँमा १४ वर्ष नपुग्दै विहे गरिन्छ,* कान्तिपुर दैनिक, कान्तिपुर पब्लिकेसन, १४ फाल्गुण काठमाडौँ ।

घोरासाइने, गोकुल (२०६४) *बोक्सीको आरेपमा दिसा खुवाइयो,* नेपाल समाचारपत्र दैनिक, २० फागुन, काठमाडौँ ।

*जिल्ला वस्तुगत विवरण (२०६३/६४)* शाखा तथ्यांक कार्यालय, उदयपुर ।

ढुङ्गाना, मिरा (२०७५) *महिला अधिकार, घरेलु हिंसा कसुर सजाय विधेयक,* राष्ट्रिय महिला आयोग, काठमाडौँ ।

थापा, नैनकला र सपना प्रधान (२०७५) *महिला अधिकार, राष्ट्रिय महिला आयोग,* काठमाडौँ ।

थापा, सरजराज (२०७५) *महिला अधिकार, महिला विरूद्ध हुने हिंसा नियन्त्रण,* राष्ट्रिय महिला आयोग, काठमाडौँ ।

थापा सरजराज (२०७३)*महिला अधिकार, राष्ट्रिय महिला आयोग, नेपालमा महिला विरूद्ध हुने हिंसा र कानुनी पक्ष,* काठमाडौँ ।

नयाँ पत्रिका दैनिक (२०६४) *दाइजो नदिएको झोकमा श्रीमतीको हत्या,* १६ चैत्र, काठमाडौँ ।

नेपाल समाचारपत्र दैनिक (२०६४) *पूर्व उपसभापतिद्वारा श्रीमतीको हत्या,* २६ अश्विन, काठमाडौँ ।

पन्त, रामेश्वरी (२०७०) *महिलाबाटै सुरु हुन्छ घरेलु हिंसा,* कान्तिपुर पब्लिकेसन, २५ मंसिर, काठमाडौँ ।

पौडेल गोपिचन्द्र(२०७६) *खरिदार परिक्षा दिग्दर्शन* कस्मिक पब्लिकेशन प्रा. लि.

बोहरा, रामेश्वर (२००७) *अधिकांश सहरी क्षेत्रका महिला पनि पीडित,* राजधानी दैनिक, १९ मार्च, काठमाडौँ ।

भण्डारी, रेणुराज र पार्वती, बस्नेत (२०६५) *नेपालमा महिला आन्दोलन इतिहास वर्तमान र चुनौती* गोरखापत्र दैनिक, गोरखापत्र पब्लिकसन, २५ फागुन, काठमाडौँ ।

भुसाल, विष्णुमाया (२०६२) *कानुन व्यवसायमा लागेका महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था,* मानविकी तथा समाजशास्त्र संकाय (अप्रकाशित स्नातकोत्तर शोधपत्र), पाटन बहुमुखी क्याम्पस, ललितपुर ।

*महिला अधिकार (२०७२)* राष्ट्रिय महिला आयोग, काठमाडौँ ।

*राष्ट्रिय जनगणना (२०५८)* केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौँ ।

*राष्ट्रिय जनगणना (२०६८)* केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौँ ।

*राष्ट्रिय महिला आयोग वार्षिक प्रतिवेदन, (२०७३/७४),* काठमाडौँ ।

रोका, हरि (२०६५) *सभासद संविधान सभा, महिला अधिकार वर्तमानमा महिलाको स्थिति,* राष्ट्रिय महिला आयोग, फागुन, काठमाडौँ ।

स्पेसटाइम दैनिक (२०६०) *भैंसीसँग छोरी साट्ने बाबु,* स्पेसटाइम पब्लिकेसन, १९ फागुन, काठमाडौँ ।

Celine, Sunny (2005) *A situational analysis of domestic violence against women in Kerala, department of women and child, ministry of human resource development, government of India*

*Dorothy, E.Smith (2005) Institutional Ethnography, Altamira press,UK.*

*European commission (2016) Domestic violence against women, Brussels, Belgium.*

*Koffi, Annfn (2064)Conflict and violence against women legal aid consultancy center Lalitpur.*

*Lenn, Bennet (1983) Dangerous wives and sacred sister: social and symbolic roles of high caste woman.*

*Mary, Barnish (2004) Domestic violance: A literature review, Ashley House, London.*

*National Population Census (2012) Household and population by sex ward level, central bureau of statistics, Kathmandu.*

*National population and housing census 2011 (2012) (Village development committee/municipality) central bureau of statics, Kathmandu.*

*Prtricia, Hills collins (2000) Black feminist thought, Taylor and Francis group ILC, US.*

*Ritzer, G. and Goodman, D.J. (2004) Sociological theory, sixth edition, Columbus, OH:mcGraw Hill.*

*Suzanne, Swan, Laura Gambone and Alice fields (2005) Technical report for empirical examination of a theory of woman's use of violence in intimate relationship, U.S Department of justice.*

*Tamang, jyostna (2009) Domestic violence in nepal, Social inclusion research fund, SNU, Nepal.*

World Health Organization (2001) PUTTING WOMEN FRIST, Department of gender and women's health, Switzerland.

www.ddckhotang.gov.np.

www.homeoffice.gov.uk/justice/probation/inspprob/index.html.

www.nwc.gov.np.

www.ujaloonline.com.np.

www.un.org.np/resources/maps/2011

## परिशिष्ट १

# घरधुरी सर्वेक्षणका लागि तयार पारिएको प्रश्नावली

१. घरधुरी संख्या

२. उत्तरदाताको पूरा नामः

लिङ्ग : वैवाहिक स्थिति : (विवाहित, अविवाहित, माइत बसेको, विधवा)

उमेर : प्रमुख व्यवसाय/पेसा : धर्म :

शिक्षा : क) साक्षर ख) निरक्षर

३. पारिवारिक विवरण

| उत्तरदातासँगको सम्बन्ध | नाम | उमेर | लिङ्ग | पेसा | वैवाहिक स्थिति | शिक्षा |
|---|---|---|---|---|---|---|
| श्रीमान् | | | | | | |
| सौता | | | | | | |
| छोरा | | | | | | |
| छोरी | | | | | | |
| सासू/आमा | | | | | | |
| ससुरा/बाबु | | | | | | |
| अन्य | | | | | | |

४. तपाईंले कतिसम्म पढ्नु भएको छ ?

..............................................................

५. तपाईंले नपढ्नाको कारण के थियो ?

.............................................................

६. तपाईंको विचारमा छोरीलाई पढाउनु आवश्यक छ कि छैन ?

क) छ ख) छैन

७. छारीलाई कतिसम्म पढाउन चाहनुहुन्छ ?

क) प्राथमिक ख) माध्यमिक ग) उच्च शिक्षा

८. छोरीलाई पढ्न नपठाउननुको कारण के होला ?

क) घरमा काम गर्ने मानिसको अभाव भएकोले

ख) विवाह गरी अर्काको घर जाने भएकोले

ग) आर्थिक अभाव भएकोले

घ) अन्य ........................

९. विवाह कुन उमेरमा गर्नु भएको थियो ?

..................................................

१०. तपाइँ घरधन्धा बाहेक अरु कुनै पेसामा संलग्न हुनु हुन्छ ?

क) कृषि ख) व्यापार ग) मजदुर

घ) ज्यालादारी ङ) सेवा च) अन्य............

११. तपाइँको श्रीमान्ले के काम गर्नु हुन्छ ?

..........................................................

१२. तपाइँको आम्दानीको मुख्य स्रोत के हो ?

........................................................

१३. फुर्सदको समायमा के काम गर्नु हुन्छ ?

.......................................................

१४. तपाईको एकाघरको सम्पत्ति कति छ ?

.......................................................

१५. तपाईका नाममा कुनै सम्पत्त छ कि छैन ?

क) छ ख) छैन

१६. छ भने के के छ ?

....................................................

१७. छैन भने ककसका नाममा छ ?

……………………………………………………………………

१८. तपाईंका नाममा चाहिँ किन सम्पत्ति नराखिएको होला ?

……………………………………………………………………

२०. घर चलाउने काम चाहिँ कसले गर्छ ?

……………………………………………………………………………………

२१. घर चलाउन श्रीमान्को सहयोग कत्तिको पाउने गर्नु भएको छ ?

……………………………………………………………………………………

२२. घर बाहिरका सामाजिक कार्यहरुमा को सहभागी हुने गरेको छ ?

……………………………………………………………………………

२३. त्यस्ता कार्यहरुमा तपाईंको सहभागिता हुन्छ कि हुँदैन ?

……………………………………………………………………………

२४. हुँदैन भने किन हुँदैन ?

…………………………………………………………

२५. घरबाहिर जान कत्तिको मन लाग्छ ?

……………………………………………………………

२६. घरबाहिर निस्कनबाट कसले अवरोध पुर्‍याउँछ ?

…………………………………………………

२७. धर्मकर्ममा कत्तिको विश्वास छ ?

…………………………………………………………

२८. धर्ममा ककसको सक्रिय सहभागिता रहन्छ ?

…………………………………………

२९. ब्रत बस्ने गर्नु हुन्छ कि हुन्न ?

क) बस्छु ख) बस्दिन

३०. घरका मुख्य पूजाआजामा कर्ता भएर को बस्ने गर्छ ?

.......................................................................

३१. तपाईंसँगै तपाईंका श्रीमान् मन्दिर जाने गर्नुहुन्छ ?

............................................

३२. राजनीति के हो थाहा छ ?

...................................................................

३३. तपाईलाई राजनीति गर्न मन लाग्छ कि लाग्दैन?

...........................................................................

३४. तपाईंको घरबाट राजनीतिमा को बढी सहभागी हुन्छ ?

.............................................................................

३५. तपाईंलाई राजनीतिमा किन पछि पारिएको होला ?

.........................................................................................

३६. घरायसी काम परिवारमा कुन कुन सदस्यबाट हुने गरेका छन् ?

क)..................... ख)..........................

ग)....................... घ)............................

३७. तपाईंको समुदायमा महिलाहरू बढी जसो कुन पेसामा संलग्न छन् ?

..............................................................................

३८. तपाईं आफूलाईं चाहिँ के काम गर्न पाए हुन्थ्यो जस्तो लाग्छ ?

............................................................................

३९. तपाईंको श्रीमान्को तपाईंप्रतिको व्यवहा ो छ ?

क) राम्रो ख) नराम्रो ग) ठीकै

४०. परिवारमा तपाईंले कस्तो किसिमको समस्या भोग्नु भएको छ ?

..........................................................................................

४१. के तपाईंले तपाईंको घर र वरिपरि महिलामाथि हुने गरेको घरेलु हिंसाको बारेमा सुन्नु भएको छ ?

क) छ 　　　　 ख) छैन

४२. यदि छ भने कस्ता खालका हिंसा हुने गरेका छन् ?

क)...................... 　　　　 ख)............................

ग)...................... 　　　　 घ).............................

४३. तपाईंको घरमा कस्तो वातावरण रहेको छ ?

..........................................................................................

४४. परिवारमा के कति कारणले झगडाको स्थिति उत्पन्न हुने गरेका छन् ?

..........................................................................

४५. झगडा हुने भए ती कसका कारणबाट हुने गरेका छन् ?

..........................................................

४६. तपाईले घरेलु हिंसाबारे सुन्नु भएको छ ?

..............................................................

४७. के तपाईंले कुनै हिंसाको स्वरुप देख्नु भएको छ ?

क) देखेकी छु 　　 ख) देखेकी छैन

४८. तपाईंमाथि चाहिँ यस्तो हिंसा भएको छ कि छैन ?

क) भएको छ 　　 ख) भएको छैन

४९. तपाईंप्रति भएको हिंसा के तपाईको श्रीमान्‌बाट मात्र गरिएको छ ?

क) श्रीमानबाट मात्र भएको छ 　　 ख) अरुबाट पनि भएको छ

५०. यदि श्रीमानबाट मात्र हिंसा भएको छैन भने तपाई परिवारका कुन कुन सदस्यबाट हिंसा सहनु भएको छ?

क)........................... ख)................................

ग)......................... घ)................................

५१. तपाईकी सासू हुनुहुन्छ ?

क) हुनुहन्छ ख) हुनुहुन्न

५२. हुनुहुन्छ भने वहाँले तपाईंप्रति कस्तो व्यवहार गर्नुहुन्छ ?

क) गाली गर्ने ख) माया गर्ने

ग) कुटपिट गर्ने घ) खानपिन नदिने ङ) माथिका सबै

५३. ससुराको व्यवहार चाहिँ कस्तो पाउनु भएको छ ?

क).......................... ख).........................

५४. तपाईंको श्रीमान् जाँड रक्सी खानु हुन्छ ?

क) खानु हुन्छ ख) खानु हुन्न

५५. जाँड रक्सी खाएपछि कस्तो व्यवहार गर्नु हुन्छ ?

क) चुप लागेर सुत्ने ख) कुटपिट गर्ने ग) हल्ला गर्ने घ) अन्य....................

५६. माइतीबाट कस्तो सहयोग पाउनु भएको छ ?

..................................................................

५७. घरको काममा तपाईंलाई कत्तिको सहयोग हुन्छ ?

क) सहयोग हुन्छ ख) सहयोग हुँदैन

५८. महिनावारी भएको वेला तपाईंलाई घर परिवारले कस्तो व्यवहार गर्छन् ?

क) आराम गर्न दिन्छन् काममा लगाउँछन्

ग) खानपिन दिँदैनन् सुत्ने ठाउँको उचित व्यवस्था गर्दैनन्

५९. तपाईंले हिंसा सहनु भएको छ भने कस्तो प्रकारको हिंसा सहनु भएको छ ?

क) शारीरिक यातना ख) मानसिक यातना

ग) दाइजोको कारणबाट घर निकाला घ) अपशब्द

ङ) अन्य....................

६०. तपाईंको समाजमा महिलामाथि हुने घरेलु हिंसा कस्ता किसिमका छन् ?

क) मौखिक रूपमा झगडा ख) यौन दुर्व्यवहार

ग) दाइजोको कारणले हुने दुर्व्यवहार घ) समान कार्यमा असमान ज्याला

ङ) बलात्कार च) बालविवाह

छ) बहुविवाह ज) जिस्काउने/खिज्याउने/पिरोल्ने

झ) वैवाहिक बलात्कार ञ) चेलीबेटी बेचबिखन

ट) बोक्सीको आरोप ठ)......................

६१. तपाईंप्रति गरिने हिंसात्मक व्यवहार घरबाट बाहिर जाँदाआउँदा प्रायः कसले देखाउँछ ?

क) श्रीमान् ख) सासु ग) ससुरा

घ) देवर ङ) नन्द च) अरु.......................

६२. खास तपाईप्रति गरिने घरेलु हिंसा कुन बेला देखाइन्छ ?

क) रक्सी सेवन गरेपछि ख) म्चगनक लिएपछि

ग) जुवा तास खेलेपछि घ) अन्य कुनै......

६३. तपाईंमा हिंसाको प्रभाव कस्तो परेको छ ?

..........................................................................................

६४. हिंसाले समाजमा के कस्ता असरहरु पुऱ्याएको छ जस्तो लाग्छ यहाँलाई ?

........................................................ ......................................

६५. तपाईप्रति भएको हिंसा सम्बन्धमा तपाईले कुनै निकायलाई जानकारी दिनु भएको छ ?

क) छ ख)छैन

६६. यदि छैन भने किन?

क) आफ्नो इज्जत जाने डर　　　　ख) समाजबाट निकालिने डर

ग) घरबाट निकालिने डर　　　　घ) अन्य

६७.तपाईको छिमेकमा कस्तो हिंसात्मक घटना भएको सुन्नु भएको छ ?

.........................................................................................

६८. के यस्तो हिंसा गर्ने कानुनी अधिकार छ ?

क) छ　　　ख) छैन　　　ग) थाहा छैन

६९. त्यस्तो हिंसालाई कसरी नियन्त्रण गर्न सकिन्छ जस्तो लाग्छ ?

.............................................................................

७०. घरेलु हिंसाबाट पीडित महिलालाई सुरक्षा गर्ने कुनै सङ्गठन छ ?

क) छ　　　ख) छैन

७१. यदि छ भने कहाँ र कुन सङ्गठन हो ?

.................................................................

७२. तपाईं बसेको ठाउँमा घरेलु हिंसा घटाउन कुनै संघ संस्थाले सहयोग गरेको छन् ?

क) छन्　　　ख) छैनन्

७३. महिला माथि गरिएको घरेलु हिंसा रोक्न सम्भाव्य उपाय के हो त?

...................................................................................

७४. तपाईको विचारमा हिंसाका कारणहरु के के हुन?

क) ...........................　　ख)　　..............

ग) .............................　　घ) ...............................

७५. घरेलु हिंसा सम्बन्धी घटनाहरुको विवरण दिन महिलाहरुलाई के कुराले रोकेको छ ?

क) शिक्षाको कमी र अस्विकार　　　　ख) सामाजिक दबाब

ग) आर्थिक कारण　　　　घ) पुरुष दबाब

ङ) संस्कृति र परम्परा

७६. महिलाप्रति गरिएका हिंसात्मक घटना हटाउन कुन कुन पक्षमा सुधार गर्नुपर्ला ?

क) .............................　　　ख) .............................